सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com


२० पुस २०८२, आइतबार (4 Jan 2026, Sunday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २५५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

भेनेजुएलामा अमेरिकी हमला

राष्ट्रपति मदुरो कब्जामा

न्युयोर्कमा लागुऔषधलगायत मुद्दा चलाउने तयारी





अमेरिकी सेनाले नियन्त्रमा लिएका भेनेजुएलाका राष्ट्रपति निकोलस मदुरो युएसएस आइडब्लुओ जिमा जहाजभित्र । तस्बिर : डोनाल्ड ट्रम्पको ट्रुथसोसलबाट

स्थानीय समयअनुसार शनिबार बिहान २ बजेदेखि काराकासवरिपरि अमेरिकी सैनिकले भीषण हमला गरेका थिए । भेनेजुएलाका मिरान्डा, आरागुआ र ला ग्वाइरा राज्य तथा कतिपय सैन्य बेसमा हमला भएको थियो ।

● मदुरोले भन्दै आएका थिए-

पृथ्वीको सबैभन्दा ठुलो तेल भण्डार भेनेजुएलामा रहेका कारण त्यसमा आँखा गाडेर अमेरिकाले मलाई सत्ताच्युत गर्न खोजेको छ

३७ वर्षअघिको यस्तै घटना

अहिले भेनेजुएलामाथि हमला गरेर मदुरोलाई नियन्त्रणमा लिएजस्तै अमेरिकाले १७ डिसेम्बर १९८९ मा पनामामाथि आक्रमण गरी राष्ट्रपति म्यानुएल नोरेगालाई लागुऔषध तस्करीकै अभियोगमा नियन्त्रणमा लिएको थियो

मेक्सिको, रुस, इरान, क्युबालगायतले गरे कडा विरोध

पर्शुराम काफ्ले / नयाँ पत्रिका

अमेरिकाले संयुक्त राष्ट्रसंघको सदस्यराष्ट्र ल्याटिन अमेरिकी मुलुक भेनेजुएलाको राजधानी काराकासमा भीषण हमला गरी राष्ट्रपति निकोलस मदुरो र उनकी पत्नी सिलिया फ्लोरेसलाई पक्राउ गरेको छ । उनीहरूलाई न्युयोर्क लगेर लागुऔषध तस्करीलगायतका मुद्दा लगाउने अमेरिकाको तयारी छ । भेनेजुएलाले हमलाको निन्दा गर्दै संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्मा घटनाबारे छलफल गर्न आह्वान गरेको छ भने शक्तिको आडमा एक सार्वभौम राष्ट्रका प्रमुखलाई पक्राउ गरिएको भन्दै विश्वका कैयौं मुलुकले घटनाको

» पृष्ठ २ मा क्रमशः

अमेरिका-भेनेजुएला विवाद शृंखला

१७ जनवरी २०२५ : विवादित चुनावपछि मदुरोले तेस्रो कार्यकालका लागि शपथ लिए । अमेरिकाले धाँधलीको आरोप दोहोऱ्याउँदै चुनावी नतिजालाई अस्वीकार गऱ्यो ।

जनवरी : ट्रम्प अमेरिकी सत्तामा फर्किएपछि अमेरिकामा बसोबास गर्ने करिब ६ लाख भेनेजुएलालीलाई देश निकाला ।

२० फेब्रुअरी : ट्रम्प प्रशासनले भेनेजुएलाको ट्रेन डे अरागुआ गिरोहलाई 'विदेशी आतंकवादी संगठन'को संज्ञा दियो । ट्रेन डे अरागुआ मदुरोको मोर्चा भएको दाबी ट्रम्पको छ । यद्यपि, उक्त समूह र मदुरोबिच सम्बन्धको कुनै प्रमाण नभेटिएको अमेरिकी गुप्तचर निकाय बताउँछ ।

२४ मार्च : ट्रम्पले भेनेजुएलाबाट तेल खरिद गर्ने देशहरूमा २५ प्रतिशत कर लगाए ।

८ अगस्ट : अमेरिकाले मदुरोलाई पक्राउ गरेबापतको पुरस्कार बढाएर पाँच करोड डलर पुऱ्यायो, उनलाई लागुऔषध गिरोह कार्टेल डे लस सोल्सको 'विश्वव्यापी आतंकवादी नेता' तोक्यो ।

सेप्टेम्बर-नोभेम्बर : वासिंटनले सेप्टेम्बर २ मा क्यारिबियन र प्रशान्त क्षेत्रमा समुद्री 'लागुऔषधविरोधी' अभियान सुरु गऱ्यो ।

१५ अक्टोबर : ट्रम्पले भेनेजुएलामा गोप्य कारबाही सञ्चालन गर्न सिआइएलाई अधिकार दिएको पुष्टि गरे ।

१२ नोभेम्बर : सम्भावित अमेरिकी आक्रमणविरुद्ध भेनेजुएलाले राष्ट्रव्यापी सैन्य अभ्यास सुरु गऱ्यो ।

१४ नोभेम्बर : दक्षिण अमेरिकानजिकै सेना तैनाथ गर्दै अमेरिकाले 'दक्षिणी स्पियर' मिसनको घोषणा गऱ्यो ।

१४-१६ नोभेम्बर : अमेरिकाले विश्वको सबैभन्दा ठुलो विमानवाहक युएसएस जेराल्ड आर फोर्ड, अन्य युद्धपोतहरू, हजारौं सेना र एफ-३५ स्टिल्थ जेटहरू क्यारिबियनमा तैनाथ गऱ्यो ।

२२ नोभेम्बर : अमेरिकाको संघीय उड्डयन प्रशासनले हस्तक्षेपसहित 'बढ्दो सैन्य गतिविधि'का कारण भेनेजुएलाको हवाई क्षेत्रमा खतराबारे एयरलाइन्सहरूलाई चेतावनी दिँदै एयर मिसनलाई सूचना (एनओटिएएम) जारी गऱ्यो । एयरलाइन्सहरूले भेनेजुएलाका उडान स्थगित गरे ।

पछि नहट्ने रणनीतिमा गगन–विश्व

महाधिवेशनको किचलोबारे महामन्त्रीद्वयले लिए कानुन व्यवसायीहरूसँग परामर्श

कानुन व्यवसायीहरूको सुझाव- ४०% प्रतिनिधिले माग गरेपछि विशेष महाधिवेशन बोलाउन सक्नुहुन्छ

महामन्त्रीद्वय थापा र शर्मालाई कानुन व्यवसायीको सुझाव-

> कांग्रेसको विधानको धारा १७ (२) बाध्यकारी प्रावधान हो । केन्द्रीय कार्यसमितिले आवश्यक ठानेमा वा ४० प्रतिशत महाधिवेशन प्रतिनिधिले माग गरेमा विशेष महाधिवेशन बोलाउनैपर्छ । यसलाई रोक्ने अधिकार कसैलाई पनि छैन, महामन्त्रीहरूले विशेष महाधिवेशन बोलाउन सक्नुहुन्छ ।
>
> धारा १७ (२) आफैंमा केन्द्रीय महाधिवेशनको कार्यविधि हो । निवेदनकर्ताले उल्लेख गरेका कारण विशेष महाधिवेशन नै एजेन्डा मानिन्छ । थप कार्यविधि आवश्यक भए महाधिवेशनले स्वयं तय गर्ने अधिकार राख्छ । ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले माग गरेपछि विशेष महाधिवेशन नबोलाए विधानको उल्लंघन गरेको मानिन्छ ।

प्रेम गौतम / नयाँ पत्रिका

सम्भावित सबै परिस्थितिको तयारीसहित पार्टी निर्णयलाई चुनौती दिँदै विशेष महाधिवेशनमा अघि बढेका कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले कानुन व्यवसायीसँग परामर्श लिएका छन् । पार्टी निर्णयविपरीत विशेष महाधिवेशनको गृहकार्यमा लागेका उनीहरूले सम्भावित कानुनी अड्चन र विवाद निर्वाचन आयोगदेखि न्यायालय पुग्दासम्म लिने रणनीतिबारे कानुन व्यवसायीसँग छलफल गरेका हुन् ।

केन्द्रीय कार्यसम्पादन समितिबाट बहुमतले वैशाखमा महाधिवेशन गर्ने निर्णय गरेको भोलिपल्ट थापा र शर्माले वरिष्ठ अधिवक्ताहरू यदुनाथ खनाल, प्रेम खड्का, डेमोक्रेटिक लयर्स एसोसिएसनका अध्यक्ष सीताराम केसी र पूर्वअध्यक्ष गोपालकृष्ण घिमिरेलगायत कानुन व्यवसायीहरूसँग विशेष महाधिवेशनबारे परामर्श गरेका हुन् । कानुन व्यवसायीले विधानअनुसार माग भएको विशेष महाधिवेशन बोलाउन सकिने सुझाव दिएका छन् ।

बहुमत प्रतिनिधिले लिखित माग गर्दा पनि महाधिवेशन

» पृष्ठ २ मा क्रमशः



विशेष महाधिवेशनको गृहकार्यमा जुटेका कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा सम्भावित कानुनी जटिलताबारे शनिबार वरिष्ठ अधिवक्ताहरू यदुनाथ खनाल, प्रेम खड्का, डेमोक्रेटिक लयर्स एसोसिएसनका अध्यक्ष सीताराम केसी र पूर्वअध्यक्ष गोपालकृष्ण घिमिरेलगायत कानुन व्यवसायीहरूसँग परामर्श गर्दै

■ केन्द्रीय समितिको बहुमतको निर्णय मान्नुपर्छ : शेखर पक्ष



कांग्रेस नेता डा. शेखर कोइरालाले विशेष महाधिवेशन पक्षसँग भावना मिले पनि बहुमतको निर्णय मानेर जानुको विकल्प नभएको बताएका छन् । काठमाडौंमा उपलब्ध पदाधिकारी, केन्द्रीय सदस्य र जिल्ला सभापतिहरूसँग विशालनगरस्थित सम्पर्क कार्यालयमा कोइरालाले शनिबार गरेको छलफलमा आमनिर्वाचनमा एक भएर अघि बढ्नुको विकल्प नभएको निष्कर्ष निकालिएको छ । छलफलपछि सहमहामन्त्री जीवन परियारले पुसमै विशेष महाधिवेशन गर्ने महामन्त्रीद्वयको अडानप्रति आपत्ति जनाए । 'जसरी पनि विशेष महाधिवेशन गर्छौं भन्ने महामन्त्रीहरूको भनाइ छ । बहुमतको निर्णयलाई लत्याएर आफूले गरेको निर्णय नै सही र सत्य छ भन्नुहुन्न । विशेष महाधिवेशनको औचित्य के हो र कहाँ पुग्छ भन्ने विषयमा मतान्तर हुन सक्छ,' उनले भने, 'पार्टीभित्र अझै छलफल हुन्छ । छलफलबाट जे निष्कर्ष आउँछ, त्यसैलाई लिएर अगाडि बढ्ने हो । चित्त बुझेन भने कार्यकर्ता जाने हो ।'

■ निर्णय तलमाथि हुन्न, अब वैशाखमा महाधिवेशन हुन्छ : प्रवक्ता महत



कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले कार्यसम्पादन समितिको निर्णयअनुसार कांग्रेस अगाडि बढ्ने बताएका छन् । व्यक्तिगत मत फरक भए पनि पार्टीको निर्णय मानेर जानुको विकल्प नभएको उनले बताए । 'मतान्तर हुन सक्छन् । बैठकमा छलफलका क्रममा फरक मत पनि आउन सक्छन् । तर, निर्णय भइसकेपछि मान्दिनँ भन्न पाइन्न, मानेर जानुको विकल्प हुँदैन,' उनले भने, 'पुसको महाधिवेशन स्थगित भइसकेको छ, अब नयाँ कार्यतालिकाअनुसार कांग्रेस अघि बढ्छ र वैशाखमा महाधिवेशन हुन्छ ।'

तालिमका नाममा श्रमिकसँग पैसा उठाएर दुरुपयोग गर्दै वैदेशिक रोजगार बोर्ड

■ कानुन मिचेर टेन्डर

बोर्ड कार्यकारी निर्देशक द्वारिका उप्रेतीले तीन करोडसम्म मात्रै स्वीकृत गर्न सक्ने व्यवस्था, स्वीकृत गरे २५ करोड

नवराज मैनाली / नयाँ पत्रिका

वैदेशिक रोजगार बोर्डले वैदेशिक रोजगारीमा जाने श्रमिकसँग तालिमका नाममा पैसा उठाएर दुरुपयोग गर्ने गरेको सरकारकै एक छानबिनले देखाएको छ । श्रम, वैदेशिक रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले उपसचिव गुरुदत्त सुवेदीको संयोजकत्वमा गठन गरेको छानबिन समितिले उक्त तालिम लक्षित वर्गसम्म पुग्ने नसकेको र तालिमका लागि संस्था छनोटसमेत पारदर्शी नभएको भन्दै बोर्डले तालिमका नाममा हरेक वर्ष अपारदर्शी रूपमा ठुलो रकम खर्च

» पृष्ठ २ मा क्रमशः



उपसचिव गुरुदत्त सुवेदी नेतृत्वको छानबिन समिति भन्छ-

● तालिम लक्षित वर्गसम्म पुग्ने सकेको छैन, तालिमका लागि संस्था छनोटसमेत पारदर्शी छैन

● सकेसम्म सिटिइभिटीमार्फत तालिम दिनू, यो सम्भव नभए मात्र तालिमप्रदायक संस्थामार्फत दिनू

● तालिमप्रदायक संस्थाले आफूखुसी मान्छे राखेर तालिम दिएको विवरण पेस गरी वैदेशिक रोजगार कोषको रकम लैजाने गरेको प्रतिवेदनले समस्या देखाउँदै सुझाव पनि दिएको छ-

> आशयको कार्यसर्तमा १८ वर्ष पुगी ३५ वर्ष ननाघेका व्यक्तिलाई तालिम दिने उल्लेख छ । तर, पासपोर्ट अनिवार्य नगरिएकाले यस्तो तालिममा जोसुकै व्यक्तिलाई पनि सहभागी गराउने अवस्था छ । सम्भावित श्रम स्वीकृति लिन सक्ने सहभागीको अग्रिम सुनिश्चितता गरी सोही आधारमा संख्या र तालिम सञ्चालन हुने क्षेत्र तोकी मात्र खरिद प्रक्रिया अगाडि बढाउँदा तालिमको उद्देश्य प्राप्त हुने । दीर्घकालमा निक्षेपकर्ता र उसका जोसुकैलाई सहभागी गराउन सक्ने जोखिम देखिएको ।

राष्ट्रिय सभा चुनावमा गठबन्धन बनाउन द्विपक्षीय छलफलमा ठुला तीन दल

एमालेका ८, तत्कालीन माओवादी केन्द्रका ८ र एकीकृत समाजवादीका १, जनता समाजवादी पार्टी नेपालका १, लोकतान्त्रिक समाजवादी पार्टीका १ र १ मनोनीतको पदावधि १९ फागुनमा सकिँदै

१८ सिटका लागि ११ माघमा हुने राष्ट्रिय सभा निर्वाचनको उम्मेदवारी २३ पुसमा

(विस्तृत पृष्ठ ३)

नेपालमा १५ देशका ३० अन्तर्राष्ट्रिय एयरलाइन्स



सञ्चालनमा तीन अन्तर्राष्ट्रिय विमानस्थल, तर उडान-अवतरण काठमाडौं र भैरहवाबाट मात्रै

पाँच महिनामा १७.५६ प्रतिशतले घट्यो बिमा पोलिसी सरेन्डर

पाँच महिनामा ४५ हजार ६० पोलिसी सरेन्डर, ३७ अर्बका १२ लाख २० हजार पोलिसी भने नवीकरण हुन बाँकी

(विस्तृत पृष्ठ ६)

कर्नर किक

● रवि मिश्र



साढे तीन लाख बालिकालाई पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप लगाइँदै

खोप कार्यक्रम विद्यालयमा सञ्चालन हुने

● विद्यालय पहुँचबाहिर रहेका बालिकालाई समेट्न करिब दुई हजार तीन सय खोप केन्द्रबाट पनि खोप दिइने

शिवहरि घिमिरे / नयाँ पत्रिका

१० वर्ष उमेरका करिब साढे तीन लाख बालिकालाई फागुन पहिलो सातादेखि पाठेघरको मुखको क्यान्सरविरुद्धको ह्युमन पापिलोमा भाइरस (एचपिभी) खोप लगाइने भएको छ । गत वर्ष १० देखि १४ वर्ष उमेर समूहका १६ लाख ८८ हजार ६८८ बालिकालाई खोप लगाइएकोमा यसपटक १० वर्ष उमेर समूहलाई दिन लागिएको हो । यसबाहेक गत वर्ष छुटेका ६ कक्षामा अध्ययन गर्ने १० वर्ष नाघेकालाई पनि खोप अभियानमा समेटिनेछ ।

» पृष्ठ २ मा क्रमशः

■ खोप कार्यक्रम १० वर्ष उमेरका बालिकालक्षित

गत वर्ष छुटेका ६ कक्षामा अध्ययन गर्ने १० वर्ष नाघेकालाई पनि समेट्ने



● डा. अभियान गौतम
परिवार कल्याण महाशाखाका बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख

गत वर्ष पूर्ण खोप सुनिश्चित गरिएको थियो, हरेक वर्ष खोप सुनिश्चित हुनुपर्छ, एचपिभी खोप नियमित खोप कार्यक्रमभित्र छ, यस वर्ष फागुन पहिलो सातादेखि एचपिभी खोप अभियान सुरु हुन्छ । फागुनमा चुनाव तोकिएकाले माघको अन्तिम साताबाटै सञ्चालन गर्ने कि भन्ने योजना पनि बनाउँदै छौं । गत वर्ष कतिपयले शंका गरेर अरूको कुरा सुनेर लगाउनुभएन, मधेश र बागमतीमा त्यस्तो समस्या देखियो । खोपमा विश्वास नगर्नु राम्रो होइन, खोप पूर्ण सुरक्षित र गुणस्तरीय छ ।



■ नेपालमा पाठेघरको मुखको क्यान्सरले बर्सेनि १,३१३ जनाले गुमाउँछन् ज्यान

स्वास्थ्य सेवा विभागको तथ्यांकअनुसार नेपालमा पाठेघरको मुखको क्यान्सरका कारण वार्षिक एक हजार ३१३ जनाले ज्यान गुमाउँछन् । यो आधारमा दैनिक चार महिलाको पाठेघरको मुखको क्यान्सरले मृत्यु हुने गरेको छ । त्यस्तै, विभागका अनुसार वार्षिक दुई हजार १६९ जनालाई पाठेघरको मुखको क्यान्सर हुने गरेको छ । यही डरलाग्दो तथ्यांकलाई न्यूनीकरण गर्न सरकारले खोप अभियान चलाउन लागेको हो । विश्वमा हरेक वर्ष पाँच लाख ७५ हजारभन्दा बढी महिलालाई पाठेघरको मुखको क्यान्सर हुने गरेको विश्व स्वास्थ्य संगठनको तथ्यांक छ । यो तथ्यांक आगामी सन् २०३० सम्ममा बढेर सात लाख पुग्ने चेतावनी संगठनको छ । संगठनकै तथ्यांकअनुसार हरेक वर्ष पाठेघरको क्यान्सरका कारण विश्वमा तीन लाख ११ हजार महिलाको मृत्यु हुने गरेको छ ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नयाँ पत्रिका

खलंगामा दुई सय सडकबत्ती जडान

सडकबत्ती जडानले राति आवतजावतमा सहज, चोरीका घटना न्यूनीकरण हुने अपेक्षा

जुम्लामा **मानदत्त रावल**



जुम्ला सदरमुकाम खलंगा रहेको चन्दननाथ नगरपालिकाका विभिन्न सडकमा बत्ती जडान गरिएपछि आवतजावतमा सहज भएको छ। पैदलयात्रुलाई सहज पार्न र चोरीका घटना न्यूनीकरण गर्ने उद्देश्यले सडकबत्ती जडान गरिएको हो। नगरपालिकाभित्रका १० वटा वडामध्ये पहिलो चरण बजार क्षेत्रमा दुई सयवटा सडकबत्ती जडान भएको चन्दननाथ नगरपालिकाका इन्जिनियर लोकेन्द्र महतले बताए। बजार क्षेत्रका विभिन्न चोक, गल्ली, सबै क्षेत्रमा प्राविधिक इस्टिमेटअनुसार दुई सय बत्ती जडान गरिएको छ।

'बजार क्षेत्रमा सडकबत्तीका लागि विद्युत् प्राधिकरणले विगतमा केही काम गरेको थियो। अहिले चन्दननाथ नगरपालिकाले चार हजार मिटर केबुल तार विस्तार गरी सडक बत्ती जडान गरेको छ। बत्तीको क्षमता ५० वाट छ। बत्ती जडानपछि बजार क्षेत्र रातिमा पनि उज्जेलिएको छ,' उनले भने। दुई सयवटा बत्ती, प्राविधिक खर्च, जडान, चार हजार मिटर तारलगायतका लागि १७ लाख ५० हजार खर्च भएको इन्जिनियर महतले बताए।

चन्दननाथ नगरपालिका मेयर राजुसिंह कठायतले पहिलो चरणमा बजार क्षेत्रमा सडकबत्तीको दिगोपन, प्रभावकारिता, संरक्षणको परीक्षण हुने बताए। बजार क्षेत्रमा सफल भएमा नगरका सबै वडामा सडकबत्ती जडान गरिने उनको भनाइ छ।

सडकबत्ती जडानसम्बन्धी केही काम प्राधिकरण गरे पनि नागरिकको मागअनुसार सडकबत्तीको पूर्ण काम नगरपालिकाले गरेको छ। नगरपालिकाका १० वटै वडामा ग्रामीण सडक पुगिसकेका छन्। यद्यपि, राष्ट्रिय प्रसारणलाइनदेखि चुकेनी विद्युत्को लाइन पनि गाउँगाउँमा विस्तार भइसकेको छ। तर सडकमा बत्ती नहुँदा रातिको समयमा आवतजावत गर्न निकै असहज हुने गरेको छ।

आगामी आर्थिक वर्षमा सडक पुगेका सबै वडाका बस्तीमा सडकबत्ती जडान गर्ने गरी बजेट तर्जुमा गरिने चन्दननाथकी उपमेयर रामदेवी खड्काले बताइन्। सरकारी लगानीमा बनेका संरचना दिगो नहुने, स्थानीयमा अपनत्व नहुने भएकाले दिगोपनमा ध्यान दिनसमेत सुझाव दिएकी छन्। हिउँद लागेसँगै जुम्लामा चोरीका घटना बढेको, ट्युसन पढ्ने विद्यार्थीलाई कठिनाइ भएको अवस्थामा साँझ ६ देखि बिहान ६ बजेसम्म बल्ने गरी सडकबत्ती जडान भएपछि स्थानीयले सहज महसुस गरेका छन्।

नेपाल प्रहरीले एक लाख ३३ हजार र सशस्त्रले १५ हजार निर्वाचन प्रहरी भर्ना गर्ने



काठमाडौं / फागुन २१ लागि तय भएको प्रतिनिधिसभा निर्वाचनका लागि निर्वाचन प्रहरी (म्यादी प्रहरी) भर्ना गर्न अर्थ मन्त्रालयले बजेट सुनिश्चिता दिएको छ। त्यससँगै नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले भर्ना प्रक्रिया अघि बढाउने तयारी गरेका छन्। निर्वाचन प्रहरी भर्नाका लागि नेपाल प्रहरीले एक लाख ३३ हजार नौ सय ८० जना भर्नाका लागि अनुमति पाएको छ।

त्यस्तै, सशस्त्र प्रहरी बलले १५ हजार एक सय १० जना भर्ना गर्ने भएको छ। गृह मन्त्रालयका एक अधिकारीका अनुसार भर्ना प्रक्रिया संयुक्त रुपमा हुनेछ। नेपाल प्रहरी र सशस्त्र प्रहरी मातहत खटिने म्यादी प्रहरीको पोशाक फरक हुनेछ।

२०६४ सालको निर्वाचनमा पनि सशस्त्र प्रहरी बलले निर्वाचन प्रहरी भर्ना गरेको छ। यसपटक सशस्त्र प्रहरीले दोस्रो पटक निर्वाचन प्रहरी भर्ना गर्न लागेको हो। सशस्त्र प्रहरी निर्वाचनको दोस्रो घेरामा हुनेछ। गस्ती र पेट्रोलिङका लागि जनशक्ति अपुग हुने भएपछि सशस्त्र प्रहरीले पनि निर्वाचन प्रहरी भर्ना गर्न लागेको हो।

पछि नहट्ने...

पृष्ठ १ बाट क्रमशः

नबोलाउनु विधानविपरीत हुने र विधानअनुसार माग भएको महाधिवेशन रोक्ने अधिकार कसैलाई नभएको उनीहरूको तर्क छ। 'कांग्रेसको विधानको धारा १७ (२) बाध्यकारी प्रावधान हो। केन्द्रीय कार्यसमितिले आवश्यक ठानेमा वा ४० प्रतिशत महाधिवेशन प्रतिनिधिले माग गरेमा विशेष महाधिवेशन बोलाउनैपर्छ। यसलाई रोक्ने अधिकार कसैलाई पनि छैन, महामन्त्रीहरूले विशेष महाधिवेशन बोलाउन सक्नुहुन्छ,' थापा र शर्मालाई कानुन व्यवसायीको सुझाव छ।

केन्द्रीय कार्यसमितिले विशेष महाधिवेशन नबोलाए महामन्त्रीले केन्द्रका तर्फबाट बोलाउन सक्ने उनीहरूको सुझाव छ। ४० प्रतिशत प्रतिनिधिले स्वयं पनि विशेष महाधिवेशन बोलाउन सक्ने उनीहरूले बताएका छन्। राजनीतिक दलसम्बन्धी ऐनअनुसार विधानविपरीत पार्टी चलेमा निर्वाचन आयोगले जरिवाना गर्न सक्नेसमेत बताएका छन्।

एजेन्डा र प्रक्रियाको विषयमा पनि कानुनविद्हरूले सुझाव दिएका छन्। 'धारा १७ (२) आफैँमा केन्द्रीय महाधिवेशनको कार्यविधि हो। निवेदनकर्ताले उल्लेख गरेको कारण र एजेन्डा नै विशेष महाधिवेशनको एजेन्डा मानिनेछ। थप कार्यविधि आवश्यक भए महाधिवेशनले स्वयं तय गर्ने अधिकार राख्छ,' कानुनविद्हरूले भनेका छन्।

गत २९ असोजमा ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले केन्द्रीय कार्यालयमा विशेष महाधिवेशनको लिखित माग गरेका थिए। विधानअनुसार ४० प्रतिशत महाधिवेशन प्रतिनिधिले लिखित माग गरेको तीन महिनाभित्र विशेष महाधिवेशन बोलाउनुपर्ने हुन्छ। तर, शुक्रबारको केन्द्रीय कार्यसम्पादन समिति बैठकमा बहुमतका आधारमा पुसको महाधिवेशन स्थगित गर्दै वैशाखमा महाधिवेशन गर्ने गरी नयाँ तालिका ल्याइएको छ।

महामन्त्री थापाले विधानअनुसार पुस मसान्तभित्र विशेष महाधिवेशन हुने बताएका छन्। केन्द्रीय समितिले निर्णय गरेर हुन्छ वा केन्द्रले आह्वान गरेर हुन्छ भन्ने कुरा केही दिनमा टुंगो लाग्ने उनले बताए। 'अब विशेष महाधिवेशन हुन्छ। तर, केन्द्रीय कार्यसमितिले निर्णय गरेर हुन्छ कि केन्द्रले आह्वान गरेर भन्ने विषय केही दिनमै टुंगिन्छ,' थापाको भनाइ उद्धृत गर्दै एक नेताले भने। विधानअनुसार जुनसुकै अवस्थामा जान आफूहरू तयार रहेको उनले बताए।

पार्टीको पद्धति र अस्तित्व अहिलेको महत्त्वपूर्ण विषय भएको अर्का महामन्त्री शर्माले भनेका छन्। 'निर्वाचनअघि महाधिवेशन गर्नुपर्छ, नयाँ नीति र नेतृत्वसहित नयाँ संकल्प लिएर निर्वाचनमा जानुपर्छ भनेर निरन्तर प्रयत्न गरियो। नेतृत्वमा को रहने भन्ने विषय गौण हो। मुख्य कुरा पद्धति विकास गर्नु र पार्टीको अस्तित्व रक्षा गर्नु हो,' उनले भनेका छन्।

५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले हस्ताक्षर गरेर माग गरेपछि विशेष महाधिवेशन बाध्यकारी भएकामा आफूहरू स्पष्ट रहेको थापा र शर्माले बताएका छन्। 'अझै पनि हाम्रो प्रयास केन्द्रले आफैँ बोलाउनुपर्छ भन्ने छ। त्यसका लागि लागेका छौँ, अन्तिमसम्म लाग्नेछौँ। केन्द्रले बोलाएन भने यो माग बेवारिसे हुन सक्दैन, बिधान र कानुनबमोजिम पूरा गर्नुपर्ने जिम्मेवारी र कर्तव्य हामीले सचेततापूर्वक पूरा गर्नुपर्छ, गर्नेछौँ,' उनीहरूले भनेका छन्।

भेनेजुएलामा...

पृष्ठ १ बाट क्रमशः

निन्दा गरेका छन्। शनिबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भेनेजुएलामा आक्रमण गरेको र राष्ट्रपतिदम्पतीलाई नियन्त्रणमा लिएर बाहिर लगिएको सार्वजनिक गरेका थिए। तर, उनीहरूलाई कहाँ, कुन अवस्थामा राखिएको छ भन्नेबारे बताएनन्। स्थानीय समयअनुसार शनिबार बिहान २ बजेदेखि कराकासवरिपरि अमेरिकी सैनिकले भीषण हमला गरेका थिए। भेनेजुएलाका मिरान्डा, आरागुआ र ला ग्वाइरा राज्यहरूमा तथा कतिपय सैन्य बेसमा हमला भएको थियो। पक्राउ पर्नुअघि राष्ट्रपति मदुरोले देशमा संकटकाल लगाउने आदेशमा हस्ताक्षर गरेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्।

'अमेरिकी सरकारद्वारा भेनेजुएलाको भूमि र जनताविरुद्ध गरिएको अति गम्भीर सैनिक आक्रमणलाई भेनेजुएला निन्दा, अस्वीकार र अन्तर्राष्ट्रिय समुदायसामु विरोध गर्दछ,' भेनेजुएला सरकारद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा सार्वजनिक समाचारअनुसार अमेरिकी राष्ट्रपति ट्रम्पले हप्तौँअघिदेखि भेनेजुएलामा लागुऔषध कार्टेलमाथि स्थलगत आक्रमण गर्ने धम्की दिएका थिए। अमेरिकाले क्यारिबियन क्षेत्रमा सबैभन्दा आधुनिक विमानवाहक युद्धपोत युएसएस जेराल्ड आर फोर्ड र अन्य युद्धपोतहरू, ठूलो संख्यामा नौ सैनिक र हवाई शक्ति तैनाथ गरेको थियो। अमेरिकाले गत सेप्टेम्बरदेखि नै क्यारिबियन सागर र पूर्वी प्रशान्त महासागरमा लागुऔषध तस्करहरूलाई लक्षित गर्दै आक्रमण गर्दै आएको थियो।

अमरिकी राष्ट्रपति ट्रम्पले भेनेजुएलाका राष्ट्रपति मदुरोलाई लागुऔषध कार्टेलको प्रमुख भएको आरोप लगाउँदै आएका थिए। केही समयअघि ट्रम्पले भनेका थिए, 'मदुरोले पद छोड्नु बुद्धिमानी हुनेछ। किनकि उनको दिनगन्ती सुरु भइसकेको छ।'

मदुरोले लागुऔषध व्यापारमा संलग्नता अस्वीकार गर्दै आएका थिए। उनले पृथ्वीको सबैभन्दा ठुलो तेल भण्डार भेनेजुएलामा रहेका कारण त्यसमा आँखा गाडेर अमेरिकाले आफूलाई सत्ताच्युत गर्न खोजेको आरोप लगाएका थिए।

अमेरिकी महान्यायाधिवक्ता पाम बोन्डीले मदुरोमाथि न्युयोर्कमा लागुऔषध तथा हतियारसम्बन्धी अभियोगमा मुद्दा दर्ता गरिएको र उनले 'अमेरिकी भूमिमा, अमेरिकी अदालतहरूमा, अमेरिकी न्यायको पूर्ण कठोरता सामना गर्नुपर्ने' बताएकी छिन्। उनीविरुद्ध लागुऔषध तस्करी तथा आतंकवाद, कोकिन तस्करी, मेसिनगन तथा विनाशकारी उपकरणको अवैध स्वामित्वलगायत मुद्दामा अदालतमा सुनुवाइ हुनेछ। उनलाई अदालतमा पेस गरिनेछ।

ट्रम्पले भेनेजुएलालाई अमेरिकाको दक्षिणी सीमामा आइपुग्ने लाखौँ आप्रवासीसँग जोड्दै आएका छन्। सन् २०१३ यता करिब ८० लाख भेनेजुएलालीहरू आर्थिक पतन र राजनीतिक दमनका कारण देश छाड्न बाध्य भएको अमेरिकी दाबी छ।

ट्रम्पले भेनेजुएलालाई कोकिन ओसारपसारको प्रमुख मार्ग र अमेरिकामा फेन्टानिल संकटको एक कारक भएको तर्क गरेका छन्। उनले भेनेजुएलाका दुई आपराधिक समूह ट्रेन दे आरागुआ र कार्टेल दे लोस सोलेसलाई विदेशी आतंकवादी संगठनका रूपमा सूचीकृत गरेका छन्। कार्टेल दे लोस सोलेस समूहको नेतृत्व स्वयं मदुरोले गरिरहेको ट्रम्पको आरोप थियो।

रुस, इरान, क्युबालगायतले गरे कडा विरोध

रुसले भेनेजुएलामा अमेरिकी सैन्य कारबाहीको निन्दा गरेको छ। 'भेनेजुएलाविरुद्ध अमेरिकाले गरेको सशस्त्र आक्रमण चिन्ताजनक र निन्दनीय छ,' रुसी विदेश मन्त्रालयले भनेको छ।

कोलम्बियाका राष्ट्रपति गुस्ताभो पेट्रोले संयुक्त राष्ट्रसंघको आपत्कालीन बैठक बोलाउन आग्रह गरेका छन्। कोलम्बियाले भेनेजुएलाको सीमा क्षेत्रमा सेना तैनाथ गरेको छ।

स्पेनले अमेरिका र भेनेजुएला दुवैलाई तनाव कम गर्न र संयम अपनाउन आह्वान गरेको छ। इरानले भेनेजुएलामाथि गरिएको सैन्य आक्रमणलाई देशको राष्ट्रिय सार्वभौमसत्ता तथा भौगोलिक अखण्डतामा स्पष्ट उल्लंघन भएको भन्दै निन्दा गरेको छ। क्युबाले अन्तर्राष्ट्रिय समुदायलाई बोल्न आह्वान गर्दै शान्तिको क्षेत्रमाथि अमेरिकाबाट क्रूरतापूर्वक आक्रमण भएको प्रतिक्रिया दिएको छ।

बोलिभियाली पूर्वराष्ट्रपति इभो मोरालेसले अमेरिकी हमलाको निन्दा गरेका छन्। चिलीका राष्ट्रपति गेब्रियल बोरिकले शान्तिपूर्ण समाधानको आह्वान गर्दै भेनेजुएलामा सैन्य कारबाहीको निन्दा गरेका छन्।

मेक्सिकोले पनि घटनाको निन्दा गरेको छ। भनेको छ, 'भेनेजुएलाको भूभागमा अमेरिकी सेनाहरूले एकपक्षीय रूपमा गरेका हालका सैन्य क्रियाकलापलाई कडा रूपमा निन्दा र अस्वीकार गर्छौं। यसले क्षेत्रीय स्थिरतालाई गम्भीर रूपमा संकटमा पार्छ।'

जर्मनी, इटाली, बेलायतलगायतले घटनालाई नजिकबाट नियालिरहेको प्रतिक्रिया दिएका छन्। बेलायती प्रधानमन्त्री किर स्टारमरले भेनेजुएलामा अमेरिकी अपरेसनमा बेलायत संलग्न नभएको स्पष्ट पारेका छन्। यसबारे ट्रम्पसँग छलफल पनि नभएको उनले बताएका छन्। अर्जेन्टिनाका राष्ट्रपति जबिएर मिलेईले भने मदुरो पक्राउको प्रशंसा गरेका छन्।

३७ वर्षअघिको यस्तै घटना


अमेरिकाले भेनेजुएलामाथि गरेको हमलालाई १७ डिसेम्बर १९८९ मा उसले पनामामाथि आक्रमण गरी राष्ट्रपति म्यानुएल नोरेगालाई लागुऔषध तस्करीको अभियोगमा नियन्त्रणमा लिएको घटनासँग जोडिएको छ। त्यसवेला सानो देश पनामाको क्यानाल जोनमा ठुलो संख्यामा अमेरिकी सेना तैनाथ थिए। मदुरो र नोरेगा दुवै अमेरिकाविरोधी रुझानका थिए।

पनामामाथि आक्रमण गर्नुअघि अमेरिकाले सन् १९८८ मा मियामीमा नोरेगामाथि लागुऔषध तस्करीको अभियोग दर्ता गरेको थियो, जुन अहिले मदुरोमाथि गरिँदै आएको कारबाहीसँग मिल्दोजुल्दो छ। नोरेगाले सन् १९८५ मा निकोलास आर्दितो बार्लेटालाई राजीनामा दिन बाध्य पारेका थिए। सन् १९८९ को निर्वाचन रद्द गरेर अमेरिकाविरोधी जनमतलाई समर्थन गरेका थिए। त्यसपछि अमेरिकाले सैन्य हमला गरेको थियो।

पनामामा गरिएको अमेरिकी सैन्य हस्तक्षेप भियतनाम युद्धपछि गरिएको सबैभन्दा ठुलो अमेरिकी सैन्य हमला थियो। अमेरिकाले नोरेगालाई लागुऔषध तस्करीको अभियोगमा अमेरिका लगेको थियो। अमेरिकामा उनीमाथि मुद्दा चलाइयो र सन् २०१० सम्म त्यहीँ कारावासमा राखियो। त्यसपछि उनलाई अर्को मुद्दाको सामना गर्न फ्रान्स पठाइयो र एक वर्षपछि फेरि पानामा फर्काइयो। जेलमै रहेका वेला उनको सन् २०१७ मा पनामामा मृत्यु भएको थियो।


नेपालमा पनि उठ्दै भर्त्सनाका स्वर

● **डा. बाबुराम भट्टराई,** पूर्वप्रधानमन्त्री



संयुक्त राष्ट्रसंघको सदस्यराष्ट्र भेनेजुएलामाथि अमेरिकाले गरेको नांगो आक्रमण र त्यहाँका राष्ट्रपतिको अपहरण संयुक्त राष्ट्रसंघले स्थापित गरेको अन्तर्राष्ट्रिय प्रणाली र अन्तर्राष्ट्रिय कानुनको भद्दा उल्लंघन हो। यसको सबै सार्वभौम राष्ट्रहरूले र विश्व जनसमुदायले कडा शब्दमा विरोध र भर्त्सना गर्नुपर्छ। यस्तो 'जसको लाठी उसको भैँसी' प्रवृत्तिलाई वेलैमा सबै मिलेर रोक्न नसके सबैतिर भयंकर अनिष्ट आउन सक्छ।

प्रा. कृष्ण पोखरेल, राजनीतिशास्त्री



२१औँ शताब्दीमा पनि एउटा स्वतन्त्र मुलुक भेनेजुएलामाथि अमेरिकाले सैन्य आक्रमण गरेको देख्दा 'अमेरिकाले ल्याटिन अमेरिकालाई आफ्नो कोठेबारी ठान्छ' भन्ने पढेका थियौँ, हो रहेछ। अनि, उनै आक्रमणकारी राष्ट्रपतिलाई नोबेल शान्ति पुरस्कार चाहिएको छ।

तालिमका...

पृष्ठ १ बाट क्रमशः

गरेको निष्कर्ष निकालेको हो।

गत कात्तिकमा गठित समितिले मंसिरमै प्रतिवेदन बुझाइसकेको छ। 'आशयको कार्यसर्तमा १८ वर्ष पुगी ३५ वर्ष ननाघेका व्यक्तिलाई तालिम दिने उल्लेख छ। तर, पासपोर्ट अनिवार्य नगरिएकाले यस्तो तालिममा जोसुकै व्यक्तिलाई पनि सहभागी गराउने अवस्था छ,' प्रतिवेदनले समस्या देखाउँदै सुझाव पनि दिएको छ, 'सम्भावित श्रम स्वीकृति लिन सक्ने सहभागीको अग्रिम सुनिश्चितता गरी सोही आधारमा संख्या र तालिम सञ्चालन हुने क्षेत्र तोकी मात्र खरिद प्रक्रिया अगाडि बढाउँदा तालिमको उद्देश्य प्राप्त हुने। दीर्घकालमा निक्षेपकर्ता र उसका जोसुकैलाई सहभागी गराउन सक्ने जोखिम देखिएको।'

तालिम र खर्चसम्बन्धी मापदण्डसमेत हालसम्म नबनाई तालिम दिने गरेकाले पनि यो अपारदर्शी हुने गरेको प्रतिवेदनमा उल्लेख छ। कसिमनकै चलखेलका कारण यस वर्ष पनि यसरी नियम मिचेर टेन्डर प्रक्रिया अघि बढाइएको स्रोत बताउँछ। गत वर्ष मात्रै बोर्डले तालिममा श्रमिकको कोषबाट करिब ५२ करोड रुपैयाँ खर्च गरेकोमा यस वर्ष २५ करोड छुट्याएर टेन्डर प्रक्रिया अघि बढाएको छ। छानबिन समितिले त्रुटिहरू औँल्याउँदै सुधार गरेर मात्र तालिम सिफारिस गरे पनि बोर्डले ती सुझाव लत्याउँदै कामदारभन्दा तालिम दिने केही संस्थालाई फाइदा हुने गरी प्रक्रिया अघि बढाएपछि मन्त्रालय र बोर्डबिच विवाद बढेको छ।

११ पुसमा बोर्डको सचिवालयले तालिम सञ्चालनका लागि तालिमप्रदायक संस्था छनोटका लागि सूचना जारी गरेको छ। जसमा मन्त्रालयदेखि अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्मले दिएका सुझाव समेटिएका छैनन्। बोलपत्रमा ९० नम्बर प्राविधिक र १० अंक आर्थिक प्रस्तावलाई अंकभार दिइएको छ। यसले बोर्डलाई ठुलो आर्थिक भार पर्ने मन्त्रालयका अधिकारी बताउँछन्। जटिल खालको ठेक्का नभएकाले प्राविधिकतर्फ ७० तथा आर्थिकतर्फ १० प्रतिशत अंकभार राख्न अख्तियारले समेत सुझाव दिएको थियो। जसलाई बोर्डले अस्वीकार गरेको छ। मन्त्रालयका उपसचिव सुवेदी नेतृत्वको समितिको सुझावमा भनिएको छ, 'प्रस्तावित तालिम कार्यक्रम त्यसप्रकारको जटिल कार्य नभई नियमित कार्य भएकाले सम्माननीय अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझावबमोजिम प्राविधिक पक्षको न्यूनतम अंक कायम गर्दा श्रमिक कल्याणकारी कोषको ठुलो धनराशि बचत हुने देखिन्छ।' छानबिन समितिले योलगायत १९ बुँदे सुझाव दिएको थियो। ती सुझाव कार्यान्वयन नगरी पुरानै शैलीमा तालिमको टेन्डर प्रक्रिया अघि बढाइएको छ।

कानुन मिचेर टेन्डर



यस वर्ष पनि बोर्डले नियम मिचेर तालिमका लागि संस्था छनोट प्रक्रिया अघि बढाएको छ। बोर्डको कार्यसञ्चालन निर्देशिका, २०६८ को दफा २१ मा कार्यकारी निर्देशकले तीन करोडसम्मको मात्र लागत अनुमान स्वीकृत गर्न सक्नेमा कानुनी प्रावधानविपरीत उप्रेतीले २५ करोडको लागत अनुमान आफैँ स्वीकृत गरेका थिए। यो प्रावधान सार्वजनिक खरिद नियमावलीको समेत प्रतिकूल छ। सो नियमावलीमा सहसचिवस्तरका कर्मचारीले ५० लाख रुपैयाँसम्मको मात्र लागत अनुमान स्वीकृत गर्न सक्ने प्रावधान छ।

त्यस्तै, सार्वजनिक खरिद नियमावलीमा १० करोड रुपैयाँभन्दा माथिको परामर्श सेवा खरिद गर्नुपर्दा अन्तर्राष्ट्रियस्तरको आशयपत्र माग गर्नुपर्नेमा त्यो नियमसमेत उल्लंघन गरिएको छ। वार्षिक कार्यक्रम तथा बजेट १० करोडभन्दा बढीको खर्च गर्दा गुरुयोजना तर्जुमा गरी अधिकारप्राप्त अधिकारी वा सचिवबाट स्वीकृत गराउनुपर्ने प्रावधान सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा उल्लेख छ। तर, बोर्डका कार्यकारी निर्देशक उप्रेतीले २५ करोडको कार्यक्रम आफ्नै स्वीकृत गरेर टेन्डर प्रक्रिया अघि बढाएका छन्। त्यस्तै, तालिमसम्बन्धी कार्यविधिमा नरहेका तालिमसमेत विगतमा सञ्चालन भएको छानबिन समितिको प्रतिवेदनमा उल्लेख छ। रोजगारमूलक सिप विकास तालिम सञ्चालन कार्यविधि, २०७५ को अनुसची १ मा तालिमको क्षेत्र र विषय उल्लेख छ। तर, त्यो समसामयिक नभएको भन्दै संशोधन गर्न सिफारिस भएको थियो। त्यो पनि संशोधन नगरी छनोट प्रक्रिया अघि बढाइएको छ।

बोर्डका कार्यकारी निर्देशक उप्रेती भने तालिमको ठेक्का नपाउने व्यवसायीहरूले यसलाई विवादमा तान्ने प्रयास गरेको दाबी गर्छन्। 'हामीले कानुनअनुसार नै तालिमको प्रक्रिया अघि बढाएका छौँ, तालिमको गुणस्तरका लागि आर्थिक प्रस्तावको अंकभार धेरै राखेका छौँ, यसमा खुला प्रतिस्पर्धा हुन्छ, त्यसकारण विवाद आवश्यक छैन।'

बोर्डका कार्यकारी निर्देशक द्वारिका उप्रेती र कर्मचारीले तालिमप्रदायक संस्थासँग मिलेर बोर्डको रकम दुरुपयोग गर्दै आएको मन्त्रालयका अधिकारी बताउँछन्। तालिमको मागसमेत संकलन नगरी हचुवामा श्रमिकको पैसा खर्च गरिरहेको भनेर उजुरी परेपछि मन्त्रालयले सुवेदीको संयोजकत्वमा छानबिन समिति गठन गरेको थियो।

मन्त्रालयले सकेसम्म व्यावसायिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) र राष्ट्रिय व्यवसायिक प्रशिक्षण प्रतिष्ठान विकास समितिसँग समन्वय गरी तालिम समन्वय गर्नसमेत भनेको थियो। सकेसम्म सिटिइभिटीमार्फत नै यस्तो तालिम सञ्चालन गर्दा गुणस्तर पनि राम्रो हुने र खर्च पनि कम हुने निचोडका आधारमा त्यस्तो निर्देशन दिए पनि कार्यान्वयन भएको छैन। छानबिन समितिको प्रतिवेदनमा भनिएको छ, 'पहिलो चरणमा त्यस प्रकारका संस्था (सिटिइभिटी)मार्फत तालिम सञ्चालन गर्न पहल गरी सम्भव नभएमा मात्र परामर्श सेवा खरिद प्रक्रियामा जानुपर्ने।'

बोर्डका कार्यकारी निर्देशक उप्रेती भने तालिमको ठेक्का नपाउने व्यवसायीहरूले यसलाई विवादमा तान्ने प्रयास गरेको दाबी गर्छन्। 'हामीले कानुनअनुसार नै तालिमको प्रक्रिया अघि बढाएका छौँ, तालिमको गुणस्तरका लागि आर्थिक प्रस्तावको अंकभार धेरै राखेका छौँ, यसमा खुला प्रतिस्पर्धा हुन्छ, त्यसकारण विवाद आवश्यक छैन।'

वैदेशिक रोजगारीमा जाने हरेक कामदारबाट दुई हजार पाँच सय रुपैयाँका दरले वैदेशिक रोजगार कोषमा रकम जम्मा हुन्छ। सोही रकमबाट निजी कम्पनीहरूमार्फत तालिम दिइन्छ। कामदारको हितका लागि भनेर स्थापना गरिएको सो कोषको रकमबाट तालिमप्रदायक संस्थाले आफूखुसी मान्छे राखेर तालिम दिएको विवरण पेस गरी रकम लैजाने गरेको भन्दै प्रश्न उठ्दै आएको छ।

समितिले तालिमका लागि संस्था छनोटमा समेत अनियमितता हुने गरेको र तालिमको प्रभावकारिता नदेखिएको निष्कर्ष निकालेको छ। 'के-कस्तो तालिमको माग छ भनेर विवरण संकलन नै हुने गरेको छैन,' छानबिन समितिका एक अधिकारी भन्छन्, 'तालिमप्रदायक संस्थाहरूले आफूखुसी मान्छे राखेर तालिम दिएको विवरण पेस गरेर पैसा लान्छन्, यसको अनुगमनसमेत राम्रो हुन सकेको छैन।'

साढे तीन लाख...

पृष्ठ १ बाट क्रमशः

साढे तीन लाख बालिकालाई खोप प्रदान गर्न लागिएको परिवार कल्याण महाशाखाका बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा. अभियान गौतमले जानकारी दिए। 'गत वर्ष पूर्ण खोप सुनिश्चित गरिएको थियो, हरेक वर्ष खोप सुनिश्चित हुनुपर्छ, एचपिभी खोप नियमित खोप कार्यक्रमभित्र छ, यो वर्ष फागुन पहिलो सातादेखि एचपिभी खोप अभियान सुरु हुन्छ। फागुनमा चुनाव तोकिएकाले माघको अन्तिम साताबाटै सञ्चालन गर्ने कि भन्ने योजना पनि बनाउँदै छौँ।'

एचपिभी खोप पूर्ण सुरक्षित भएकाले विश्वस्त भएर सहभागी हुन पनि गौतमले आग्रह गरेका छन्। 'गत वर्ष कतिपयले शंका गरेर अरूको कुरा सुनेर लगाउनुभएन, मधेश र बागमतीमा त्यस्तो समस्या देखियो,' उनले भने, 'खोपमा विश्वास नगर्नु राम्रो होइन, खोप पूर्ण सुरक्षित र गुणस्तरीय छ।'

गौतमका अनुसार यो खोप नेपालमा निजी स्वास्थ्य संस्थाहरूमा लगाउँदा महँगो पर्छ, तर सरकारले शुल्क लिँदैन। हाल यो खोप अमेरिकासहित १९४ देशमा प्रयोग भइरहेको छ। सबैभन्दा पहिले एचपिभी खोप कार्यक्रम अमेरिकाबाटै सुरु भएको थियो। नेपालले गत वर्षदेखि मात्रै एचपिभी खोपलाई नियमित गर्न थालेको हो। खोप कार्यक्रम विद्यालयमा सञ्चालन हुनेछ। तर, विद्यालय पहुँचबाहिर रहेका बालिकालाई समेट्न करिब दुई हजार तीन सय खोप केन्द्रबाट पनि खोप दिइनेछ।

एचपिभी खोप सन् २००६ देखि प्रयोगमा ल्याइएको हो। भविष्यमा नेपालमा पनि पाठेघरको मुखको क्यान्सर हुनेको संख्या बढ्ने जोखिम देखिएकाले रोकथामका लागि एउटा उमेरतह तोकेर खोप कार्यक्रम गर्न लागिएको हो। यो खोप शारीरिक सम्पर्क तथा यौन क्रियाकलापमा सक्रिय नहुँदैको अवस्थामा दिँदा प्रभावकारी हुने भएकाले १० देखि १४ वर्ष उमेर समूहलाई लक्षित गरिएको छ। तर, नियमित तालिकाअनुसार लगाउने भएकाले यो वर्ष १० वर्षका बालिकालाई लक्षित गरिएको हो। त्यसभन्दा माथिल्लो उमेर समूहले गत वर्ष नै लगाइसकेका छन्। नौ वर्षका उमेर समूहलाई अर्को वर्ष दिइनेछ।

एचपिभी खोप विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले नै सुरक्षित घोषणा गरिसकेको खोप हो। यो लगाउनुको मुख्य कारण भविष्यमा हुने पाठेघरको क्यान्सरबाट जोगाउनु हो। महिलामा सबैभन्दा बढी स्तनको क्यान्सर र दोस्रो नम्बरमा पाठेघरको क्यान्सर हुने गरेको छ। खोप शाखाले लक्षित समूहका कोही पनि बालिका नछुटून् भनेर प्रचार-प्रसार अभियानसमेत थालेको छ। एचपिभी खोपको एउटा मात्रा मात्रै लगाइन्छ। स्वास्थ्य मन्त्रालयले भ्याक्सिन र खोपका लागि ग्लोबल एलायन्स (गाभी)को सहयोगमा झन्डै १८ करोड चार लाख मूल्यको तीन लाख ५० हजारभन्दा बढी डोज खोप ल्याएर भण्डारण गरिसकेको छ।

खोप कार्यक्रम व्यवस्थित गर्न हरेक जिल्लाको जनस्वास्थ्य कार्यालय, पालिका हुँदै विद्यालयसम्म खोप वितरण हुनेछ। साथै, गत वर्षदेखि सरकारले फागुन महिनालाई 'क्यान्सर स्क्रिनिङ टेस्ट' महिनाका रूपमा मनाउने घोषणा गरेको थियो। सोही कारण यस वर्ष पनि क्यान्सरको स्क्रिनिङ टेस्ट अभियान सञ्चालन हुनेछ। डा. गौतमका अनुसार हाल दिन लागिएको खोपको नाम 'सिकोलिन' हो, जुन चीनले उत्पादन गरेको हो।

नेपाल १४ प्रकारका रोगविरुद्ध ११ प्रकारका खोप

नेपालमा पहिलोपटक ०३४ देखि खोप कार्यक्रम सुरु भएको थियो। हाल नेपालमा १४ प्रकारका रोगविरुद्ध ११ प्रकारका खोप दिने गरिन्छ। तीमध्ये अधिकांश खोप बालबालिका लक्षित नै छन्। विश्व स्वास्थ्य संगठनका खोप अधिकृत डा. पवनदेव उपाध्यायले खोपको प्रयोगले ०३४ यता नेपालमा १५ करोड ४० लाख मानिसको जीवन सुरक्षित बनाएको बताए। 'खोपले जीवनलाई सुरक्षित बनाउँछ, हाल नेपालमा थुप्रै रोगलाई खोपले निरुत्साहित पारिरहेको छ,' उनले भने, 'सरकारले वितरण गर्ने खोपमा कुनै पनि हिच्किचाहट नगरी सहभागी हुनुपर्छ।'

स्वास्थ्य मन्त्रालय परिवार कल्याण महाशाखाका निर्देशक मदन उपाध्यायका अनुसार हाल नेपालमा दिइने ११ प्रकारका खोपको आर्थिक भार नेपाल सरकारले पनि व्यहोरेको छ। वार्षिक नियमित खोप कार्यक्रममा मात्रै दुई अर्ब १३ करोड २५ लाख खर्च हुन्छ। त्यसमा एक अर्ब दुई करोड तीन लाख रुपैयाँ नेपाल सरकारले व्यहोर्ने गरेको छ। 'हाल खोपमा विदेशी सहायता भएकाले पनि नेपाललाई खोप कार्यक्रम सञ्चालन गर्न सहज छ,' उनले भने, 'अहिले गाभीले खोप र खोप कार्यक्रम सञ्चालनका लागि चाहिने रकमसमेत दिन्छ, खोपबाट रोग कम गराउने हो, खोपले रोग न्यूनीकरण गर्छ।'

जापनिज इन्सेफ्लाइटिसबाट ३५ जनाको मृत्यु, खोपको पनि प्रभावकारिता कम

पछिल्लो एक वर्षमा जापनिज इन्सेफ्लाइटिसबाट ३५ जनाको मृत्यु भएको छ। परिवार कल्याण महाशाखाका अनुसार यो तथ्यांक सन् २०२५ डिसेम्बरसम्मको हो। बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख डा. गौतमले अन्य लामखुट्टेको टोकाइबाट हुने अन्य रोग नियन्त्रणमा प्रभावकारिता देखिए पनि जापनिज इन्सेफ्लाइटिस रोकथाममा भने चुनौती थपिएको छ। सन् २०२४ मा जापनिज इन्सेफ्लाइटिसबाट २५ जनाको मृत्यु भएको थियो। २०२३ मा सातजनाले ज्यान गुमाएका थिए। सन् २०१४ मा चारजना र २०१७ मा एकजनाको ज्यान गएको थियो।

सन् २०२५ मा भने जापनिज इन्सेफ्लाइटिसबाट मृत्यु हुनेको संख्या डरलाग्दो देखिएको छ। सरकारले हाल यसविरुद्ध खोप पनि दिने गरेको छ। तर, खोप लगाए पनि मृत्यु हुनेको संख्या कम हुन सकेको छैन। 'जापानिज इन्सेफ्लाइटिसको पनि खोप लगाउने गरिन्छ, तर यो संक्रमण आफैँमा गम्भीर मानिन्छ, यसको बढी जोखिममा किसान हुन्छन्, किनभने यो कृषि, पशुपक्षी भएको ठाउँमा पाइने लामखुट्टेको टोकाइबाट हुने गर्छ,' गौतमले भने, 'तीनजनामा जापानिज इन्सेफ्लाइटिस संक्रमण भयो भने एकजनाको मृत्यु हुन्छ, एकजना शारीरिक रूपमा अशक्त हुन्छ, एकजनामा निको हुन्छ, त्यसकारण यो संक्रमण निकै जटिल मानिन्छ।'

राष्ट्रिय सभा चुनावमा गठबन्धन बनाउन द्विपक्षीय छलफलमा ठुला तीन दल

कांग्रेस-एमाले, कांग्रेस-नेकपा, एमाले-नेकपा सम्भावित गठबन्धन बनाउन सक्रिय

एमालेका आठ, तत्कालीन माओवादी केन्द्रका सात, तत्कालीन एकीकृत समाजवादीका एक, जनता समाजवादी पार्टी नेपालका एक, लोकतान्त्रिक समाजवादी पार्टीका एक र एक मनोनीतको पदावधि सकिँदै

शुरोजंग पण्डे/नयाँ पत्रिका

१८ सिटका लागि ११ माघमा हुने राष्ट्रिय सभा निर्वाचनको उम्मेदवारी दर्ताको मिति नजिकिँदै गर्दा मुख्य तीन दल कांग्रेस, एमाले र नेकपा सघन संवादमा लागेका छन् । कांग्रेस-एमाले वा कांग्रेस-नेकपा वा एमाले-नेकपा सम्भावित गठबन्धन बनाउन सक्रिय बनेका हुन् ।

राष्ट्रिय सभा निर्वाचनका लागि निर्वाचन आयोगले २३ पुसमा उम्मेदवारी दर्ताको कार्यतालिका तोकेको छ । राष्ट्रिय सभादेखि प्रतिनिधिसभासम्मै तालमेल गर्ने गरी कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी ओली र नेकपा अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डबिच आन्तरिक छलफल चलिरहेको छ । राष्ट्रिय सभामा तालमेलमा कुरा मिले प्रतिनिधिसभामा पनि तालमेलको ढोका खुला राखेर अघि बढ्ने सोचमा तीनै शीर्ष नेता पुगेको स्रोत बताउँछ ।

तीन दल द्विपक्षीय छलफलमा झन् सक्रिय छन् । एमाले नेताहरूले कांग्रेससँग आधा-आधा सिट बाँडेर सहमति गर्न प्रस्ताव गरेका छन् । तर, कांग्रेसले ११ सिट लिएर बाँकी छाड्न सकिने बताएको एमालेका एक पदाधिकारीले बताए । कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्माले मुख्य राजनीतिक दल कांग्रेस, एमाले र नेकपाबिच राष्ट्रिय सभामा सहकार्य गरेर जाने प्रस्ताव आएको पुष्टि गरे । तर, एमाले वा नेकपा कोसँग मिल्दा सहज हुन्छ, आन्तरिक छलफलका आधारमा एउटा निष्कर्षमा पुगिने उनले बताए । 'मुख्य दलबिच सहकार्य गरेर जाऔं भन्ने प्रस्ताव आएको छ । एमाले वा अरूसँग मिल्दा के-कति फाइदा हुन्छ, हामी छलफलकै चरणमा छौं । केही दिनभित्रै एउटा निकर्षमा पुग्छौं,' उनले भने ।

नेकपा र एमालेबिचको पछिल्लो छलफल भने सिट बाँडफाँटे गरेर जाने तहमा नपुगेको नेताहरू बताउँछन् । गत बिहीबार एमाले महासचिव शंकर पोखरेल र नेकपा नेता वर्षमान पुनबिच छलफल भएको थियो ।

एमाले सचिव पद्मा अर्यालले राष्ट्रिय सभा निर्वाचनमा कांग्रेससँग सहकार्य गर्ने विषयमा सैद्धान्तिक सहमति जुटिसकेकाले त्यहीअनुसार छलफल चलिरहँदा पछिल्लो छलफलमा नेकपा पनि जोडिएको जानकारी दिइन् । 'कांग्रेस र हामीबिच दुवै पक्षबाट सहकार्य गरेर जाने सैद्धान्तिक सहमति भइसकेको छ । बिहीबारबाट नेकपा पनि सहकार्यको छलफलमा जोडिएको छ । तर, कोसँग कसरी सहकार्य गर्ने केही पनि टुंगिएको छैन । अहिलेलाई मोटामोटी सैद्धान्तिक सहमति मात्र भएकाले ठोस प्रगतिका लागि समय लिन सक्छ,' उनले भनिन् ।

नेकपाले कांग्रेस र एमालेसँग कुरा मिले सहकार्यको ढोका खुलै राखेर तयारी गरिरहेको नेता देव गुरुङले बताए । 'अहिलेसम्म त एक्लाएक्लै लड्ने नै तयारी हो । तर, कुरा मिलेको खण्डमा तालमेलका लागि खुला राखेरै अगाडि बढिरहेका छौं,' गुरुङले भने ।

● मीन विश्वकर्मा
प्रमुख, कांग्रेस प्रचार विभाग



मुख्य दलबिच सहकार्य गरेर जाऔं भन्ने प्रस्ताव आएको छ । एमाले वा अरूसँग मिल्दा के-कति फाइदा हुन्छ, हामी छलफलकै चरणमा छौं । केही दिनभित्रै एउटा निष्कर्षमा पुग्छौं ।

● पद्मा अर्याल
सचिव, एमाले



कांग्रेस र हामीबिच सहकार्य गरेर जाने सैद्धान्तिक सहमति भइसकेको छ । बिहीबारबाट नेकपा पनि छलफलमा जोडिएको छ । तर, कसरी सहकार्य गर्ने टुंगिएको छैन ।

● देव गुरुङ
नेता, नेकपा



अहिलेसम्म त एक्लाएक्लै लड्ने नै तयारी हो । तर, कुरा मिलेको खण्डमा कांग्रेस र एमालेसँग तालमेलका लागि खुला राखेरै अगाडि बढिरहेका छौं ।

■ २१ फागुनमा सकिँदै छ यी १९ सांसदको पदावधि



■ यस्तो छ राष्ट्रिय सभा निर्वाचनको कार्यतालिका

निर्वाचन आयोगले राष्ट्रिय सभा निर्वाचनका लागि २३ पुसमा बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने कार्यतालिका राखेको छ । त्यस्तै, २४ पुसमा दिउँसो ४ बजेसम्म उम्मेदवारको विरोधमा उजुरी दिने, २७ पुसमा दिउँसो १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिने र दिउँसो २ बजेसम्म उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्नेगरी आयोगले कार्यतालिका सार्वजनिक गरिसकेको छ ।

■ राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि नयाँ मतभार

राष्ट्रिय सभाको ११ माघमा हुने निर्वाचनका लागि दुई हजार ४३ प्रारम्भिक मतदाता कायम भएका छन् । प्रारम्भिक नामावलीमा जाँचबुझ गरी २२ पुसमा अन्तिम मतदाता नामावली प्रकाशन गर्ने आयोगको कार्यसूची छ । आयोगले प्रकाशन गरेको प्रारम्भिक मतदाता नामावलीमा प्रदेश सभा सदस्य ५४५ जना र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख १४९८ जना गरी जम्मा दुई हजार ४३ जना छन् ।

राष्ट्रिय जनगणना ०७८ को नतिजाबमोजिम राष्ट्रिय सभा सदस्यको अब रिक्त हुने पदको निर्वाचनका मतदाताका लागि नयाँ मतभार कायम भएको छ । राष्ट्रिय तथ्यांक कार्यालयको सिफारिससमेतको आधारमा राष्ट्रिय सभा सदस्यको पदका लागि मतदाता रहेका प्रदेश सभा सदस्यको ५३ र गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुखको १९ मतभारका दरले गणना हुने गरी निर्वाचन आयोगबाट निर्णय भएको छ । यसअघि राष्ट्रिय सभा सदस्य निर्वाचनमा मतभार प्रदेश सभा सदस्यका लागि ४८ र गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुखको १८ थियो । राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ बमोजिम पद रिक्त हुनुभन्दा ३५ दिन पहिले निर्वाचन गरिसक्नुपर्ने कानुनी व्यवस्था छ । निर्वाचन ऐन, २०७५ मा राष्ट्रिय सभाको निर्वाचनमा प्रदेश सभाका सदस्य र गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुखले मतदान गर्ने निर्वाचनमण्डलको मतभारको व्यवस्था छ ।

रौतहटकी १४ वर्षीया बालिका १७ दिनदेखि बेपत्ता

युवकका बुवा र साथी प्रहरी नियन्त्रणमा



● एसपी रविन कार्की, रौतहट

बालिकालाई युवाले भगाएको सूचना छ । परिवारका सदस्यले जिप्रका मकवानपुरमा जाहेरी दिएका छन् । घटना हेटौंडाको हो । हामीलाई पनि सहयोग गर्न जिप्रका मकवानपुरले भनेकाले सोहीअनुसार युवाका बुवालाई सोधपुछका लागि कार्यालय ल्याइएको हो ।

नयाँ पत्रिका

रौतहटको दुर्गाभगवती गाउँपालिका- ४ छतौनाकी १४ वर्षीया बालिका १७ दिनदेखि बेपत्ता छिन् । उनलाई भगाएको आरोपमा प्रहरीले दुईजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा रामाज्ञा राय यादव र राजेश यादव छन् ।

बालिकालाई छतौनाकै २० वर्षीय दिलीप यादवले गत २ पुस राति मकवानपुरको हेटौंडाबाट राति भगाएर लगेका थिए । त्यसयता बालिका र दिलीप सम्पर्कमा छैनन् । रामाज्ञा राय दिलीपका बाबु र राजेश उनका साथी हुन् । बालिका परिवारका सदस्यसँगै हेटौंडा उपमहानगरपालिका-४ स्थित भुटनदेवी माविमा कक्षा १० मा अध्ययनरत थिइन् । उनलाई सोही स्थानबाट भगाएर लगेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक उमाशंकर दास गुप्ताले बताए । 'बालिकालाई २० वर्षीय युवाले भगाएको सम्बन्धमा हामीकहाँ जाहेरी परेको छ । बालिका र युवाको खोजी भइरहेको छ । उनीहरूलाई भगाउन सहयोग गर्ने राजेश यादव पक्राउ परेका छन् । युवाका बुबालाई सोधपुछका लागि रौतहट प्रहरीले सम्पर्कमा ल्याइएको सूचना छ,' उनले भने ।

प्रहरीका अनुसार एकाएक सम्पर्कविहीन भएलगत्तै बालिकाकी बुबा नेमलाल राय यादवले जिल्ला प्रहरी कार्यालय मकवानपुर र जिल्ला प्रहरी कार्यालय रौतहटमातहतको इलाका प्रहरी कार्यालय गंगापिपरामा जाहेरी दिएका थिए । त्यसलगत्तै प्रहरी बालिका र युवा खोजीमा जुटेको थियो । यहीक्रममा दिलीपका बुबा रामाज्ञालाई सोधपुछका लागि नियन्त्रणमा लिइएको जिप्रका रौतहटका एसपी रविन कार्कीले बताए । 'बालिकालाई युवाले भगाएको सूचना छ । परिवारका सदस्यले जिप्रका मकवानपुरमा जाहेरी दिएका छन् । घटना हेटौंडाको हो । हामीलाई पनि सहयोग गर्न जिप्रका मकवानपुरले भनेकाले सोहीअनुसार युवाका बुबालाई सोधपुछका लागि कार्यालय ल्याइएको हो,' उनले भने ।

बुबा नेमलालका अनुसार दिलीपले बालिकालाई भारतको बिहार लगेका छन् । घटनामा दुर्गाभगवती गाउँपालिका- ४ का वडाध्यक्ष रामानन्द प्रसादको भूमिका शंकास्पद रहेको उनको दाबी छ । 'छोरी २ पुसदेखि बेपत्ता छिन् । गाउँकै दिलीप यादवले भगाएको सूचना छ । दुवैजना सम्पर्कमा छैनन् । उनीहरूले छोरीलाई बिहार लगेको सूचना छ । सकुशल छन् या तलमाथि केही भयो बुझ्न सकिएको छैन । हामी बडो चिन्तामा छौं,' उनले भने । वडाध्यक्ष रामानन्दले भने बालिकालाई दिलीपले भगाएको सूचना प्राप्त भएको, तर घटनामा आफ्नो कुनै संलग्नता नभएको बताए ।

संक्षेप

निर्वाचन यही सरकारले गराउँछ : प्रचण्ड

संखुवासभा/ नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डले आगामी २१ फागुनमा प्रतिनिधिसभाको निर्वाचन हुने दाबी गरेका छन् । शनिबार संखुवासभा सदरमुकाम खाँदबारीमा प्रेस सेन्टरले आयोजना गरेको उनले संसद् पुनर्स्थापना हुन्छ निर्वाचन हुँदैन भन्ने निराधार हल्ला फिँजाएको दाबी गरे । 'तपाईंहरू ढुक्क रहनुहोस्, यही सरकारले निर्वाचन सम्पन्न गराउँछ । निर्वाचनका लागि सबै दलहरू तयार भइसकेका छन् । सबैले समानुपातिक बन्दसूची निर्वाचन आयोगमा बुझाइसकेको छन्,' उनले भने, 'निर्वाचन हुँदैन कि भनेर शंका गर्नुपर्ने आवश्यकता छैन ।' पूर्वप्रधानमन्त्रीसमेत रहेका प्रचण्डले संविधानसभाबाट संविधान बनाउँदै गर्दा हरेक १०-१० वर्षमा आवश्यकताअनुसार संविधान पुनर्लेखन र समीक्षा गर्नुपर्ने भनिए पनि अहिलेसम्म नभएको बताए ।

कांग्रेस नेता खड्का रास्वपामा

कास्की/ कांग्रेस नेता एवं पूर्वमन्त्री कुमार खड्का राष्ट्रिय स्वतन्त्र पार्टी प्रवेश गरेका छन् । ०७४ को निर्वाचनमा उनी गण्डकी प्रदेश सभा सदस्य बनेका थिए । पूर्वशिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास, भौतिक पूर्वाधार सहरी विकास तथा यातायात व्यवस्थामन्त्री बनेका खड्का शनिबार कांग्रेस परित्याग गरी रास्वपा प्रवेश गरेका हुन् । खड्कासँगै शनिबार पोखराकी व्यवसायी मिलन थापासमेत रास्वपा प्रवेश गरेकी छिन् । अटो व्यवसायसँगै विभिन्न सामाजिक संघ-संस्थामा आबद्ध थापा कांग्रेस त्यागेर रास्वपा प्रवेश गरेकी हुन् । थापा नाडाका पूर्वअध्यक्ष ध्रुव थापाकी पत्नी हुन् । पोखराको 'रूपाकोट रिसोर्ट'का सञ्चालक पुष्प अधिकारीसमेत एमाले छाडेर रास्वपा प्रवेश गरेका छन् । गण्डकी प्रदेशका ११ जिल्लाका दुई हजार एक सयजना शनिबार रास्वपा प्रवेश गरेको पार्टीको केन्द्रीय सार्वजनिक मामिला विभागका उपप्रमुख उत्तम पौडेलले बताए । पोखरा नयाँबजारस्थित पोखरा प्रदर्शनी केन्द्रमा आयोजित गण्डकी प्रदेशस्तरीय सदस्य भेटघाट तथा बृहत् पार्टी प्रवेश कार्यक्रममा रास्वपा उपसभापति डा. स्वर्णिम वाग्लेलगायताको उपस्थितिमा उनीहरूले पार्टी प्रवेश गराइएको पौडेलले बताए । रास्वपा उपसभापति वाग्लेले आगामी निर्वाचनमा एक सय ५१ सिट ल्याउने दाबी गरे ।

सागरनाथ वन परियोजनाका चौकीदार महतोको हत्या

सर्लाही/ सर्लाहीको ईश्वरपुर नगरपालिकास्थित सागरनाथ वन परियोजनाका चौकीदारको हत्या भएको छ । शुक्रबार ईश्वरपुर नगरपालिका- २, राइटरखोरनिवासी ४७ वर्षका रामईश्वर महतोको बीभत्स हत्या भएको हो । महतोको घाँटी काटेर टाउको छुट्याएको अवस्थामा १० नम्बर प्लटनजिकै शव फेला परेको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सरोज राईका अनुसार झाडीमा महतोको गिँड मात्र फेला परेको थियो । वन तस्करले महत्त्वको बीभत्स हत्या गरेको आशंका गरिए पनि यकिन कारण खुलेको छैन । चौकीदार महतो साँझ ५ बजेतिर वनमा कसैले रुख काटिरहेको भन्दै साइकलमा वनतर्फ लागेका परिवारको भनाइ छ । अबेरसम्म पनि सम्पर्कमा नआएपछि साँझ नै परिवारले खोजी गरेको उनका ज्वाईं वीरबहादुर सिंहले बताए । खोज्ने क्रममा वनको झाडीमा महतोको बीभत्स शरीर मात्र फेला परेको उनको भनाइ छ । परिवारले लगत्तै प्रहरीलाई खबर गरेको थियो ।

ब्लड बैंक स्थापना गर्न सात लाख संकलन

धनकुटा/ जिल्ला अस्पताल धनकुटामा ब्लड बैंक स्थापना गर्न सात लाखभन्दा बढी रकम संकलन भएको छ । नेपाल रेडक्रस सोसाइटी धनकुटा शाखाको पहलमा धनकुटा अस्पतालमा ब्लड बैंक स्थापना गर्न लागिएको हो । विगतमा ब्लड बैंक स्थापना गरिए पनि प्रयोगमा नआएपछि बन्द भएको थियो । विशेषज्ञ डाक्टरहरूले सेवा दिन सुरु गरेपछि धनकुटा अस्पतालमा ब्लड बैंक स्थापना गर्न लागिएको हो । नेपाल रेडक्रस सोसाइटी धनकुटाको पहलमा ब्लड बैंक स्थापनाका लागि हालसम्म सात लाख एक हजार रुपैयाँ सहयोग संकलन भएको छ । ब्लड बैंक स्थापनाका लागि गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् जापानबाट दुई लाख, एनआरएनए अन्तर्राष्ट्रिय समन्वय परिषद् जापानका उपाध्यक्ष रोबिनप्रसाद शेरचनबाट एक लाख र एनआरएनए राष्ट्रिय समन्वय परिषद् किर्गिस्तानका पूर्वअध्यक्ष डा. किसान भण्डारीबाट दुई लाख सहयोग प्राप्त भएको नेपाल रेडक्रस सोसाइटी धनकुटाका अध्यक्ष छत्रबहादुर श्रेष्ठले बताए । त्यस्तै, एनआरएनए राष्ट्रिय समन्वय परिषद् चीनबाट ७१ हजार, एनआरएनए सचिवालयका प्रमुख कार्यकारी अधिकृत राजेन्द्रकुमार राउतबाट ५५ हजार, एसिया प्यासिफिक उपक्षेत्रीय संयोजक दीपक कँडेलबाट ५० हजार र एनआरएनए राष्ट्रिय समन्वय परिषद् कंगोबाट २५ हजार रुपैयाँ सहयोग प्राप्त भएको नेपाल रेडक्रस सोसाइटीले जनाएको छ ।

■ स्वस्थानी व्रतारम्भ



स्वस्थानी व्रतकथाको पहिलो दिन शनिबार साँखुको शालिनदीमा स्थान गर्दै श्रद्धालु । पौष शुक्ल पूर्णिमाका दिन सुरु हुने स्वस्थानी व्रतकथा माघ शुक्ल पूर्णिमाका दिन सकिनेछ । तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

जंगली हात्तीको आक्रमणबाट पाँच घरमा क्षति

लहान/ सिराहाको लहान नगरपालिका- १६ आरिदमार गाउँमा शुक्रबार राति चारवटा जंगली हात्तीले तोडफोड गरेका छन् । राति करिब ९ बजेतिर समूहमा आएको जंगली हात्तीले स्थानीय पाँचजनाको घर तोडफोड गरेको छ । लहान-१६ का वडाध्यक्ष गडुलबहादुर जर्घामगरका अनुसार हात्तीको समूहले स्थानीय भूपाल मगर, जालबहादुर थापा, भक्तबहादुर नामजाली, रामबहादुर मगर, गोपाल थापामगरको घर तोडफोड गरी अन्नपात खानुका साथै करेसाबारीमा लगाएको तरकारी बाली नष्ट गरेको छ ।

'हात्तीको समूहले सबैभन्दा बढी जालबहादुर, भूपाल र भक्तबहादुरको घरमा क्षति पुऱ्याएको छ,' उनले भने, 'हात्तीको समूह गाउँ पसेपछि रातभर गाउँलेहरू जाग्राम बसेका छन् ।' गाउँमा घर तोडफोड, अन्नपात खाएपछि हिँडेको हात्तीको समूह अहिले आरिदमारदेखि उत्तर मभेली बेतहा जंगलमा रहेको उनले बताए । उनका अनुसार बिहान करिब ९ बजेतिर लहानस्थित डिभिजन वनका सशस्त्र वन रक्षकसहित जनपद र सशस्त्र प्रहरी बलका प्रहरी आरिदमार गाउँ पुगेका छन् ।

हात्तीको प्राकृतिक वासस्थान मासिँदै गएकाले वेलावेलामा समूह बनाएर जंगली हात्ती गाउँ पस्ने गरेको डिभिजन वन कार्यालय लहानका प्रमुख शैलेन्द्रकुमार मिश्रले बताए । 'चुरे क्षेत्रको जंगल क्षेत्र जंगली हात्तीको प्राकृतिक करिडोर हो,' उनले भने, 'त्यस करिडोरमा पनि बाधा-व्यवधानको महसुस भएपछि मात्र हात्ती गाउँ पस्ने हो ।' हात्तीको समूह जंगल क्षेत्रमा रहेकाले उसलाई नचलाउन आग्रह गर्दै आफैं आफ्नो गन्तव्यतिर जाने उनले बताए । प्रायः हरेक वर्ष हिउँदमा जंगली हात्तीको समूहले सिराहाको उत्तरी क्षेत्रमा पर्ने गाउँबस्तीहरूमा पसेर तोडफोडसहित आतंक मच्चाउने गरेको छ ।

उठीवासको त्रासमा मुसहर बस्ती, सुरक्षाका लागि हारगुहार

वडासदस्यको नाममा बस्तीको जग्गा, जिल्लाको फैसलाविरुद्ध उच्चमा पुनरावेदन

लहानमा **मणिलाल विश्वकर्मा**

सिराहाको सखुवानन्कारकट्टी गाउँपालिका- २, सोठियाइन पटना गाउँमा करिब तीन दशकभन्दा बढी समयदेखि बस्दै आएको मुसहर समुदायले बस्ती सुरक्षाका लागि हारगुहार गरेको छ । करिब ५० घरधुरी मुसहर बस्ती रहेको जग्गा आफ्नो रहेको दाबीसहित स्थानीय जनप्रतिनिधिले उच्च अदालतमा मुद्दा हालेपछि बस्ती सुरक्षाका लागि पीडितहरूले हारगुहार गरेका हुन् ।

मुसहर बस्तीको उठीवास गराउन अदालतमा मुद्दा दायरदेखि स्थानीयस्तरबाट पनि विभिन्न दबाब दिइरहेकाले आफूहरू अप्ठ्यारोमा परेको बस्तीका पीडित शोभित सदायले गुनासो गरे । '०५० तिर बसेको बस्तीमा म, बुचन सदाय, लक्ष्मी सदाय र घुरती सदायविरुद्ध ३० वर्षपछि जग्गा खिचोला मुद्दा हाले,' उनले भने, 'जिल्लामा त जित्यौं, जग्गा दाबी गर्ने जनप्रतिनिधिले फेरि उच्च अदालतमा पुनरावेदन गरेपछि जसोतसो मुद्दा जोडेका छौं ।' हातमुख जोड्नै सकस भइरहेका बेला मुद्दाको प्रक्रियामा सामेल हुन, वारेस राखेर काम गराउन पनि आर्थिक कारणले समस्या भइरहेको उनको गुनासो छ ।

भक्तपुरका उपेन्द्र प्रजापति र राजाबहादुर प्रजापतिको कामत रेखदेख, खेतीपातीको उब्जनी संकलन र हिसाब हेर्ने गरी स्थानीय हरिनारायण यादव मुन्सी बसेका थिए ।



सिराहाको सखुवानन्कारकट्टी गाउँपालिका- २, सोठियाइन पटना गाउँका मुसहर समुदाय

उनको निधनपछि छोरा रामउद्गार यादवले मुन्सीको काम गर्दै आएको बुचन सदायले सुनाए । उनका अनुसार हरिनारायण मुन्सी रहेकै वेला स्थानीय ५० घरधुरीमध्ये ३२ जनाले बस्दै आएको घडेरी र खेतीपातीका लागि तीन लाख रुपैयाँसम्म बुझाएका थिए । त्यसरी रकम बुझाएकामध्ये पाँचजनाको नाममा जग्गा रजिस्ट्रेसन भएको थियो । 'जग्गा रजिस्ट्रेसन गरिदिने भन्दै रामउद्गारले मुसहरहरूसँग संकलन गरेको करिब ५० लाख रुपैयाँ लहान आएर आइएमईबाट प्रजापतिलाई पठाएका थिए,' उनले भने । कामत रहेका उपेन्द्र र राजाबहादुरको निधन भएसँगै प्रजापतिका छोराहरूले मुसहरहरूसँग उठाएको रकम नलिएको भन्न थालेपछि मुसहर बस्तीको जग्गा वडासदस्य प्रमशिलादेवी ठाकुरले आफ्नो नाममा पास गरेको शिक्षक रामसुफल यादवले सुनाए । वडासदस्य ठाकुरले पदीय आडमा तीन दशकभन्दा बढी समयदेखि बसोबास गर्दै आएको मुसहर बस्ती बसेको कित्ता नम्बर ८४५ को १० कट्ठा ४.७५ धुर जग्गा तीर्थमाया प्रजापतिसमेतबाट १० माघ ०७९ मा लहान मालपोत कार्यालयमा रजिस्ट्रेसन गराएपछि निरन्तर बस्ती खाली गर्न धम्क्याउँदै आएको पीडितहरूको गुनासो छ । स्थानीय रामसुफल सदायका अनुसार ठाकुरले पटक-पटक प्रहरीसमेत पठाएर बस्ती खाली गर्न धम्क्याउँदै आएकी छिन् ।

स्थानीय बुचन सदायले १६ साउन ०७१ देखि १३ भदौ ०७४ भदौसम्म ६ पटक गरी बस्दै आएको घडेरीसहित तीन कट्ठा जग्गाका लागि रामउद्गार परिवारका इन्दल यादवलाई दुई लाख ५४ हजार रुपैयाँ बुझाएको, तर अहिले ठाकुरले जग्गा खाली गर्न धम्क्याउने गरेको गुनासो गरे । बुचनजस्तै स्थानीय शोभित र कलेश्वर सदाले क्रमशः तीन लाख र एक लाख ५० हजार रुपैयाँ बुझाएका छन् भने अशेश्वर सदा, महेशवर सदा, मुनि सदा, फुलचन सदालगायतले बस्दै आएको घडेरीसहित जग्गाका लागि एक लाख रुपैयाँभन्दा बढी रकम बुझाएको बताए ।

रकम बुझाएका ३२ जनामध्ये किसनवती सदा, लक्ष्मीनिया सदालगायत पाँचजनालाई भने जग्गा रजिस्ट्रेसन गरिदिए बाँकीलाई आलटाल गरिरहेकै वेला भित्रभित्रै जग्गा आफ्नो नाममा ल्याएकी ठाकुरले बस्ती हटाउन धम्क्याउन थालेपछि बस्ती सुरक्षाका लागि पीडितहरूले स्थानीय अगुवा, सामाजिक अभियन्तासँग सहयोगका लागि आग्रह गरेका छन् ।

स्वायत्त प्रकृति र अविच्छिन्न निकुञ्ज सम्प्रभुता

कर्पोरेट दुनियाँले अधिक निजी नाफाका लागि चरम दोहन मच्चाउँछन्, प्रकृतिमाथि अति शोषण गर्छन्, निकुञ्जको अहित गर्छन् र त्यसलाई क्षतविक्षत् पार्छन्



● लोकबन्धु घिमिरे

अग्रलेख

प्रकृतिमा नव-उदारवादको वक्रदृष्टि : यतिखेर नव-उदारवाद उत्प्रेरित प्रकृति विनाशक 'डोजरे विकास'को अभ्यासले प्रकृति संहारणका कार्य यत्रतत्र देखिन्छ । भारतमा अरावली पर्वतमालाको दोहनदेखि नेपालका नदीनाला र पहाडको सर्वनाश यसका साक्षी हुन् । व्यापक जनदबाबपछि अरावली केसउपर भारतीय सर्वोच्च अदालतले आफ्नै फैसला पुनरावलोकन गर्दै छ । यस्तै दोहनकारी नीति नेपालमा पनि छ, जो सच्याउनैपर्छ र जनताले देखाउनुपर्छ- प्रकृति जोगाएरै पनि उच्च आर्थिक वृद्धि सम्भव छ ।

हाम्रा राजनीतिज्ञमा वातावरणीय चेत फिटिक्कै छैन । नेपालका संरक्षित क्षेत्र, चुरे वनजंगल, जैविक-विविधतास्थल, कोरिडोरमार्ग, सम्पदास्थल र निकुञ्ज-आरक्षमा कर्पोरेट वक्रदृष्टि परेको छ । नेपालमा संरक्षित क्षेत्र (निकुञ्ज, आरक्ष र थुप्रै संरक्षण क्षेत्र-मध्यवर्ती) ले ओगटेको भूभाग २३.३९ प्रतिशत छ । यिनले देशको ११८ मध्ये असीवटा पारिस्थितिकीय प्रणाली संरक्षण गरिरहेका छन् ।

तर, यिनै संरक्षित क्षेत्रभित्र व्यापक पूर्वाधार निर्माण गर्न गतवर्ष सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन (२०२९) लाई अनपेक्षित संशोधन गरेको थियो । यसबाट अन्तरपुस्ता वातावरणीय संकट पैदा हुने भन्दै सर्वोच्चले सो संशोधन बदर गरिदियो । वास्तवमा निकुञ्जहरूको सार्वभौमिकता कसैले खोस्न पाउँदैन । मानव निर्देशित उपनिवेशवादी आर्थिक दोहन र नव-उदारवादी बजार आधिपत्य निकुञ्ज-आरक्षभित्र कायम हुन सक्दैन । इकोसिस्टमको केयरिङ केपासिटी, उत्पादन साधन (इनर्जी र आहार) तथा जनसंख्या (जैव प्रजाति) ले त्यहाँको इभोल्युसनरी सार्वभौमिकतालाई अविच्छिन्न राख्छ । त्यहाँका वन्यजन्तुको होमरेन्ज (विचरण क्षेत्र) नै अविच्छिन्न स्वायत्त भूगोल हो । यो वन्यजन्तुको देश र राज्य दुवै हो ।

पर्यावरणकर्मीले सरकारबाट भएको यस्तो अप्राकृतिक संशोधनले चितवन, बर्दिया, शिवपुरीजस्ता निकुञ्जमा जतासुकै जलविद्युत्, केबलकार, होटल-रिसोर्ट निर्माण हुने र त्यसबाट मुलुकको जैविक विविधताबिनाको चपेटामा पर्ने भन्दै यो संशोधन लागू गर्न नहुने मत दिएका थिए । संशोधनले संरक्षित क्षेत्रको सन्तुलित इकोसिस्टममा खलल पुगी क्षतविक्षत् हुने, पर्यावरणीय संकट गहिरिने तथा सबै जैविक विविधतास्थल एवं निकुञ्ज-आरक्षहरू व्यापारिक-औपनिवेशिक मनोरञ्जनस्थल बन्ने डर थियो । नव-उदारवादले प्रकृतिमाथि निजीकरण र कब्जा गर्ने डर थियो । के निकुञ्ज धनीहरूको भोगविलासस्थल हो ? के वनक्षेत्र धनाढ्यको मनोरञ्जन पार्क हो ? बिल्कुलै होइन । अदालतले यो त 'कमन प्लानेटोरी रेगुलेटर' भएकाले यसको संरक्षण सामूहिक कर्तव्यपरायणताको सिद्धान्तमा पर्छ भनेकाले तत्काल राहत मिलेको छ । यसले पारिस्थितिकीय प्रणाली संरक्षणप्रति न्यायिक सामीप्यको संकेत गर्छ । तसर्थ, आमनेपालीको शताब्दीऔँको पर्यावरणीय योगदानलाई बुझ्दै यस विषयमा सम्मानित अदालतबाट भएको हरितन्याय निरुपण एवं प्राकृतिक सम्प्रभुताको कदरप्रति उच्च सम्मान छ । यसरी नै अब यस फैसलाको पूर्णपाठ पनि प्रकृति संरक्षणको इतिहासमा उत्कृष्ट हरित नजिर बनोस्, यो 'कन्जर्भेसन इम्परेटिभ'का दृष्टिले नीति निर्माताको दिग्दर्शन बनोस् ।

निकुञ्ज क्षतविक्षत् नगर : खासमा सरकारले विदेशी लगानी सहजीकरण-२०८१ अभिप्रेरित गर्न राष्ट्रिय निकुञ्ज तथा वन्यजुन्त संरक्षण ऐन-२०२९ संशोधन गर्दा सोको साबिक दफा ५ र ६ मा व्यापारीका स्वार्थपूर्ति गर्ने मनसायले उपदफा ५(क) र ६(१)क थपेको रहेछ, जो अनपेक्षित, असंगतिपूर्ण र डरलाग्दो कानुनी छेडछाड थियो । थपिएको उपदफाले निकुञ्ज र आरक्षलाई अति संवेदनशील र कम संवेदनशील क्षेत्रमा वर्गीकरण गर्ने र सो बहानामा कम संवेदनशील भन्ने हचुवा तर्कसँगै निकुञ्जमा होटेल, केबलकार, मनोरञ्जनस्थल बनाउन व्यापारीलाई अनुमति दिन खोजेको देखिन्थ्यो ।

तर मूल निकुञ्ज ऐनले अति वा कम संवेदनशील क्षेत्रका निर्धारक तत्त्व के हुन् ? भन्नेमा केही बोल्दैन । यसरी नै दफा (५) कै विद्यमान निषेधित व्यवस्थासँग यो संशोधन ५(क) अमिल्दो छ । यस्तो छद्मस्वार्थ बोकेको संशोधनले निकुञ्जको 'इकोलोजिकल सोभर्निटी' सिध्याउन सक्ने अवस्था प्रस्ट थियो । किनकि, पूरै निकुञ्ज आफैँमा एउटा अविभाज्य, अति संवेदनशील क्षेत्र हो । यो 'कम्पोजिट' पारिस्थिकीय युनिट हो, जसलाई एकीकृत रूपमै व्यवस्थापन गरिन्छ भने अनेकौँ कन्जर्भेसन उपायमार्फत यहाँका लाखौँ वर्ष पुराना जैविक स्रोतको एकीकृत प्रवर्द्धन गरिन्छ । जहाँ लोपोन्मुख, संकटापन्न र सूचीकृत वन्यजन्तु तथा वनस्पतिलाई वंशवृद्धि कायम गर्न उच्च महत्त्व दिइन्छ । त्यहाँ प्राकृतिक 'इभोलुसनरी' प्रक्रिया मात्रै स्वीकार्य हुन्छ । मानवीय हस्तक्षेप गलत मानिन्छ । यसर्थ, सरकारले थपेको उपदफा ५(क) ले निकुञ्ज खण्डीकृत भई वन्यजन्तु वासस्थानमा अपूरणीय नोक्सानीको जोखिम सिर्जना गर्ने थियो नै । यो निकुञ्जको सार्वभौमिकतामाथिको जघन्य हस्तक्षेप थियो ।

यसरी उपदफा ६(१) को साबिक प्रावधानले निकुञ्ज र आरक्षको सर्वोपरी हित हुने गरी मात्रै सरकारले सामान्य वासस्थान व्यवस्थापनका गतिविधि गर्नसम्म सक्ने तर ठुला पूर्वाधार निर्माणको परिकल्पना गर्दैन र यसमा प्रस्ट रूपले निकुञ्जको सर्वोपरी हितबाहेक अन्यथा गर्न हुँदैन नै भन्छ । यो नै प्रकृतिको सार्वभौमिकता हो । यहाँ थपिन खोजेको



उपदफा ६(१)क मूल दफा ६(१) सँग बाझिन्छ । किनकि, केबलकार, मनोरञ्जनस्थल र हाइड्रोजस्ता ठुला पूर्वाधारले जैविक विविधता र पारिस्थितिकीय प्रणाली जोगाउँदैनन् तथा निकुञ्जको सर्वोपरी हित गर्दैनन् । यिनले त अधिक निजी नाफाका लागि चरम दोहन मच्चाउँछन्, प्रकृतिमाथि अतिशोषण गर्छन्, निकुञ्जको अहित गर्छन्, निकुञ्ज क्षतविक्षत् पार्छन् । अहिले खोलानालामा सञ्चालित जलविद्युत् योजनाले गर्ने १० प्रतिशत 'इ-फ्लो'ले नै वातावरणीय संकट ल्याएको छ । यो इ-फ्लो ज्यादै न्युन छ, जसले नदीजन्य इकोसिस्टम थाम्दैन । जसले गर्दा माछा, जलचर र अन्य प्रजाति विलोपनतिर जान्छन् । अर्को पक्ष इकोलोजी नाफामा बजारमा बिक्री हुने वस्तु पनि होइन । यसैले, नाफा वा राजस्व प्राप्तिजस्ता आर्थिक विषयलाई निकुञ्ज ऐनको यो साबिक दफा ६ (१) ले चिन्दैन । यसले त सन्तुलित पारिस्थितिकीय प्रणाली नै निकुञ्जको सर्वोपरी हित हो भन्छ । मानव कल्याण (अस्तित्व) टिकाउने इकोसिस्टमको मूल्य 'एक्जिस्टेन्सियल सर्भिसिङ' हो, जो हालको बजारविधिले गणना गर्ने सकिन्न । यो मातृत्वजस्तै अनमोल हुन्छ । मौद्रिक मोल निकाल्ने नै हो भने निकुञ्जहरूले खर्बौं मूल्य मानवजातिका लागि सिर्जित गर्छन् । नवउदारवाद सो मूल्य तिर्न तयार हुँदैन । किनकि, ऊ त नीतिगत अपचलन गरी प्रकृतिलाई हमेसा निःशुल्क कौडीमा हत्याउन खोज्छ ।

> प्राकृतिक-जैविक ऐतिहासिक वैभव बोकेका हाम्रा निकुञ्ज र आरक्ष संरक्षणमा हातेमालो गर्दै नेपालमा पनि पर्यावरणीय अपराध (इकोसाइड)को जोखिमलाई रोक्नु जरुरी छ

अझै सरकारले यो दफा थप (संशोधन) गर्दा कतिसम्म हतारो गरेछ भने संवेदनशील क्षेत्रमा परियोजना निर्माण गर्दा 'इआइए' गर्नुपर्ने र वातावरणीय क्षति रोकथाम गर्ने व्यवस्था पनि गरेनछ । यसर्थ, यो संशोधन दफाबार अपरिपूरक/अदृढ थियो भने 'प्राइमा फेसिया'मा पनि अमिल्दो देखिन्थ्यो । यो संशोधन संविधान, मुलुकको राष्ट्रिय संरक्षण नीति, प्रचलित निकुञ्ज ऐन-२०२९ एवं वातावरणीय कानुनका साथै नेपाल पक्षधर जैविक विविधता महासन्धि (१९९२), साइटिस महासन्धि (१९७३), रामसार तथा युनेस्को सम्पदा महासन्धिका मर्मसँग पनि बाझिएको थियो ।

जैविक-विविधता जोगाउने औजार : जैविक-विविधताले सम्पन्न नेपाल ग्लोबल इपिआई परिसूचक-२०२४ मा ४९औँ धनीस्तरमा छ । यहाँको जलवायु र भौगोलिकताले यो विशिष्टता बनाएको हो । यति सानो मुलुकमा वैश्विक तहमा १.३ प्रतिशत प्रजाति जीवजन्तु रहेका छन्, जहाँ ८६७ प्रजातिका चरा पाइन्छन् । जबकि अमेरिकामा ६११ प्रजातिका मात्रै छन् । स्थानीय समुदाय, हाम्रा पूर्वज र प्रकृतिप्रेमी जनताले नै यस्तो इकोलोजिकल पुँजी बचाएर राखेका हुन् ।

निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र र सामुदायिक वनको सहकार्यले नै यो सम्भव भएको हो । संरक्षित वासस्थान क्षेत्रलाई हरियो लालपुर्जा दिँदा हुन्छ ।

चित्तल, हात्ती, गैँडा र बाघका नाममा यस्तो लालपुर्जा बनाइदिँदा फरक पर्दैन । चितवन निकुञ्जको गैँडाको ५५ मिलियन वर्षको इतिहास छ र यो एसियाको दोस्रो ठुलो राइनो पपुलेसन हो । निकै कम अन्य किइस्टोन प्रजातिहरू, जस्तै- एसियन हात्ती (२० मिलियन वर्ष), हिउँ चितुवा र पाटेबाघ (पाँच मिलियन वर्ष), कृष्णसार, अर्नाजस्ता लाखौँ वर्षका वन्यजीव यहाँ छन् र यिनका लागि ठुलो विचरण क्षेत्र-वासस्थान चाहिन्छ, तापनि यिनले साना क्षेत्रमा खुम्चिँदै र बडो संघर्ष गर्दै पारिस्थितिकीय भूमिका निर्वहन गरेका छन् ।

यी संरक्षित क्षेत्र प्रकृतिका गर्भाशयसमेत हुन् । यसर्थ, निकुञ्ज ऐनको गलत संशोधनले उनीहरूको सार्वभौम प्रजनन र मातृत्वकार्य संकुचित पार्थ्यो । 'जेनिटिक-स्पेसिज-इकोसिस्टम लेभल'को जैविक विविधता र कन्जर्भेसन इम्परेटिभमाथि पनि प्रहार गर्थ्यो । कुन्मिङ-मन्ट्रियल फ्रेमवर्क नेपालले पनि अनुमोदन गरेको छ, जसमा सन् २०३० भित्र देशको ३० प्रतिशत भूभागमा इकोसिस्टम कनेक्टिभिटी बढाउने कार्य तोकिएका छन् । इबिए-नास्ट प्रतिवेदन (नोभेम्बर २०२५) ले नेपालमा बाघ संरक्षण, मानव वन्यजन्तु द्वन्द्व र जलवायु चुनौतीलाई सम्बोधन गर्न थप संरक्षित कोरिडोर तथा ट्रान्सबाउन्ड्री सहकार्य चाहिने देखाएको छ । बिडम्बना, यी सबैको प्रतिकूल हुने गरी निकुञ्ज एवं वासस्थान खण्डीकृत गर्ने पूर्वाधार सरकारलाई किन चाहियो ? जबकि, हामी पश्चिम ताल परियोजनाजस्ता बृहत्तर ल्यान्डस्केप लेभलमा जैविकमार्ग विस्तार गर्ने कार्यमा पनि छौँ ।

हरित न्यायाधिकरणको खाँचो : हामीले कंगो (डाफर) को आमनरसंहार (जेनोसाइड) केसमा आइसिसी रोमविधान (१९९८) ले दण्डित गरेको देखेका छौँ । यही प्रसंगमा प्रकृति विनाश कार्य (इकोसाइड) लाई पनि आइसिसीको सो महासन्धिभित्र राख्नुपर्ने मत बलियो भएको छ । इकोसाइड पनि जेनोसाइडझैँ समान फौजदारी चरित्रको हुन्छ र यसले बृहत् पर्यावरणीय विनाशलीला मच्चाएर रुखबिरुवा, जीवजन्तु, जनधन र आममानिसको संहरण गर्छ भन्ने दाबी गरिन्छ । कार्बन उत्सर्जन, जंगल विनाश, तालतलैया विनाश इकोसाइड हुन् भनिएको छ । रोम विधानले जेनेसाइड, मानव अधिकार हनन, युद्ध अपराध र क्राइम अफ ऐग्रेसन गरी चार अपराधमा मुद्दा चलाउँछ । अहिले यही विधानमा इकोसाइड थप गरी पाँचवटा गर्न आग्रह भएको छ । यो विधानको आर्टिकल ८(२)(बी) मा कसैले पनि नियोजित र कुत्सीत मनसायले मानवताविरोधी कार्य गर्न गराउन नहुने, सार्वजनिक सम्पत्ति मास्न नहुने र वातावरणीय नोक्सानी गर्न नहुने भनेको छ । इकोसाइडले समग्र पारिस्थितिकीय प्रणालीको संहारण गर्ने हुँदा यो कुकृत्य रोक्नुपर्ने र प्रकृति विनाशको आदेश दिने अधिकारीलाई इकोसाइडको मुद्दा लगाउनुपर्ने मत बलियो भएको यही कारणले हो ।

सन् २०२५ जुलाईमा अन्तर्राष्ट्रिय अदालतले जलवायु परिवर्तन रोक्ने दायित्व राज्यहरूको हुने र यो रोक्न नसकेमा ती कार्य दण्डित हुने एडभाइजरी दिएको छ, जसले वातावरणीय न्यायको ढोका खोलेको छ । भर्खरै आइयुसिएनको वर्ल्ड कन्जर्भेसन कांग्रेस (आबुधाबी-२०२५) ले पनि इकोसाइडलाई पर्या-अपराध भनेर मान्यता दिएको छ । धेरै देशले इकोसाइड रोक्ने घरेलु कानुन बनाउँदै छन् । प्रकृतिमाथिको व्यभिचार गैरकानुनी कार्य हो, जसबाट समग्र मानव जातिउपर गम्भीरता सिर्जना हुने भएकाले आइसिसीमा प्राइमरी फरेस्ट, लिथोस्फेयर, बायोस्फेयर, सबै इकोसिस्टम, निकुञ्ज-आरक्ष विनाशका कुकार्य मानवताविरोधी इकोसाइड हुने भनी प्रस्ताव भएको यसैले हो । आउनुहोस्, हामी पनि प्राकृतिक-जैविक ऐतिहासिक वैभव बोकेका हाम्रा निकुञ्ज र आरक्ष संरक्षणमा हातेमालो गरौँ र पर्यावरणीय अपराध (इकोसाइड) को जोखिमलाई नेपालमा पनि रोकौँ ।

---

३ प्रश्न

कांग्रेस नेता **गुरुराज घिमिरे**लाई



■ **विशेष महाधिवेशनको विषय त निकै पेचिलो देखियो नि ?**

हो, यो विषय यतिखेर पार्टीभित्र निकै पेचिलो बनेर देखिएको छ । नियमित पन्ध्रौँ महाधिवेशन कि विशेष महाधिवेशन भन्ने लामो रस्साकस्सीपछि नियमित महाधिवेशनको तालिका सार्वजनिक भयो । हामीले व्यग्रतासाथ त्यसको प्रतीक्षा पनि गर्‍यौँ । तर, घोषित तालिकाअनुसार अघि बढ्नुपर्ने कुनै पनि प्रक्रिया सुरु नै नभएपछि त्यसले महाधिवेशन टार्ने कोसिस गरिन्छ कि भन्ने संशयलाई प्रमाणित गर्‍यो । नियमित महाधिवेशन हुन नसकेपछि विधानसम्मत माग गरिएको विशेष महाधिवेशन गर्नुको विकल्प छैन । अब यसका लागि सिंगो पार्टीपंक्ति तयार हुनुपर्छ ।

■ **विशेष महाधिवेशनले पार्टीलाई फुटको दिशातिर त लाँदैन ?**

यस विषयमा केन्द्रीय कार्य समितिको बहुमत 'होल्ड' गर्ने पार्टी सभापति र कार्यवाहक सभापतिले सोच्नुपर्छ । सामान्यतः विशेष परिस्थितिबाहेक चार वर्षमा गर्नुपर्ने नियमित महाधिवेशनको तयारी नगरिएपछि हामीले बाध्यतावश विशेष महाधिवेशनको माग गरेका हौँ । विधानसम्मत गरिएको मागविपरीत त्यसलाई निष्क्रिय पार्ने, मागकर्ताहरूलाई अपमानित गर्ने नेतृत्वको प्रपञ्चले पार्टीको विधिविधान मिच्ने काम गरेको छ । घोषित पन्ध्रौँ महाधिवेशन किन सच्यो भन्ने विषयमा पार्टी नेतृत्वले विशेष महाधिवेशन माग गर्ने साथीहरूलाई जानकारी दिनसम्म आवश्यक ठानेन । त्यसैले, त्यसबाट उत्पन्न हुने कुनै पनि परिणामको जिम्मेवारी वर्तमान नेतृत्वले नै लिनुपर्नेछ ।

■ **विशेष महाधिवेशनपछिको कांग्रेस कस्तो बन्ला ?**

विशेष महाधिवेशनले पार्टी एकतालाई बल पुर्‍याउँछ । यसले नयाँ नेतृत्व र नयाँ नीति तथा कार्यक्रमसाथ पार्टीलाई नयाँ ऊर्जा दिनेछ । वर्तमान सभापति पुनः उम्मेदवार हुने अवस्था नभएकाले पनि जो आए पनि नयाँ नै नेतृत्व आउने भएकाले पनि जेन-जी आन्दोलनले गरेको मागबमोजिम पार्टी रूपान्तरित भई अगाडि आउनेछ । र, आन्दोलनमा मुखरित आवाजलाई समेत सम्बोधन गरी कांग्रेस आगामी निर्वाचन अभियानमा एकढिक्का भई होमिनेछ ।

प्रेरक प्रसंग

गुरु द्रोणाचार्य र युधिष्ठिर

त्यतिखेर कौरव र पाण्डव राजकुमारहरू गुरु द्रोणाचार्यको आश्रममा बसेर शिक्षा प्राप्त गरिरहेका थिए । गुरु द्रोणाचार्य राजकुमारहरूलाई धनुर्विद्याका साथमा अनुशासन र नैतिकतासम्बन्धी विविध विषयमा शिक्षा दिन्थे । एक दिन गुरु द्रोणाचार्यले आफ्ना सबै शिष्यलाई एउटा नयाँ पाठ दिए- 'सत्यं वद' अर्थात् साँचो बोल । उनले कक्षाको अन्त्यमा भने- सबैले यस पाठलाई राम्ररी सम्झिनू, म भोलि सबैलाई यो पाठबारे सोध्नेछु । कक्षा समाप्तिसँगै सबै शिष्य आआफ्नो कक्षमा गएर पाठ याद गर्न लागे ।



भोलिपल्ट कक्षा सुरु भएपछि गुरु द्रोणाचार्यले पालैपालो सबैलाई अघिल्लो दिनको पाठ सोध्न थाले । सबैले गुरुसामु अघिल्लो दिन उनैले दिएका दुई शब्द 'सत्यं वद' दोहोऱ्याए । सबैले पाठ सुनाइसक्दा पनि राजकुमार युधिष्ठिर भने मौन थिए । गुरु द्रोणाचार्यले उनलाई पनि पाठ सोधे । तर, उनले पाठ दोहोऱ्याउन सकेनन् । उनले गुरुसित माफी माग्दै आफूले पाठ पछि सुनाउने बताए ।

यसप्रकार १५ दिन बिते । तर, युधिष्ठिरले गुरुले दिएको पाठ बताउन सकेनन् । तर, १६औँ दिन उनले आफूले पाठ याद गरेको र सुनाउन चाहेको बताए । गुरु द्रोणाचार्यको अनुमति पाएपछि उनले 'सत्यं वद' उच्चारण गरेर सुनाए । यो सुनेर गुरुले प्रश्न गरे- युधिष्ठिर, पाठ त केवल दुई शब्दको थियो । तैपनि, यसलाई याद गर्न किन तिमीले यति लामो समय लगायौ ? गुरुको प्रश्न सुनेपछि युधिष्ठिरले जवाफ दिए- गुरुदेव, पाठ त साँच्चै सामान्य थियो । दुई शब्द याद गरेर यहाँ सुनाउन खासै कठिन थिएन । तर, जबसम्म म स्वयं आफ्नो आचरणमा यसलाई धारण गर्न सक्दिनथेँ, तबसम्म म कसरी भन्न सक्थेँ कि मलाई यो पाठ याद भयो । त्यसैले, यति लामो समय लागेको थियो, गुरुदेव ! युधिष्ठिरको जवाफ सुन्दा गुरु द्रोणाचार्य निकै खुसी भए ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

महाधिवेशनको रडाको किन ?

नेपाली कांग्रेसको विशेष महाधिवेशनको माग कुनै रहर, आग्रह वा गुटगत स्वार्थ होइन, यो त पार्टी विधानको अनिवार्य पालना हो । विधानले जहाँ-जहाँ बोल्छ, त्यहाँ-त्यहाँ नेतृत्व मौन बस्न पाउँदैन । विधान कार्यान्वयन गर्ने कि नाटक गर्ने ? आजको मूल प्रश्न यही हो । कांग्रेसमा कोही पनि विधानभन्दा माथि छैन, न पद, न व्यक्ति, न केन्द्रीय समिति । पार्टीका सबै सदस्य र नेतृत्व विधानको अधीनमा बाँधिएका छन् । अन्य सबै निर्णयमा विधानको दुहाइ दिनेहरूले विशेष महाधिवेशनको सवालमा दोहोरो मापदण्ड अपनाउन मिल्दैन ।

आज पार्टीलाई भित्रभित्रै कमजोर बनाइरहेको अन्योल, अविश्वास र सत्ता-केन्द्रित राजनीतिबाट मुक्ति दिलाउनकै लागि पनि विशेष महाधिवेशन अपरिहार्य भइसकेको छ । यसलाई टार्न खोज्नु भनेको विधानको उल्लंघन मात्र होइन, कार्यकर्ताको आवाज दबाउने कार्य पनि हो । विशेष महाधिवेशन सम्पन्न गर्नु कांग्रेस केन्द्रीय समितिको वैधानिक, राजनीतिक र नैतिक दायित्व हो । यसबाट भाग्ने छुट कसैलाई छैन । बहुसंख्यक साथीहरूको वैधानिक मागलाई बेवास्ता गर्नु भनेको पार्टीको लोकतान्त्रिक आत्मामाथि प्रहार गर्नु हो । हामी स्पष्ट रूपमा भन्छौँ, महाधिवेशन हुनैपर्छ । विधान लागू हुनैपर्छ । बहुमतको आवाज सुन्नैपर्छ । त्यसैले आउनुस्, यही पुस मसान्तभित्र हुने विशेष महाधिवेशनका लागि काठमाडौँमा ऐक्यबद्ध भएर जुटौँ । यो लडाइँ व्यक्तिको होइन, विधि र विधानको हो ।

● सीताराम गौतम गुरु

गगनसँग ठुला दलका मूल नेतृत्व डराउनुको प्रमुख कारण : १. ४६ सालपछिका भ्रष्टाचार काण्डका फाइल खुल्ने डर, २. ४६ सालपछि सत्तामा बस्नेको सम्पत्ति छानबिनको भय, ३. न्यायाधीशलगायत अन्य संबैधानिक नियकायमा हुने गरेको भागबन्डा समाप्त हुने चिन्ता, ४. हरेक निकायमा दलीयकरण गरेर कार्यकर्तालाई भर्ती गर्न नपाइने चिन्ता ।

● भरत कार्की

राष्ट्रिय राजनीतिमा मात्र होइन, नेपाली कांग्रेसभित्र पनि नयाँ र पुराना पुस्ताबिचको रस्साकस्सी तीव्र हुँदै गएको छ । दीर्घकालीन रूपमा यो पार्टी पुनर्निर्माण या पुनर्संरचनाका लागि सकारात्मक संकेत हो ।

● बृहस्पति

अगाडि बढ गगन, विश्व, प्रदीपलगायत युवा । पार्टीका शुभेच्छुक र कार्यकर्ताको पूर्ण साथ रहनेछ । अन्यथा, के मुख लिएर जान्छौ जनताको घरदैलोमा ?

● विदुर खनाल

विशेष महाधिवेशन बोलाउनैपर्छ । चुनावअघि महाधिवेशन नगरे पुरानै थोत्रा अनुहार हेरेर जनताले भोट हाल्ने अवस्था छैन । पार्टीलाई प्राइभेट कम्पनी हुन र सिन्डिकेटबाट जोगाउन जरुरी छ ।

● बस्न्यात काजी भारद्वाज

देशले परिवर्तन चाहेको समयमा परिवर्तन गर्न नचाहने नेता, जनता सबै देशद्रोही हुन् ।

● कुमार राजन

दुईजना महामन्त्री एक हुँदा पनि पार्टीभित्र केही गर्न नसक्ने भए पदमा किन बसिराख्नु ? छाडिदिए भयो त ! देउवा र उनका आसेपासेले कांग्रेसलाई एमालेमा विलय गराएर 'कामाले' बनाइछाड्ने प्रपञ्च गर्दै छन् ।

● गोपाल पोखरेल

महामन्त्रीको निर्णयमा म र आमनेपाली कांग्रेसलाई माया गर्नेहरूको सहमति छ । महामन्त्रीहरू अगाडि बढ्नुस् । विरोध गर्ने भनेको टीका थाप्नेहरू मात्रै हुन् ।

● टेकराज ज्ञवाली
(नयाँ पत्रिका फेसबुक पेजबाट)

साउदी-युएई तनावले नयाँ चरणको अस्थिरतातर्फ यमन

यमनमा साउदी आक्रमणले युएईसँग तनाव सिर्जना गरेको छ भने यमन थप अस्थिर बन्ने दिशामा अघि बढेको छ



देश/विदेश

● खालिद अल-हम्मादी

साउदी अरबले मुकाल्ला बन्दरगाहमा बमबारी गरेपछि यमनमा हालसम्म कायम अरब गठबन्धनमा धाँजा फाटेको छ । विशेषतः साउदी अरब र यमन अभियानमा उसको साझेदार मुलुक संयुक्त अरब इमिरेट्स (युएई) बिच तनाव सिर्जना भएको छ । यमन अभियानमा अरब गठबन्धनका प्रवक्ता मेजर-जनरल तुर्की अल-मलिकीले मुकाल्ला बन्दरगाहमा आएका दुई जहाज साउदी अरब तथा यमनी सरकारलाई जानकारी नदिई रोकिएपछि आक्रमण गरिएको बताए । ती जहाजले साउर्दन ट्रान्जिसनल काउन्सिल (एसटिसी) का लागि ८० भन्दा बढी सवारी साधन र हतियार तथा गोलाबारुदका कन्टेनर बोकेको अल-मलिकीले जानकारी दिए ।

यमनमा यी दुई सहयोगी देशबिच पहिल्यैदेखि मतभिन्नता थियो । अहिले आएर मात्र यो चरम सीमामा पुगेकाले बाहिर सबैले देखेका हुन् । यस विवादले समग्र यमनलाई नै प्रभावित बनाउनेछ । मुकाल्ला बन्दरगाह रहेको 'हाद्रामोत गभर्नरेट' (स्थानीय निकाय) मा साउदी अरब र युएईबिच सैन्य तनाव बढेपछि यमन सरकारसमेत संकटमा परेको छ । यमनको अन्तर्राष्ट्रिय मान्यता प्राप्त शासकीय एकाइ 'प्रेसिडेन्सियल लिडरसिप काउन्सिल (पिएलसी)' दुई गुटमा विभाजित छ । ती दुई गुट फरक-फरक देशप्रति बफादार छन् । यो भिन्नता वर्षौंदेखि कायम भए पनि पहिले खासै चर्चामा थिएन । तर, अहिले त्यही नै मुख्य समस्या बनेर सार्वजनिक रूपमा विस्फोट भएको हो ।

साउदी अरब र युएई यमनलक्षित अरब सैन्य गठबन्धनका प्रमुख सदस्य हुन् । यो गठबन्धन सन् २०१५ मा हुथी समूहले यमनको राजधानी सानामा कब्जा गरेर आफ्नै सरकार बनाएपछि प्रतिरोधका लागि गठन गरिएको थियो । तर, यएईले समर्थन गरेको एसटिसीले शक्ति बढाएपछि साउदी अरब र युएईबिच स्वार्थको यो द्वन्द्व बढ्न थाल्यो । सन् २०१७ मा गठन भएको राजनीतिक तथा आर्थिक समूह एसटिसीले यमनको दक्षिणी भागलाई अलग राष्ट्र बनाउने लक्ष्य बोकेको छ । दक्षिण यमन यसअघि सन् १९६७ र १९९० बिच पनि स्वतन्त्र राष्ट्र थियो ।

डिसेम्बरको सुरुमा एसटिसीको सेनाले हाद्रामोत र अल-महरासहित सबै दक्षिणी गभर्नरेटमाथि नियन्त्रण जमाएपछि तनाव शिखरमा पुगेको छ । विशेषतः पछिल्लो परिस्थिति साउदी अरबलाई असहज बनेको छ । आफ्नो दक्षिणी सीमा क्षेत्रमा नयाँ देश निर्माणलाई उसले आफ्नो राष्ट्रिय सुरक्षाका लागि खतरा मानेको छ । त्यस्तै हाद्रामोत यमनको मुख्य तेल र ग्यास उत्पादन क्षेत्र पनि हो । यसले गर्दा साउदी अरबका लागि यो भेग सीमा सुरक्षा र व्यापारिक समीकरणसँग पनि जोडिएको छ ।

साउदी अरब र युएईबिचको पछिल्लो सार्वजनिक मतभेदले यमनको राजनीतिक, आर्थिक र सैन्य क्षेत्रमा असर पार्नेछ । यमनी राजनीतिक वृत्त पहले नै दुई शिविरमा विभाजित थिए । यस मत विभाजनको स्पष्ट असर आठ सदस्यीय शासकीय एकाइ पिएलसीमा



देखिनेछ । अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त यस निकायका पदाधिकारीसमेत साउदी अरब र युएईप्रति बफादार शिविरमा विभाजित छन् । साउदीप्रति बफादार शिविरको नेतृत्व पिएलसीका अध्यक्ष रसाद अल-अलिमीले गरिरहेका छन् । यसमा सुल्तान अल-अरादा, अब्दुल्लाह अल-अलिमी बाबाजिर र ओथमान हुसेन मुजाल्ली समावेश छन् । युएईप्रति बफादार दोस्रो शिविरको नेतृत्व एसटिसी फोर्सका प्रमुख एदारुस अल-जुबैदीले गरिरहेका छन् । यसमा अब्दुल रहमान अल-महरामी (अबु जारा पनि भनिने), तारिक मोहम्मद सालेह र फराज सालिम्न अल-बहसानी समावेश छन् ।

एसटिसीका लागि हतियार बोकेका जहाजमा साउदी अरबले आक्रमण गरेपछि अल-अलिमीले युएईलाई यमनबाट फिर्ता हुन आह्वान गरेका थिए । त्यस आह्वानप्रति नेताहरूले आफ्नो शिविरअनुरूप दुई फरक बयान दिएका छन् । एउटा यमनबाट युएईको बहिर्गमनको पक्षमा थियो भने अर्को विरुद्धमा थियो । यसरी यमनी राजनीतिज्ञ नै क्षेत्रीय खेलाडीको हितको प्रतिनिधित्व गर्ने प्रतिस्पर्धामा उत्रिएपछि यमन एउटा छद्म युद्धको गन्तव्य बनेको पुष्टि गरेका छन् ।

पछिल्लो घटनाक्रमको द्रुत विकासले यमनको वैध सरकार नै आन्तरिक गुटभित्र युद्धको नयाँ चरणमा धकेलिँदै गएको छ । अहिलेको शासकीय गठबन्धन उत्तरका हुथी विद्रोहविरुद्ध लड्ने जुन उद्देश्यसाथ बनेको थियो, त्यसैबाट टाढिएको छ । हुथीले यमनको सबैभन्दा धेरै जनसंख्या बसोवास गर्ने राजधानी सहर सानालगायत प्रान्तमाथि नियन्त्रण जमाएर बसेको छ ।

वैध यमनी सरकार र साउदी नेतृत्वको अरब गठबन्धनले हुथीको कब्जामा रहेको क्षेत्रलाई फिर्ता गर्ने लक्ष्य बोकेका थिए । तर, एक दशकपछि गठबन्धन एकआपसमै लड्न थालेपछि यमन विभाजनको संघारमा पुगेको छ । दक्षिणमा नयाँ चरणको अराजकता फैलिँदा हुथीहरूलाई उनीहरूको हालको नियन्त्रण क्षेत्रबाहिर आफ्नो प्रभाव विस्तार गर्न सहयोग पुगेछ । पछिल्लो घटनाक्रमले साउदी नेतृत्वको गठबन्धनलाई अझ कमजोर बनाउनेछ । यमनका लागि घोषित संयुक्त लक्ष्यहरू प्राप्त गर्ने यसको एकता र क्षमतामा शंका उत्पन्न गर्नेछ ।

अलजजिराबाट

(खालिद यमनी मूलका क्यानडेली पत्रकार हुन्)

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

भयावह बन्दै हिंसापीडित बालबालिकाको अवस्था

हिंसा र आपराधिक घटनाका कारण विश्वव्यापी रूपमा बालबालिका निरन्तर विस्थापित भइरहेका छन्, हामी सन् २०२६ मा यसलाई परिवर्तन गर्न सक्छौं

विश्व २०२६ मा प्रवेश गर्दै गर्दा एउटा सत्यलाई बेवास्ता गर्न असम्भव छ, विश्वभरका बालबालिकाले आधुनिक इतिहासमै सबैभन्दा ठुलो जोखिमको सामना गरिरहेका छन् । मानवीय प्रणाली उनीहरूको भविष्य जोगाउन बनाइएको भए पनि बालबालिका ठुला चुनौतीसँग जुधिरहेका छन् ।

२०२५ का घटनाले विश्वव्यापी मानवीय र विकास प्रयासमा नाटकीय विघटनलाई संकेत गऱ्यो । जब वर्षको सुरुमै संयुक्त राज्य अमेरिकाले अचानक विदेशी सहायता रोक्यो, अर्बौं डलर रातारात गायब भयो । महत्त्वपूर्ण कार्यक्रम निलम्बन गरिए, कार्यालयहरू बन्द भए र लाखौंले अचानक खाना, स्वास्थ्य सेवा, शिक्षा र सुरक्षामा पहुँच गुमाए । यसको जोखिममा सबैभन्दा बढी बालबालिका परे । रातारात दशकौंदेखि निर्भर रहेका जीवनरेखा खतरामा परे र बालबालिकाले सर्वेंजस्तै उच्च मूल्य चुकाए ।

अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूका लागि झट्का तत्काल र गम्भीर थियो । सेभ द चिल्ड्रेनमा हामी हाम्रो १०६ वर्षको इतिहासमा केही कठिन निर्णय लिन बाध्य भयौं । हामीले विभिन्न देशमा स्थापना गरेका बालबालिकासम्बन्धी कार्यालय बन्द गर्नुपऱ्यो, कर्मचारीका हजारौं पद कटौती गर्नुपऱ्यो र जीवन बचाउने कार्य रोक्नुपऱ्यो । हामीले अनुमान गरेका थियौं कि लगभग एक करोड १५ लाख मानिस (जसमा ६७ लाख बालबालिका छन्) यी कटौतीको तत्काल प्रभाव महसुस गर्नेछन् र धेरै दीर्घकालीन रूपमा प्रभावित हुनेछन् ।



● इन्गर एसिङ

सेभ द चिल्ड्रेन इन्टरनेसनलका प्रमुख कार्यकारी अधिकृत (सिइओ) हुन् ।

सहायता कटौती त्यस्तो समयमा आयो, जतिबेला विश्वव्यापी रूपमा बालबालिकाले पहिले नै द्वन्द्वदेखि विस्थापन, जलवायु परिवर्तनसम्मका ठुला चुनौतीको सामना गरिरहेका थिए र दशकौंको प्रगति उल्टिने जोखिममा थियो ।

तथ्य उदेकलाग्दो छ । २०२५ मा प्रत्येक पाँच बालबालिकामध्ये एक सक्रिय द्वन्द्व क्षेत्रमा बसोवास गरिरहेका थिए, जहाँ उनीहरू मारिएका, अपांग बनाइएका, यौन दुर्व्यवहार गरिएका र अपहरण गरिएका छन् । विश्वव्यापी रूपमा लगभग पाँच करोड बालबालिका आफ्नो घरबाट विस्थापित भएका छन् । विश्वका लगभग आधा बालबालिका (लगभग १.१२ अर्ब) सन्तुलित आहार किन्न सक्दैनन् र लगभग २७ करोड २० लाख विद्यालयबाहिर छन् । यी तथ्यांकले विश्वव्यापी असफलतालाई औंल्याउँछन् । प्रत्येक तथ्यांकका पछाडि एउटा बच्चा छ, जसको बाल्यकाल छोटो हुँदै गइरहेको छ । बाल्यकाल डर, भोक र हराएको सम्भावनाले परिभाषित गरिएको छ ।

सन् २०२५ मा बालबालिकाका लागि ल्याइएका सहायता कार्यक्रमको पतन कुनै अमूर्त बजेट निर्णय थिएन, बरु व्यक्तिगत थियो । हिंसा, जलवायु झट्का र विस्थापन तीव्र हुँदै जाँदा स्वास्थ्य क्लिनिक बन्द भए, कक्षाकोठाहरू बन्द भए र सुरक्षा सेवा गायब भए । बाल अस्तित्व, शिक्षा र अधिकारमा वर्षौंको कठिन प्रगति अचानक रद्द हुने जोखिममा पऱ्यो, जसले गर्दा लाखौं बालबालिका भोकमरी, शोषण र हिंसाको चपेटामा परे ।



११ डिसेम्बर २०२५ मा गाजा सहरको जेइटुनमा भारी वर्षापछि विस्थापित प्यालेस्टिनीलाई आश्रय दिइरहेको अस्थायी शिविरमा पाल मिलाउँदै एक महिला । **तस्बिरः एपी**

> सन् २०२५ मा प्रत्येक पाँच बालबालिकामध्ये एकजना द्वन्द्वग्रस्त क्षेत्रमा बसोवास गरिरहेका थिए, जहाँ मारिएका, अपांग बनाइएका, यौन दुर्व्यवहार गरिएका र अपहरणमा परेका छन् । विश्वव्यापी रूपमा लगभग पाँच करोड बालबालिका आफ्नो घरबाट विस्थापित भएका छन् ।

यो संकटले विश्वव्यापी सहायता प्रणालीको नाजुकता पनि प्रकट गऱ्यो । जब मानवीय सहयोग मुठीभर सरकारी दातामा केन्द्रित हुन्छ, अचानक राजनीतिक परिवर्तन बालबालिकाको जीवनमा प्रत्यक्ष रूपमा प्रतिध्वनित हुन्छन् । २०२५ का घटनाले अन्तर्राष्ट्रिय प्रतिबद्धता कति छिटो उजागर हुन सक्छन् र सबैभन्दा कम संरक्षितका लागि कति विनाशकारी हुन सक्छ भनेर देखाएको छ । तैपनि, यो उथलपुथलबिच केही असाधारण कार्य भए ।

धेरै ठाउँमा परिवार, शिक्षक, स्वास्थ्यकर्मी र स्थानीय संस्थाले सिकाइ जारी राख्न, हेरचाह प्रदान गर्न र बच्चाहरू अझै पनि खेल्न र सुरक्षित महसुस गर्न सक्ने तरिका फेला पारे । यी प्रयासले एउटा साधारण सत्यलाई जोड दिए, प्रतिक्रियाहरू सबैभन्दा बलिया हुन्छन्, जब तिनीहरू आफैं बालबालिकाको नजिक हुन्छन् ।

प्रगतिका क्षण पनि थिए । मानव अधिकारविरुद्धको दबाबले चिनिने वर्षमा महत्त्वपूर्ण कानुनी सुधारले बालबालिकाको सुरक्षालाई जोड दिए, थाइल्यान्डमा बालविवाहलाई शारीरिक सजायमा प्रतिबन्धदेखि अपराधीकरण र बोलिभियामा डिजिटल सुरक्षा कानुन पारित गर्नेसम्म । बालबालिकाको अधिकारलाई सार्वजनिक बहस र नीतिको केन्द्रमा राखियो । कठिन समयमा पनि परिवर्तन सम्भव छ भन्ने कुरा यी उपलब्धिले हामीलाई सम्झाए । २०२५ को झट्काबाट अवसर आएको छ, अनुकूलन गर्ने र नवीनता ल्याउने । बालबालिकाका लागि यो परिवर्तन महत्त्वपूर्ण छ । समुदायसँग नजिकबाट लिइएका निर्णयले बालबालिकाको वास्तविक आवश्यकता र आकांक्षालाई प्रतिबिम्बित गर्ने सम्भावना बढी हुन्छ ।

पुनर्निर्माणको यो अवधिले अब स्थगित गर्न नसकिने कठिन प्रश्नलाई पनि पुनर्जीवित गरेको छ । जीवन बचाउने सहायतालाई राजनीतिक अस्थिरताबाट कसरी अलग राख्न सकिन्छ ? एकल दाताले फिर्ता लिँदा बालबालिकालाई असर नपर्ने गरी कोषलाई कसरी विविधीकरण गर्न सकिन्छ ? र, बालबालिका र युवा आफ्नो भविष्यलाई आकार दिने निर्णयमा कसरी अर्थपूर्ण रूपमा सहभागी हुन सक्छन् ?

नवप्रवर्तनले बालबालिकालाई बचाउने मात्र होइन, यसले मद्दत गर्न सक्छ । जब डिजिटल उपकरण, डेटा र समुदाय-नेतृत्वको डिजाइन जिम्मेवारीपूर्वक प्रयोग गरिन्छ, तिनीहरूले पहुँच, जवाफदेहिता र विश्वास सुधार गर्न सक्छन् । खराब प्रयोग गर्दा तिनीहरूले असमानता गहिरो बनाउने जोखिम उठाउँछन् । चुनौती प्राविधिक होइन, यो राजनीतिक र नैतिक हो ।

बम खस्दा वा सहायता रोकिँदा बालबालिकाहरू सिक्न, खेल्न वा सपना देख्न छोड्दैनन् । शिविर, सहर र भग्नावशेषमा तिनीहरू वयस्कहरूले उनीहरूका लागि सुरक्षित गर्न असफल भएका भविष्यलाई व्यवस्थित गर्छन्, बोल्छन् र कल्पना गर्छन् । तिनीहरूले हामीलाई हाम्रो काम र अनुकूलन गर्ने क्षमता किन यति गहिरो रूपमा महत्त्वपूर्ण छ भनेर सम्झाउँछन् ।

यस वर्ष गाजामा मैले बालबालिकाले दैनिक भोगिरहेका भयावह अवस्था देखेको छु, युद्ध अहिले दुई वर्षभन्दा बढी समयदेखि चलिरहेको छ र अधिकांश क्षेत्र भग्नावशेषले ढाकिएको छ । मैले हाम्रा स्वास्थ्य सेवा क्लिनिकमा कुपोषणको सामना गरिरहेका बालबालिका देखेको छु र अहिले कतिपयले आफ्ना आमाबाबुसँगै स्वर्गमा सामेल हुन मर्न चाहन्छन् भन्ने सुनेको छु । कुनै पनि बालबालिकाले कहिल्यै पनि मृत्युलाई प्राथमिकता दिने गरी यस्तो आतंकमा बाँच्नु हुँदैन । तिनीहरू बालबालिका हुन् र तिनीहरूको आवाज सुन्न आवश्यक छ ।

यदि २०२५ ले पुरानो सहायता मोडेलको असफलतालाई उजागर गऱ्यो भने २०२६ एउटा मोड बन्नैपर्छ । एउटा फरक विकल्प सम्भव छ, जसले राजनीतिक झट्काको सामना गर्न सक्ने प्रणाली निर्माण गर्छ र त्यो प्रणाली स्थानीय नेतृत्वमा आधारित हुन्छ, ऊ सेवा गर्ने दाबी गरेका बालबालिकाप्रति जवाफदेही हुन्छ । अब चुनौती भनेको हाम्रो प्रणालीलाई पुनः आकार दिनु हो, ताकि संसार जतिसुकै परिवर्तन भए पनि हामी बालबालिकालाई सर्वैं प्राथमिकता दिन सकौं ।

-कनर्भसेसनबाट

इतिहासमा आज

जनवरी ४



सन् १९५९ : सोभियत संघले प्रक्षेपण गरेको लुना १ पृथ्वीको गुरुत्वबाहिर जाने पहिलो अन्तरिक्षयान बन्यो ।

सन् १८८४ : क्रमिक सुधारमार्फत समाजवाद निर्माणको उद्देश्यप्रति समर्पित फेबियन सोसाइटी आजकै दिन निर्माण भएको थियो । यस समाजको बेलायतको लेबर पार्टीमा निकै ठुलो प्रभाव थियो ।

सन् १८८७ : थोमस स्टिभन्स साइकलमा विश्व भ्रमण गर्ने पहिलो व्यक्ति बने ।

सन् १९४८ : बर्माले बेलायतको शासनबाट स्वतन्त्रता घोषणा गऱ्यो ।

सन् २००७ : अमेरिकाको ११० औं कंग्रेसले न्यान्सी पेलोसीलाई देशको तल्लो सदन (हाउस अफ रिप्रिजेन्टेटिभ)को पहिलो सभामुख छान्यो ।

सन् २०१० : ८२९.८ मिटर उचाइ भएको विश्वको सबैभन्दा अग्लो भवन निर्माण सुरु भएको ६ वर्षपछि आजको दिनबाट औपचारिक रूपमा खुला भयो ।

सन् २०२१ : अक्सफोर्ड-अस्ट्राजेनेकाले निर्माण गरेको पहिलो कोभिड-१९ विरुद्धको खोप आमसर्वसाधारणलाई दिन थालियो । ब्रिटिस नागरिक ब्रायन पिंकर खोप लगाउने पहिलो व्यक्ति भए ।

सन् २०२१ : पहिले नै विश्वको सबैभन्दा न्यून जन्मदर भएको देश दक्षिण कोरियामा रेकर्ड राख्न थालिएपछिकै पहिलोपटक जन्मभन्दा मृत्यु बढी मापन भयो ।

छुरा प्रहारबाट नौजनाको मृत्यु



पारामारिबो/ सुरिनामको राजधानी पारामारिबोको बाहिरी इलाकामा छुरा प्रहारबाट नौजनाको मृत्यु भएको प्रहरीले जनाएको छ । मृत्यु हुनेमा पाँचजना बालबालिका छन् । आक्रमणमा अर्का एक वयस्क र एक बालक गम्भीर घाइते भएका छन् । उनीहरूको स्थानीय अस्पतालमा उपचार भइरहेको छ । आक्रमणका एक सन्दिग्धलाई खुट्टामा गोली लागेको छ । उनलाई पनि उपचारका लागि अस्पताल लगिएको थियो । उनी प्रहरीको निगरानीमा छन् । सुरिनाम दक्षिण अमेरिकाको उत्तर-पूर्वी आन्ध्र महासागर तटमा अवस्थित एक स्वतन्त्र राष्ट्र हो ।

स्थानीय मिडियाले अधिकारी र बासिन्दालाई उद्धृत गर्दै ती व्यक्ति मानसिक स्वास्थ्य समस्याबाट पीडित रहेको बताएका छन् भने दक्षिण अमेरिकी राष्ट्रका राष्ट्रपतिले पीडितमा उनको परिवार र छिमेकी पनि रहेको बताएका छन् । 'म यो अकल्पनीय कठिन समयमा सबै शोकसन्तप्त परिवारलाई धेरै शक्ति, साहस र सान्त्वनाको कामना गर्छु,' जेनिफर गियरलिंग्स-साइमन्सले एक विज्ञप्तिमा भने ।

प्रहरीले घटनाको परिस्थितिबारे थप विवरण पछि आउने बताएको छ । सुरिनाम छुरा प्रहारबाट हुने मृत्युको सबैभन्दा कमदर भएका राष्ट्रमध्ये एक हो । तसर्थ, यसप्रकारका घटना अपेक्षाकृत दुर्लभ छन् । यद्यपि, सन् १९७५ मा नेदरल्यान्ड्सबाट स्वतन्त्रता प्राप्त गरेदेखि यसले धेरै विद्रोह र गृहयुद्ध भोगेको छ ।

इरानमा दिनदिनैको सरकारविरोधी प्रदर्शनको अर्थ



● साइमन स्पिकम्यान कोर्डल

(कोर्डल ट्युनिसियामा पत्रकारिता गर्छन्)



> प्रदर्शन र विरोध सुरुमा आर्थिक कठिनाइ र महँगीमा केन्द्रित थियो भने बिस्तारै यो राजनीतिक विरोधमा परिणत हुँदै गएको छ । विरोध सीमित क्षेत्रबाट धेरै सहरमा फैलिएको छ ।

इरानमा डिसेम्बरको अन्त्यमा अमेरिकी डलरको तुलनामा देशको मुद्रा रियाल रेकर्डस्तरमा तल्लो बिन्दुमा झरेपछि आमइरानीले महँगीको मार व्यहोर्नुपऱ्यो । यसको विरोधमा हजारौं इरानी सडकमा उत्रिएर प्रदर्शन गरिरहेका छन् । प्रदर्शन दिनानुदिन बढ्दै गएको छ । प्रदर्शनकारी र सुरक्षाकर्मीबिच ठाउँ-ठाउँमा झडप भएको छ । झडपमा प्रदर्शनकारीको मृत्युसमेत भएको छ । राष्ट्रपति मसुद पेजेस्कियनको सरकारले एकताको अपिल नै गरेको छ । देशले हाल भोगिरहेको आर्थिक दबाबका लागि तेहरानले आफ्ना 'शत्रुहरू'माथि दोष थोपरेको छ । आर्थिक सुधार लागू गर्ने र भ्रष्टाचार नियन्त्रणको थप प्रयास गर्ने पेजेस्कियनको सरकारले वाचा गरेको छ । तर, सरकारले आश्वस्त पार्न खोजे पनि विरोध प्रदर्शन भने जारी छ ।

प्रदर्शनमा कम्तीमा सातजनाको मृत्यु भएको छ भने सयौं पक्राउ परेका छन् । पछिल्लो प्रदर्शन इरानको आर्थिक संकटको विरोधमा आइतबार तेहरानका पसलेहरूले आफ्नो व्यवसाय बन्द गरेपछि सुरु भएको थियो । प्रदर्शन र विरोध सुरुमा आर्थिक कठिनाइकेन्द्रित थियो भने बिस्तारै यो राजनीतिक विरोधमा परिणत हुँदै गएको छ । विरोध सीमित क्षेत्रबाट धेरै सहरमा फैलिँदै गएको छ ।

महँगीसम्बन्धी वास्तविक चिन्ता

इरान विश्वमै सबैभन्दा धेरै पश्चिमी प्रतिबन्ध सामना गरिरहेको देशमध्ये एक हो । फराकिलो अन्तर्राष्ट्रिय प्रतिबन्धको दायराका कारण तेहरान अन्तर्राष्ट्रिय वित्तीय बजार र स्थिर विदेशी सम्पत्ति पहुँच गर्ने संघर्ष गर्नुपर्ने स्थितिमा छ । आयातमा देशको बढ्दो निर्भरताले झन् कठिनाइ बढाइरहेको छ । यसले मुद्रास्फीति दिन-प्रतिदिन बढ्ने स्थिति छ ।

गत आइतबार इरानी रियाल अमेरिकी डलरको तुलनामा १४.२ लाखले झऱ्यो । पछिल्लो ६ महिनामै त्यहाँको मुद्राको मूल्यमा ५६ प्रतिशत गिरावट आइसकेको छ । मुद्रामा आइरहेको गिरावटले मुद्रास्फीतिलाई बढावा दिएको छ । परिणामस्वरूप इरानमा खाद्यान्नको मूल्य गत वर्षको तुलनामा कम्तीमा ७२ प्रतिशतले बढेको छ । 'सरकारले इन्धनमा मात्र ध्यान केन्द्रित गर्नुको सट्टा अन्य सामानको मूल्य घटाउन ध्यान दिनुपर्थ्यो । यो वर्ष दुग्धजन्य पदार्थको मूल्य ६ गुणा र अन्य सामानको मूल्य १० गुणाभन्दा बढीले बढेको छ,' ट्याक्सी चालक माजिद इब्राहिमीले अल जजिरालाई भने ।

छ्दिै देशव्यापी बनेको प्रदर्शन

आइतबार तेहरानको व्यापारीहरूले देशको गिर्दो अर्थतन्त्रप्रति विरोध जनाउँदै सुरु गरेको प्रदर्शन देशव्यापी बन्यो । नयाँ वर्षको पूर्वसन्ध्यासम्म प्रदर्शनमा विद्यार्थीदेखि समाजका अन्य तप्कासमेत जोडिइसकेका थिए । प्रदर्शन इरानका ३१ प्रान्तमध्ये १७ प्रान्तसम्म फैलिसकेको छ । प्रदर्शनमा दर्सौं हजार मानिस सहभागी हुन थालेका छन् । सुरक्षा बलले केही ठाउँमा प्रदर्शनकारीमाथि बल प्रयोग गरेका छन् ।

इरानको अर्धसरकारी समाचार एजेन्सी फार्सले बिहीबार दक्षिण-पश्चिम इरानको लोर्डेगनमा सुरक्षा बल र प्रदर्शनकारीबिचको भिडन्तमा तीनजनाको मृत्यु भएको रिपोर्ट गरेको थियो । मध्यइरानमा रहेको अजनामा थप तीनजना र कोहदास्तमा अर्को एकजनाको मृत्यु भएको समाचार आएका थिए । 'केही प्रदर्शनकारीले प्रान्तीय गभर्नरको कार्यालय, मस्जिद, सहिद प्रतिष्ठान, टाउन हल र बैंकहरूसहित सहरका प्रशासनिक भवनमा ढुंगा हान्न थालेपछि प्रहरीले अश्रुग्यास हानेका थिए,' फार्सले लोर्डेगन भन्ने ठाउँमा भएको विरोध प्रदर्शनको समाचारमा लेखेको छ ।

सरकारको प्रतिक्रियाप्रति अन्योल

विगतमा सार्वजनिक विरोधप्रति तेहरानले कठोर प्रतिक्रिया जनाउने गर्थ्यो, जसमा ठुलो संख्यामा प्रदर्शनकारीको मृत्यु हुने गर्थ्यो । तर, यसपटक सरकारी प्रतिक्रिया केही संयमित देखिएको छ । अहिलेसम्म, प्रदर्शनकारी र सुरक्षा बलबिच धेरै ठाउँमा झडप भए पनि पेजेस्कियनको सरकारले कठोरतापूर्वक उत्रने चेतावनी दिएको छैन । बरु, उल्टो सरकारले प्रदर्शनकारीको 'वैध माग' सुन्न तयार रहेको बताएको छ ।

प्रदर्शनकारीको चिन्तालाई सम्बोधन गर्ने प्रयासमा सरकारले बुधबार केन्द्रीय बैंकको नयाँ गभर्नर नियुक्त गरेको छ । रियालको नाटकीय गिरावटपछि नवनियुक्त गभर्नर अब्दोलनासेर हेम्मतीले आर्थिक स्थिरता पुनर्स्थापित गर्ने वाचा गरेका छन् । मंगलबार, उच्च शिक्षा मन्त्रालयले तेहरान विश्वविद्यालय र दुई अन्य प्रमुख विश्वविद्यालयमा तैनाथ सुरक्षा प्रबन्धकहरूलाई बर्खास्त गऱ्यो । स्थानीय मिडियाअनुसार ती प्रबन्धकमाथि 'दुर्व्यवहारको रेकर्ड रहेको र तिनले हालै भएका विद्यार्थी प्रदर्शन राम्ररी सम्हाल्न नसकेको' भन्दै हटाइएको हो ।

पाँच वर्षअघि अमेरिकी ड्रोन आक्रमणमा वरिष्ठ इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्सका कमान्डर कासिम सुलेमानीको हत्याको सम्झनामा बिहीबार तेहरानमा आयोजित एक समारोहलाई राष्ट्रपति पेजेस्कियनले प्रदर्शनकारीको चासो सम्बोधन गर्न प्रयोग गरे । त्यहाँ बोल्दै उनले आर्थिक सुधार र भ्रष्टाचारलाई सम्बोधन गर्ने आफ्नो सरकार प्रतिबद्धता रहेको जोड दिएका थिए । 'हामी सबै प्रकारका तस्करी र घुसखोरी उन्मूलन गर्न कटिबद्ध छौं,' सहभागीहरूलाई सम्बोधन गर्दै उनले भने, 'हामी सबै जनताको समस्या समाधान गर्न र उत्पीडित तथा विपन्न वर्गको अधिकारको रक्षा गर्न एकसाथ उभिनुपर्छ ।' त्यस अवसरमा उनले जनताको जीविकोपार्जनको रक्षा गर्नु आफ्नो सरकारको मुख्य कार्यभार भएको घोषणा गरे ।

यसअघि सन् २०२२ मा २२ वर्षीया युवती महसा अमिनीको हिरासतमा मृत्यु भएपछि पनि इरानमा ठुलो विरोध प्रदर्शन उठेको थियो । त्यस वर्ष सेप्टेम्बरमा हिजाब सही तरिकाले नलगाएको कारण पक्राउ परेकी अमिनीको हिरासतमै मृत्यु भएको थियो । पश्चिमी सहर साक्केजमा अमिनीको अन्त्येष्टिपछि लगतै पहिलोपटक प्रदर्शन सुरु भएको थियो । त्यसपछि महिलाले मृतक महिलाप्रति ऐक्यबद्धता जनाउँदै आफूहरूले लगाउने स्कार्फ च्यात्ने अभियान नै चलाए । अमिनीप्रति ऐक्यबद्धता व्यक्त गर्दै विभिन्न प्रकृतिको प्रदर्शन देशैभरि फैलियो । त्यसपछि तेहरानले कठोर प्रतिक्रिया जनायो । दर्सौं हजार मानिसलाई मनोमानी रूपमा गिरफ्तार गरियो । प्रदर्शनमा व्यापक अश्रुग्यास र गोलीको प्रयोग गरियो । मानव अधिकार संगठनका अनुसार त्यतिबेला सरकारी दमनमा सयौं मानिसको मृत्यु भएको थियो ।

सन् २०२४ मा संयुक्त राष्ट्र संघका विज्ञहरूको एक अनुसन्धानले अमिनीको मृत्युपछि उठेको प्रदर्शनमा तेहरानले गरेको दमनलाई 'मानवताविरुद्धको अपराध'को संज्ञा दिएको छ । । तथापि, त्यस आरोपलाई तेहरानका अधिकारीले भने 'झुटा' र 'पक्षपाती' भनेर अस्वीकार गरेका थिए । सन् २०२२ को विरोध प्रदर्शनपछि केही समयका लागि अमिनीको गिरफ्तारीका लागि जिम्मेवार धार्मिक प्रहरीलाई नै निलम्बन गरिएको थियो । तथापि, अर्को वर्ष प्रदर्शन मत्थर भएपछि फेरि त्यसलाई पुनर्स्थापित गरिएको थियो ।

इरान र अमेरिकाको प्रतिक्रिया

बिहीबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पनि इरानी प्रदर्शनप्रति टिप्पणी गरे । यसअघि सन् २०१८ मा इरानले अणविक विकासलाई सीमित गरेबापत प्रतिबन्ध कम गर्ने इरानसँगको आणविक सम्झौताबाट अमेरिकालाई एकतर्फी रूपमा फिर्ता ल्याएका ट्रम्पले भने, 'यदि इरानले आफ्नो पुरानो चलनअनुसार शान्तिपूर्ण प्रदर्शनकारीमाथि गोली हान्दै हिंसात्मक रूपमा मार्छ भने अमेरिकाले प्रदर्शनकारीको उद्धारमा अघि आउनेछ ।'

बिहीबार इजरायली विदेश मन्त्रालयले आफ्नो फारसी सामाजिक सञ्जाल खातामा सिंह र सूर्यअंकित इस्लामिक क्रान्तिअघिको इरानको प्रतीक चिह्न राख्दै लेखेका थिए, 'अन्धकारविरुद्ध लड्न इरानी सिंह र सिंहनीहरूको उदय ।' जुन महिनामा, इरान र इजरायलबिचको १२ दिने युद्धका क्रममा इजरायल र अमेरिकाले इरानमाथि अक्रमण गरेका थिए । त्यस द्वन्द्व अमेरिकाले इरानको आणविक सुविधामा निर्णायक हमला भएको दाबी गरेपछि समाप्त भएको थियो । तर, इजरायलले इरानमाथि थप आक्रमणको तयारी गरिरहेको अनुमान जारी छ ।

यसै हप्ता अमेरिकी समाचार वेबसाइट एक्सियोसमा प्रकाशित रिपोर्टअनुसार ट्रम्प र अमेरिका भ्रमणमा रहेका इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले इरानमाथि थप हमलाबारे छलफल गरेका थिए । त्यस छलफलमा तेहरान समर्थित लेबनानी समूह हिज्बुल्लाहलाई पनि निसाना बनाउनेबारे छलफल भएको थियो । उता यस समाचारप्रति सामाजिक सञ्जालमा प्रतिक्रिया दिँदै पेजेस्कियनले लेखेका थिए, 'कुनै पनि क्रूर आक्रमणका लागि इस्लामिक गणतन्त्र इरानको जवाफ कठोर हुनेछ ।'

- अलजजिराबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार २० पुस ०८२

पाँच महिनामा १७.५६ प्रतिशतले घट्यो बिमा पोलिसी सरेन्डर

पाँच महिनामा ४५ हजार ६० वटा पोलिसी सरेन्डर, ३७ अर्बका १२ लाख २० हजार पोलिसी भने नवीकरण हुन बाँकी

बिमितको आम्दानी बढ्दै गएको छ



● **पोषकराज पौडेल**, प्रमुख कार्यकारी अधिकृत, सिटिजन लाइफ इन्स्योरेन्स

विगतमा आर्थिक शिथिलताका कारण बिमा सरेन्डर बढेको थियो । बिमितको आम्दानी प्रभावित आर्थिक आवश्यकता पूर्ति गर्न पनि बिमा सरेन्डर गर्ने गरेका थिए, बिमितको आर्थिक आवश्यकता कम छ । विगतको जस्तो क्राइसेस पनि छैन । ब्याजदर सस्तो भएका कारण ऋण लिएर पनि आर्थिक आवश्यकता पूरा गर्न सक्ने देखिएको छ । बिमितको आम्दानी पनि बढ्दै गएको छ । बिमितहरूले सहज रूपमा वित्तीय योजनाहरू बनाउन पाएका छन् । फलस्वरूप बिमा सरेन्डर घटेको छ ।



मिलन विश्वकर्मा/नयाँ पत्रिका

विगतका वर्षमा बढ्दो क्रममा रहेको जीवन बिमा पोलिसी सरेन्डर चालू आर्थिक वर्ष ०८२/८३ मा भने घटेको छ । चालू आर्थिक वर्ष ०८२/८३ पहिलो पाँच महिनामा १७.५६ प्रतिशतले बिमा सरेन्डर घटेको छ ।

गत आवभर एक लाख आठ हजार दुई सय ३८ पोलिसी सरेन्डर भएको थियो । गत आवको मंसिर मसान्तसम्म भने ४५ हजार ६० वटा पोलिसी सरेन्डर भएको बिमा प्राधिकरणको तथ्यांक छ । चालू आवको मंसिर मसान्तसम्म भने ३७ हजार एक सय ४९ वटा पोलिसी सरेन्डर भएको प्राधिकरणले जनाएको छ ।

रकमका आधारमा पोलिसी बिमा सरेन्डर ६.८० प्रतिशतले घटेको छ । गत आवमा १५ अर्ब १५ करोड २१ लाख रुपैयाँबराबरको बिमा सरेन्डर भएको थियो । गत आवको पहिलो पाँच महिनामा ६ अर्ब १० करोड ७२ लाख लाख रुपैयाँको बिमा पोलिसी सरेन्डर भएको थियो । चालू आवको पाँच महिनामा भने पाँच अर्ब ६९ करोड २१ लाख रुपैयाँको बिमा सरेन्डर भएको प्राधिकरणको तथ्यांकमा उल्लेख छ ।

बिमितले पाँच वर्ष, १० वर्ष, १५ वर्षजस्ता निश्चित अवधि तोकेर बिमा गरेका हुन्छन् । त्यसका लागि वार्षिक रूपमा किस्ता तिर्नुपर्छ । यदि, सम्झौता अवधिभर बिमालाई निरन्तरता दिन नचाएमा बिमितले आवश्यक प्रक्रिया पूरा गरेर पोलिसी बन्द गर्न सक्नेछन् । बिमितले त्यही अवधिसम्म तिरेको बिमाशुल्क र आर्जित बोनस फिर्ता पनि पाउनेछन् । यद्यपि, त्यसमा केही शुल्क भने काटिनेछ । साथै, बिमा गरेको न्यूनतम तीन वर्ष पूरा भएको हुनुपर्ने सर्त पनि छ ।

पोलिसि सरेन्डर नियमित प्रक्रिया पनि हो । विगतमा आर्थिक शिथिलताका कारण बिमालेख सरेन्डर बढ्दै आएको थियो । तर, अहिले बिमा सरेन्डर घट्न थालेको तथ्यांकले पुष्टि गरेको छ ।

सिटिजन लाइफ इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत पोषकराज पौडेलले बिमा सरेन्डर घट्न थालेको बताए । 'विगतमा आर्थिक शिथिलताका कारण बिमा सरेन्डर बढेको थियो । बिमितको आम्दानी प्रभावित आर्थिक आवश्यकता पूर्ति गर्नका लागि पनि बिमा सरेन्डर गर्ने गरेका थिए,' उनले भने, 'बिमितको आर्थिक आवश्यकता कम छ । विगतको जस्तो क्राइसेस पनि छैन । ब्याजदर सस्तो भएका कारण ऋण लिएर पनि आर्थिक आवश्यकता पूरा गर्न सक्ने देखिएको छ । बिमितको आम्दानी पनि बढ्दै गएको छ । बिमितहरूले सहज रूपमा वित्तीय योजनाहरू बनाउन पाएका छन् । फलस्वरूप बिमा सरेन्डर घटेको छ ।'

समीक्षा अवधिमा जीवन बिमा कम्पनीहरूले ७८ अर्ब ७७ करोड ५८ लाख रुपैयाँ बिमाशुल्क संकलन गरेका छन् । त्यसको ७.२२ प्रतिशतको अनुपात रकममा पोलिसी सरेन्डर भएको छ ।

कतिपय अभिकर्ता तथा बिमितले रणनीतिक रूपमा पोलिसी सरेन्डर गर्ने गरेको पनि कम्पनीहरू बताउछँन् । कतिपय अभिकर्ताले कम्पनी परिवर्तन गर्दा आफ्नो नजिकका बिमितलाई पनि सँगै लिएर जाने गरेका छन् । यसैगरी, कमिसनका लागि पनि पोलिसी बन्द गराएर पुनः बिमा गराउने प्रवृत्ति पनि कायम छै । २०-२५ वर्षको अवधि राखेर बिमा गरिन्छ । तर, अभिकर्तालाई १० वर्ष मात्र कमिसन दिने नीति छ । त्यसमा सुरुका वर्ष धेरै कमिसन पाइन्छ । त्यो अवस्थामा अभिकर्ताले पोलिसी सरेन्डर गराएर पुनः बिमा गर्ने प्रवृत्ति पनि छ । त्यसका बाबजुद पोलिसी सरेन्डर घट्नु सकारात्मक रहेको कम्पनीहरू बताउँछन् ।

नवीकरण भएनन् ३७ अर्बका १२ लाख २० हजार पोलिसी

प्राधिकरणको तथ्यांकअनुसार १२ लाख २० हजार चार सय १५ वटा पोलिसी नवीकरण नभई व्यतीत भएर बसेका छन् । यस्तो पोलिसीको संख्या ०.४९ प्रतिशतले बढेको छ ।

गत आवको चैतसम्म यस्तो पोलिसीको संख्या १२ लाख १४ हजार पाँच सयवटा थियो । चालू आवको मंसिर मसान्तसम्म आउँदा त्यो १२ लाख २० हजार चार सय १५ पुगेको हो । त्यसको रकम भने ३७ अर्ब ९८ करोड ३७ लाख रुपैयाँ छ । रकमका आधारमा व्यतीत बिमालेख ४.४२ प्रतिशतले बढेको छ । गत आवको मंसिरसम्म यस्तो रकम ३५ अर्ब ४१ करोड ९६ लाख रुपैयाँ छ ।

बिमितले वार्षिक रूपमा तोकिएको बिमाशुल्क कम्पनीलाई तिर्नुपर्छ । तर, बिमितले त्यस्तो बिमालेख सरेन्डर गरेनन् र बाँकी किस्ता पनि तिरेनन् भनेर व्यतीत भएर बसेको हुन्छ । व्यतीत भएपछि बिमालेखले बिमितको जोखिम रक्षावरण गर्दैन । यद्यपि, बिमितले कुनै पनि वेला बक्यौता तिरेर बिमालेख सक्रिय बनाउन सक्नेछन् । तीन वर्षको किस्ता तिरिसकेको अवस्थामा पोलिसी बन्द गरेर बिमितले आफूले पाउनुपर्ने रकम भुक्तानी लिन पनि सक्नेछन् ।



थप १८ भन्सार कार्यालयमा अनलाइन भ्यालुएसन प्रणाली

४० भन्सार कार्यालयमध्ये २९ मा अनलाइन भ्यालुएसन प्रणाली, कारोबार मूल्यमा भन्सार मूल्यांकन हुने हुँदा व्यापार पारदर्शी बन्ने



■ भन्सार विभागका महानिर्देशक श्यामप्रसाद भण्डारी भन्छन्-



व्यवसायीले तिरेको वा तिर्नुपर्ने वास्तविक कारोबारका आधारमा भन्सार जाँचपास हुने हुँदा यसले समग्र अर्थतन्त्रलाई पारदर्शी बनाउँछ । विगतमा सन्दर्भ मूल्यसूचीका आधारमा भन्सार जाँचपास हुँदा वास्तविक मूल्यांकन नहुने र बजारसम्म पुग्दा बिलबिजकमै फरक पर्ने देखिएको थियो, अब कारोबारमा आधारित भन्सार जाँचपास भएपछि मूल्यांकन यथार्थ हुनेछ ।

नयाँ पत्रिका

स्वचालित जाँचपास भन्सार प्रणाली (आसिकुडा) सञ्चालनमा रहेका देशभरका थप १८ भन्सार कार्यालयमा अब अनलाइन भ्यालुएसन प्रणाली पनि सुरु भएको छ । योसँगै वास्तविक कारोबार मूल्यका आधारमा भन्सार जाँचपास हुने 'अनलाइन भ्यालुएसन डेटाबेस सिस्टम' लागू हुने कार्यालयको संख्या २९ पुगेको छ ।

भन्सार विभागअन्तर्गत हाल ४० वटा मूल तथा एक सय ३३ वटा छोटी भन्सार कार्यालय छन् । त्यसमध्ये २९ भन्सार कार्यालय स्वचालित प्रणालीमा आधारित छन् । त्यसमध्ये सन्दर्भ मूल्यको सट्टा कारोबार मूल्यमा भन्सार जाँचपास हुने कार्यालय ११ वटा रहेका थिए । शुक्रबारबाट थप १८ कार्यालयमा यस्तो प्रणाली सुरु भएको भन्सार विभागका महानिर्देशक श्यामप्रसाद भण्डारीले बताए । व्यवसायीले तिरेको वा तिर्नुपर्ने वास्तविक कारोबारका आधारमा भन्सार जाँचपास हुने हुँदा यसले समग्र अर्थतन्त्रलाई पारदर्शी बनाउने उनको भनाइ छ । 'विगतमा सन्दर्भ मूल्यसूचीका आधारमा भन्सार जाँचपास हुँदा वास्तविक मूल्यांकन नहुने र बजारसम्म पुग्दा बिलबिजकमै फरक पर्ने देखिएको थियो,' उनले भने, 'अब कारोबारमा आधारित भन्सार जाँचपास भएपछि मूल्यांकन यथार्थ हुनेछ, व्यवसायीहरू पारदर्शी हुनेछन्, समग्रमा अर्थतन्त्र पारदर्शी हुनेछ ।'

अर्थमन्त्री रामेश्वार खनालले शुक्रबार अनलाइन भ्यालुएसन प्रणालीको भर्चुअल उद्घाटन गर्दै यससँगै विश्व व्यापार संगठनको भन्सार मूल्यांकनसम्बन्धी सम्झौता पूर्ण रूपमा लागू हुन सकेको बताए ।

'लामो समयपछि भन्सारमा जिएटिटी भ्यालुएसन सिस्टम पूर्ण रूपमा लागू भएको छ, अब सन्दर्भ मूल्यको सट्टा कारोबार मूल्यमा जाँपास हुनेछ,' उनले भने, 'वस्तुको मूल्य बजारले निर्धारण गर्ने हुँदा सोहीअनुसार प्रक्रियागत सरलीकरण गरिएको हो ।'

अर्थमन्त्री खनालले अनलाइन भ्यालुएसन प्रणाली सुरु भएसँगै निजी क्षेत्रले नक्कली बिलबिजक जारी गर्नुपर्ने बाध्यताको अन्त्य भएको बताए । यही परिवर्तनअनुसार व्यवसायीहरू पनि वास्तविक कारोबार र सही कागजात मात्र पेस गरी इमानदार हुनुपर्ने उनले बताए । आगामी दिनमा भन्सारलाई उत्पादन र निर्यातमा आधारित अर्थतन्त्र निर्माणको मेरुदण्डका रूपमा विकास गरिनुपर्नेमा उनले जोड दिए ।

राजस्व सचिव भूपाल बरालले प्रणाली विकास र कार्यान्वयनको मात्रै नभई पात्र र प्रवृत्तिमा समेत सुधार हुनुपर्ने बताए । उनले राजस्व चुहावट नियन्त्रण, सदाचारिता र व्यावसायिकतामा जोड दिए । विभागका महानिर्देशक भण्डारीले व्यापार सहजीकरण, राजस्व संकलन र प्रविधिको विस्तारमा विभाग निरन्तर लागिपर्ने प्रतिबद्धता जनाए ।

दुई महिनामा दुई क्विन्टल छुर्पी उत्पादन

बाँके/ नेपालगन्ज उपमहानगरपालिका- २० नयाँ बस्तीस्थित साथी स्वावलम्बन सहकारी संस्थाले दुई महिनामा दुई क्विन्टल छुर्पी उत्पादन गरेको छ । गाउँमा उत्पादित दुध खपत गर्ने उद्देश्यले छुर्पी उत्पादन थालेको सहकारीका व्यवस्थापक मेघराज खत्रीले जानकारी दिए । दैनिक करिब १० किलो छुर्पी उत्पादन भइरहेको उनले बताए ।

'दुध खपत गर्न छुर्पी उत्पादनमा लागेका हौं,' उनले भने, 'छुर्पी उत्पादन गर्न थालेपछि 'मिल्क होली डे'को समस्या पनि समाधान भएको छ ।' जाडोयाममा धेरै दुध उत्पादन हुने गरे पनि बिक्री नहुने समस्या रहेकाले छुर्पी उत्पादन गर्न थालेको उनले बताए । छुर्पीका लागि दुध खपत हुन थालेपछि किसानहरू खुसी भइरहेको उनले बताए ।

सहकारीले उत्पादन गरेको छुर्पी नेपालगन्ज, कोहलपुर, राँझाका पसलमा बिक्री हुने गरेको उनले जानकारी दिए । सहकारीबाट बजार मूल्यभन्दा सस्तोमा बिक्री गर्दै आएको खत्रीले बताए । 'बजारमा छुर्पीको मूल्य एक हजार रुपैयाँ छ, तर हामीले आठ सय रुपैयाँमा बिक्री गर्दै आएका छौं,' उनले भने ।

चौंरी गाईको दुधबाट मात्र छुर्पी बन्छ भन्ने मानसिकताका कारण बजारीकरणमा कठिनाइ भएको बताए । 'गाईको दुधबाट बनेको छुर्पी खैरो रङको हुन्छ । पहिलेदेखि नै खैरो रङको छुर्पी हामीले देखेका थियौं,' उनले भने, 'भैंसीको दुधबाट बनेको छुर्पी हल्का सेतो हुने भएकाले प्रयोगकर्ता अलमलमा पर्छन् । यसले बजारीकरणमा केही समस्या भएको छ ।'

आम्दानीको भरपर्दो स्रोत बन्दै सुन्तला खेती



भोजपुरका किसानका लागि सुन्तला खेती आम्दानीको भरपर्दो स्रोत बन्दै गएको छ । सडक पहुँच र बजार विस्तारसँगै व्यावसायिक सुन्तला उत्पादकले राम्रो मूल्य पाउन थालेपछि आर्थिक अवस्था सबल बन्दै गएको किसानहरू बताउँछन् । पहिले स्थानीय बजारमै सीमित सुन्तला अहिले बगानमै ठेकेदार आएर खरिद गर्न थालेका छन् । भोजपुरमा उत्पादन भएको सुन्तला धरान, इटहरी, विराटनगर, बिर्तामोड र काठमाडौंलगायतका प्रमुख सहरका बजारमा पुग्न थालेको छ ।

तस्बिर : संजित परियार/नयाँ पत्रिका

बर्दिया राष्ट्रिय निकुञ्ज घुम्ने विदेशी पर्यटक घटे

बर्दियामा **प्रकाश पौडेल**



बर्दिया राष्ट्रिय निकुञ्ज घुम्न आउने विदेशी पर्यटकको संख्यामा कमी आएको छ । जेन-जी आन्दोलनले गर्दा अग्रिम बुकिङ गरेका विदेशी पर्यटकले बुकिङ रद्द गरेसँगै निकुञ्ज घुम्न आउने पर्यटकको संख्यामा कमी आएको हो ।

भदौको २३ र २४ गतेको आन्दोलनपछि निकुञ्ज घुम्न आउने तयारी गरेका धेरै विदेशी नागरिकले अग्रिम बुकिङ रद्द गरेको वाइल्ड ट्रेयाल्स नेपालका सञ्चालक रामराज ढकाललले बताए । उनले भने, 'निकुञ्ज घुम्न आउने तयारीमा रहेका केही विदेशीले जेन-जी आन्दोलनले गर्दा तत्काल घुम्न नआउने भन्दै बुकिङ रद्द गरे । आन्दोलनको प्रभाव प्रत्यक्ष-अप्रत्यक्ष रूपमा पर्यटन व्यवसायमा समेत परेको छ ।'

बर्दिया राष्ट्रिय निकुञ्जमा चालू आर्थिक वर्ष ०८२/८३ को मंसिरसम्ममा सार्क राष्ट्रबाट दुई सय २१ पर्यटक र अन्य विदेशी पर्यटक दुई हजार आठ सय ५० जना आएका छन् । त्यसैगरी निकुञ्जमा गत आर्थिक वर्ष ०८१/८२ को मंसिरसम्ममा सार्क राष्ट्रबाट तीन सय ६२ जना पर्यटक र अन्य देशका विदेशी पर्यटक तीन हजार ३६ जना घुम्न आएको निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत सरोजमणि पौडेलले बताए ।

वरिष्ठ प्रकृति पथप्रदर्शक राम शाहीले पछिल्लो समय निकुञ्ज घुम्न आउने पर्यटकको संख्या बढिरहेको थियो, तर जेन-जी आन्दोलनले गर्दा निकुञ्ज घुम्न आउने पर्यटकको संख्यामा कमी आएको बताए । उनले भने, 'यसरी देशमा हुने उथलपुथलले पर्यटन व्यवसायमा असर पर्ने गरेको छ । जसले पर्यटन व्यवसायमा लगानी गर्ने जोखिम व्यवसायीले लिन चाहिरहेका छैनन् ।' पर्यापर्यटनको दृष्टिकोणले महत्त्वपूर्ण मानिएको निकुञ्जभित्र बाघ, गैंडा, हात्ती, अजिंगर, चित्तल, मृग, बाह्रसिङे, रतुवा सजिलै देख्न पाइन्छ । यसकारण पनि पर्यटकको रोजाइमा निकुञ्ज पर्ने गरेको छ ।

४८ हजार पशुलाई खोरेत रोगविरुद्धको भ्याक्सिन लगाइँदै



बर्दिया/ पशुमा फैलिने खोरेत रोग नियन्त्रणका लागि बर्दियामा ४८ हजार पशुलाई खोरेत रोगविरुद्धको भ्याक्सिन लगाइने भएको छ । एकीकृत कृषि तथा पशुपक्षी विकास कार्यालयले पालिकासँग सहकार्य गरेर खोरेत रोगविरुद्धको भ्याक्सिन लगाउन थालेको हो ।

खोरेत रोग जंगली जनावरबाट घरपालुवा गाई, भैंसी, बाख्रा, बँदेल, बंगुरलगायतमा फैलिने भयानक सरुवा रोग हो । यो रोग महामारीका रूपमा फैलन सक्छ । एकीकृत कृषि तथा पशुपक्षी विकास कार्यालयले चालू आर्थिक वर्ष ०८२/८३ मा ४८ हजार पशुलाई भ्याक्सिन लगाउने गरी जनशक्ति परिचालन गरेको छ । त्यसैगरी, कार्यालयले आर्थिक वर्ष ०८१/८२ मा ४० हजार पशुलाई र आर्थिक वर्ष ०८०/८१ मा ४५ हजार पशुलाई खोरेत रोगविरुद्धको भ्याक्सिन लगाएको थियो ।

पशुसेवा अधिकृत डाक्टर रूपेन्द्रकुमार वलीले खोरेत लागेका पशुमा एक्कासि उच्च ज्वरो आउने, मुख र जिब्रो, गिजामा फोका र घाउ हुने, खुरको बिचमा वा खुट्टामा फोका आउने, धेरै च्याल बग्ने, दुधको उत्पादन घट्ने, लंगडोपन हुने, हिँड्न गाह्रो हुने, बच्चाको मुटुमा असर परेर मर्ने सम्भावना हुने बताए । खोरेत रोग हावापानी, रोगी जनावरको प्रत्यक्ष सम्पर्क, रोगी जनावरको मासु, काँचो दुध, रोगी जनावरको सम्पर्कमा रहेका मानिसबाट पशुमा सर्ने डाक्टर वलीले बताए ।

नेपालमा १५ देशका ३० अन्तर्राष्ट्रिय एयरलाइन्स

सञ्चालनमा तीन अन्तर्राष्ट्रिय विमानस्थल, तर उडान-अवतरण काठमाडौं र भैरहवाबाट मात्रै

नयाँ पत्रिका

नेपालमा अन्तर्राष्ट्रिय उडान गर्ने वायुसेवा कम्पनीको संख्या ३० पुगेको छ । नेपालसहित १५ देशका ३० विमान कम्पनीले २८ गन्तव्यमा अन्तर्राष्ट्रिय हवाई सेवा प्रदान गरिरहेको नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ ।

प्राधिकरणका अनुसार नेपालमा सबैभन्दा बढी अन्तर्राष्ट्रिय हवाई सेवा दिनेमा चीन र भारतका कम्पनी रहेका छन् । चीनका चार र भारतका चार विमान कम्पनीले नेपालबाट विभिन्न अन्तर्राष्ट्रिय गन्तव्यमा उडान गर्दै आएका छन् । चीनको एयर चाइना, चाइना इर्स्टन, चाइना साउर्दन र सिचुवान एयरलाइन्सले नेपालमा अन्तर्राष्ट्रिय हवाई सेवा प्रदान गरिरहेका छन् । त्यस्तै, भारतका एयर इन्डिया, इन्डिगो एभिएसन, एयर इन्डिया एक्सप्रेस र स्पाइस जेटले नेपालमा हवाई सेवा प्रदान गर्दै आएको प्राधिकरणले जनाएको छ ।

नेपाल, युएई र थाइल्यान्डका समान तीन-तीन कम्पनीले नेपालमा अन्तर्राष्ट्रिय हवाई सेवा उपलब्ध गराउँदै आएका छन् । नेपालका नेपाल एयरलाइन्स, हिमालय एयरलाइन्स र बुद्ध एयर, थाइल्यान्डका थाई एयर एसिया, थाई एयरवेज र थाई लायन र युएईका एयर अरेयिबा, एयर अरेयिबा अबुधाबी र फ्लाई दुबईले नेपालमा अन्तर्राष्ट्रिय हवाई सेवा दिँदै आएका छन् ।



प्राधिकरणका अनुसार मलेसिया, भुटान र कुवेतका दुई-दुई अन्तर्राष्ट्रिय एयरलाइन्सले नेपालमा सेवा दिइरहेका छन् । नेपालमा सञ्चालनमा रहेका भुटानका अन्तर्राष्ट्रिय एयलाइन्समा ड्रुक एयर र टासी एयर, कुवेतका जजिरा एयरवेज र कुवेत एयरवेज तथा मलेसियाका बटिक एयर र मलेसियन एयरलाइन्स रहेका छन् ।

कतारको कतार एयरलाइन्स, सिंगापुरको सिंगापुर एयरलाइन्स, दक्षिण कोरियाको कोरियन एयरलाइन्स, टर्कीको टर्किस एयरलाइन्स, श्रीलंकाको श्रीलंकन एयरलाइन्स, बंगलादेशको विमान बंगालदेश र हडकडको क्याथे प्यासेफिक एयरवेजले पनि नेपालमा अन्तर्राष्ट्रिय हवाई सेवा प्रदान गराउँदै आएका छन् । नेपालमा सञ्चालनमा रहेका एयरलाइन्स कम्पनीले विभिन्न देशका २८ गन्तव्यमा उडान सेवा दिँदै आएका छन् । दक्षिण एसियाका आठ, मध्यपूर्वका सात, दक्षिण-पूर्वी एसियाका चार, पूर्वी एसियाका आठ र युरोपको एउटा गन्तव्यमा नेपालबाट उडान हुँदै आएको प्राधिकरणले जनाएको छ ।

नेपाली आकाशमा विभिन्न कम्पनीले २८ हजार चार सय ७२ अन्तर्राष्ट्रिय उडान गरेका छन् । प्राधिकरणका अनुसार सन् २०२५ को ११ महिनामा (जनवरीदेखि नोभेम्बरसम्म) विमान कम्पनीहरूले १४ हजार दुई सय ३७ अन्तर्राष्ट्रिय उडान र १४ हजार दुई सय ३५ अवतरण गरेका हुन् । यी उडानबाट ४१ लाख ११ हजार नौ सय ८१ यात्रुले हवाई सेवा लिएका हुन् ।

नेपालमा हाल तीन अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा छन् । त्यसमध्ये सबैभन्दा बढी २८ हजार दुई सय ५१ अन्तर्राष्ट्रिय उडान-अवतरण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भएको हो । त्यस्तै, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट दुई सय २१ अन्तर्राष्ट्रिय उडान-अवतरण भएको प्राधिकरणको तथ्यांक छ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट कुनै पनि अन्तर्राष्ट्रिय उडान-अवतरण नभएको प्राधिकरणको प्रतिवेदनमा उल्लेख छ ।

■ ४२ देशससँग हवाई सेवा सम्झौता

हालसम्म नेपालले ४२ देशसँग अन्तर्राष्ट्रिय हवाई सेवा सम्झौता गरिसकेको छ । सबैभन्दा पहिला नेपालले सन् १९६४ मा भारतसँग हवाई सेवा सम्झौता गरेको थियो । थाइल्यान्डसँग १९७१ मा, बंगलादेशसँग सन् १९७६ मा, श्रीलंकासँग १०७७ मा, बेलायत र हङकङसँग १९८२ मा र चीनसँग सन् १९८७ मा हवाई सेवा सम्झौता भएको थियो । नेपालले पछिल्लोपटक सन् २०२४ मा स्विट्जरल्यान्डसँग र त्यसअघि सन् २०१९ मा अस्ट्रेलियासँग हवाई सेवा सम्झौता गरेको हो ।

फोरजी नेटवर्क सुधार गर्न एनसेलका २५० वटा नयाँ टावर विस्तार



काठमाडौं/ एनसेलले आफ्नो फोरजी नेटवर्कको पहुँच विस्तार र गुणस्तर सुधार गर्न सन् २०२५ मा देशभर दुई सय ५० वटा नयाँ टावर जडान गरी सञ्चालनमा ल्याएको छ। कम्पनीका अनुसार २२ सय टावरमा क्षमता अभिवृद्धि गरिएको छ। जसका कारण ग्राहकले अझ स्पष्ट सुनिने भ्वाइस सेवा र उच्च गतिको डेटा सेवाको फाइदा लिन सक्नेछन्।

विश्वसनीय कनेक्टिभिटीसहित आफ्ना सबैसँग सधैं सम्पर्कमा रहन फोरजी नेटवर्क सुदृढीकरण र सेवा विस्तार गरिएको बताइएको छ। सातै प्रदेशका विभिन्न स्थानीय तहमा नयाँ टावर स्थापना गरी सञ्चालनमा ल्याइएका छन् भने विषेश गरी मधेश, लुम्बिनी, कोशी र बागमती प्रदेशमा केन्द्रित हुँदै यो पहल अघि बढाइएको कम्पनीले जनाएको छ। कम्पनीले मधेश प्रदेशमा एक सयभन्दा बढी नयाँ टावर स्थापना गरेको छ। त्यसपछि लुम्बिनीमा ४० भन्दा बढी र कोशी प्रदेशमा ३५ भन्दा बढी टावर स्थापना भएका छन्। यसैगरी, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा पनि थप टावर स्थापना गरिएका छन्।

दुई सय ५० वटा टावरमध्ये एक सय ९७ वटा टावर पछिल्लो साढे दुई महिनामा स्थापना गरिएका हुन् भने स्टकमा रहेका तथा स्पेयर उपकरणको अधिकतम उपयोगमार्फत ५३ वटा नयाँ टावर सञ्चालनमा ल्याइएको कम्पनीले जानकारी दिएको छ। लामो समयसम्म रोकिएको सहजीकरण नेपाल दूरसञ्चार प्राधिकरणले सहज बनाएसँगै कम्पनीले नयाँ टावर स्थापनाको कामलाई तीव्र रूपमा अगाडि बढाएको थियो।

'देशभर थपिएका हाम्रा यी नयाँ टावर र क्षमता अभिवृद्धि गरिएका साइटले सम्बन्धित प्रदेशका स्थानीय तह र ठाउँमा ग्राहकलाई मोबाइल ब्रोडब्यान्ड र गुणस्तरीय भ्वाइस सेवाको पहुँच अझ व्यापक बनाएको छ। यसले फोरजी कनेक्टिभिटीको महत्त्वलाई अझ बढाएको छ,' एनसेलका चिफ कन्जुमर बिजनेस अफिसर उपंग दत्तले भने।

रिलायन्स स्पिनिङ मिल्सको आइपिओ बाँडफाँट

काठमाडौं/ रिलायन्स स्पिनिङ मिल्स लिमिटेडको प्राथमिक सेयर सार्वजनिक निष्कासन बाँडफाँट गरिएको छ। कम्पनीले ७ देखि ११ पुससम्म बिक्री खुलाएको आइपिओ शुक्रबार बाँडफाँट गरिएको हो।

कम्पनीले सर्वसाधारणका लागि कुल नौ लाख २४ हजार सात सय ६८ कित्ता सेयर निष्कासन गरेको थियो। यसका लागि पाँच लाख ३२ हजार आठ सय ८८ आवेदकबाट दुई करोड ७३ लाख १५ हजार एक सय कित्ताका लागि आवेदन परेको थियो।

कम्पनीको धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापिटलका अनुसार उक्त सेयर १८ हजार चार सय ९५ जनाले ५० कित्ताका दरले पाएका छन्। बुक बिल्डिङ विधिबाट बिक्रीमा ल्याइएको यो कम्पनीको सेयर मूल्य प्रतिकित्ता ८२०.८० रुपैयाँ र न्यूनतम आवेदन ५० कित्ता तोकिएको थियो।

'मुक्तिनाथ एग्री-फाइनान्स ३६०' कार्यक्रम



काठमाडौं/ मुक्तिनाथ विकास बैंकले 'मुक्तिनाथ एग्री-फाइनान्स ३६०' कार्यक्रम गरेको छ। बैंक २० औं वर्ष प्रवेशको अवसरमा कृषि क्षेत्रमा लगानी विस्तार, उत्पादकत्व वृद्धि र किसानको दिगोपना अभिवृद्धि गर्ने उद्देश्यले उक्त कार्यक्रम शुक्रबार सम्पन्न गरेको हो। बैंकको सञ्चालक समितिका अध्यक्ष खिमप्रकाश मल्लको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि कृषि तथा पशुपक्षी विकासमन्त्री डा. मदन परियार थिए। उनले सरकारका तर्फबाट कृषि क्षेत्रको विस्तार गर्न सबै सरोकारवालामा उत्प्रेरणात्मक वातावरण निर्माण हुनुपर्ने बताए। कृषि लगानी विस्तार तथा कर्जा गुणस्तर सुदृढ बनाउन क्रेडित ग्यारेन्टी, वित्तीय साक्षरता, कृषि बिमा, मूल्य शृंखलामा समन्वय, सहकारी तथा निजी क्षेत्रसँगको सहकार्यलाई प्राथमिकता दिने नीति र योजना बनाउन सकेमा मात्र कृषि क्षेत्रको ठोस विकास हुन सक्ने उनको भनाइ थियो। महिलामैत्री कृषिको विकास गरिनुपर्ने, कृषिलाई प्रविधिसँग जोडेर युवालक्षित स्वरोजगारीको व्यवस्था गर्नुपर्ने, साना किसानमा वित्तीय पहुँच अझै विस्तार गर्नुपर्नेमा जोड दिए।

कार्यक्रममा बैंकिङ विशेषज्ञ अजय श्रेष्ठले 'नेपालमा कृषि उद्यम लगानीको चुनौती र अवसर' विषयमा प्रस्तुति दिए। उनले कृषि ऋणमा उच्च जोखिम, कमजोर कर्जा गुणस्तर, उत्पादनशीलता र मूल्य शृंखलामा संरचनागत कमजोरीलाई प्रमुख चुनौतीका रूपमा औंल्याएका थिए। सोही कार्यक्रममा सामूहिक छलफल चलेको थियो। नेपाल राष्ट्र बैंक, नियमन विभागका कार्यकारी निर्देशक रामु पौडेल, कृषि विकास बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्द गुरुङ, नेपाल उद्योग वाणिज्य महासंघ, कृषि उद्यम केन्द्रका अध्यक्ष डिबी बस्नेत तथा कृषक तथा कृषि उद्यमी विमला आचार्य दहालसँग पूर्वबैंकर भुवन दाहालले संवाद गरेका थिए।

नेपाल लाइफको लाभांश पारित



काठमाडौं/ कम्पनी नेपाल लाइफ इन्स्योरेन्सको २६औं वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ। कम्पनीका सञ्चालक समितिका अध्यक्ष गोविन्दलाल संघईको अध्यक्षतामा भएको कार्यक्रम वीरगन्जमा गरिएको हो। यो सभाले गत आर्थिक वर्षको वितरणयोग्य मुनाफाबाट चुक्ता पुँजीको २१.०५ प्रतिशत लाभांश पारित गरिएको छ। जसमा १६.०५ प्रतिशत नगद लाभांश (लाभांशको करसहित) र पाँच प्रतिशत बोनस सेयर प्रदान रहेको छ।

सभाले आव ०८१/८२ को वार्षिक कार्यप्रगति प्रतिवेदनमाथि छलफल गरी पारित गरेको छ भने चालू आवका लागि लेखा परीक्षक पनि नियुक्त गरेको बताइएको छ। त्यस्तै, साधारणसभाले संस्थापक समूहअन्तर्गत गोविन्दलाल संघई, कमलेशकुमार अग्रवाल र विवेककुमार अग्रवाललाई निर्विरोध निर्वाचित गरेको छ। साधारणसभापछि शनिबार नै बसेको सञ्चालक समितिको बैठकले गोविन्दलाल संघईलाई सर्वसम्मतिबाट अध्यक्षका रूपमा चयनसमेत गरेको कम्पनीले जानकारी दिएको छ।

अध्यक्ष संघईले निरन्तर सहयोग, संरक्षकत्व र शुभेच्छा प्रदान गर्ने सबै सेयरधनी महानुभाव र कम्पनीका सम्पूर्ण बिमितलाई सञ्चालक समितिको तर्फबाट आभार प्रकट गरे। कम्पनीका सञ्चालक कमलेशकुमार अग्रवालले वर्तमान म्याक्रो इकोनोमिक परिस्थितिले गर्दा बिमा व्यवसायका आगामी दिन थप चुनौतीपूर्ण हुने हुँदा सम्पूर्ण सरोकारवालाले एक ढिक्का भएर कार्यसम्पादन गर्न आग्रह गरे। प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुलीले गत आवमा हासिल गरिएका व्यावसायिक उपलब्धि र भावी योजनाबारे प्रकाश पारे।

एसबिआई बैंकको नौ प्रतिशत लाभांश प्रस्ताव पारित



काठमाडौं/ नेपाल एसबिआई बैंक लिमिटेडले सेयरधनीलाई प्रदान गर्ने भनिएको नौ प्रतिशत लाभांश प्रस्ताव पारित भएको छ। बैंकको शुक्रबार सम्पन्न ३२औं वार्षिक साधारणसभाले लाभांश प्रस्ताव पारित गरेको हो। बैंकले आफ्ना सेयरधनीलाई गत आर्थिक वर्षको मुनाफबाट चार प्रतिशत बोनस सेयर र पाँच प्रतिशत नगद लाभांश (बोनस सेयर तथा नगद लाभांशमा लाग्ने करसहित) वितरणको प्रस्ताव गरेको थियो।

सभामा बैंकको गत आवका लागि सञ्चालक समितिको प्रतिवेदन एवं लेखा परीक्षकको प्रतिवेदनसहितको असार मसान्तसम्मको वासलात, नाफा-नोक्सान हिसाब र सोही अवधिको नगदप्रवाह विवरणलगायत वार्षिक आर्थिक विवरणसँग सम्बन्धित अनुसूचीसमेत पारित गरिएको छ। यसका साथै चालू आवका लागि लेखा परीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक पनि सभाले निर्धारण गरेको छ। उक्त सभाले बैंकको प्रबन्धपत्रको विभिन्न दफामा संशोधन गर्ने प्रस्तावसमेत पारित गरेको छ।

त्यस्तै, सर्वसाधारण सेयरधनी समूहका तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने अप्सरा ओझेतीलाई निर्विरोध निर्वाचित गरेको छ। साथै, सभाले उपयुक्त बैंक तथा वित्तीय संस्था गाभ्ने-गाभिनेलगायतका कार्य गर्नुपर्ने अवस्था आएमा सो कार्यका लागि सञ्चालक समितिलाई अख्तियारी पनि दिएको छ। बैंकले साधारणसभाकै अवसर पारी सबै प्रदेशमा ३२ भन्दा बढी सामाजिक उत्तरदायित्व कार्यक्रम सञ्चालन गरेको जनाएको छ।

ईशानको वार्षिक साधारणसभा



काठमाडौं/ ईशान बाल तथा महिला अस्पतालले ३०औं वार्षिक साधारणसभा गरेको छ। अस्पतालका कार्यकारी निर्देशक प्राडा रामनन्दनप्रसाद चौधरीले सभा सम्पन्न गर्न सहयोग गर्ने सबैलाई धन्यवाद दिए। ०५२ सालमा नेपालकै पहिलो गैरसरकारी बाल अस्पताल, ईशान बाल नर्सिङ होमबाट सुरु भएको थियो। हाल यसले धापासीमार्ग टोखा- ५ बाट अत्याधुनिक सेवा दिँदै आएको छ। अस्पतालका अनुसार अन्तर्राष्ट्रिय मापदण्डको बाल, महिला तथा वयस्कसम्बन्धी मल्टिस्पेसियालिटी तथा सुपरस्पेसियालिटी सेवा दिइरहेको चौधरीले सभामार्फत जानकारी गराए। अहिले अस्पतालले जेनेरल बालरोग, नवजात शिशु उपचार सेवा, शिशु तथा बाल शल्यक्रिया र बाल युरोलोजी सेवा दिँदै आएको छ।

सिटिजन लाइफको लाभांश पारित



काठमाडौं/ सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको नवौं वार्षिक साधारणसभा काठमाडौंमा सम्पन्न भएको छ। कम्पनीको सभाले हाल कायम चुक्ता पुँजी पाँच अर्बको २० प्रतिशत अर्थात् एक अर्ब रुपैयाँ नगद लाभांश (करसहित) पारित गरेको छ।

सभामा अध्यक्षको मन्तव्यसहित आर्थिक वर्ष ०८१/८२ को वार्षिक प्रतिवेदनमाथि विस्तृत छलफल गरी पारित गरिएको छ। साथै, लेखा परीक्षकको प्रतिवेदनसहित सो अवधिको वासलात, नाफा-नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरूसमेत स्वीकृत गरिएको छ।

त्यसैगरी, चालू आवका लागि लेखा परीक्षक नियुक्तसमेत गरिएको कम्पनीले जनाएको छ। साथै सञ्चालक समिति सदस्यहरूको सेवा-सुविधा, कम्पनीबाट गरिएको चन्दा तथा संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गतका खर्चसमेत अनुमोदन गरिएको बताइएको छ। कम्पनीले समयमै साधारणसभा सम्पन गरी लाभांश वितरणसमेत गरेर सेयरधनीप्रतिको पारदर्शिता र उत्तरदायित्वप्रति आफ्नो प्रतिबद्धता पुनः पुष्टि गरेको दाबी छ।

शाखा कार्यालय गाभिने तथा सेफ डिपोजिट लकर सुविधा स्थानान्तरण सम्बन्धी अत्यन्त जरुरी सूचना !!!

यस नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको तपसिलमा उल्लेखित एकै स्थानमा रहेका शाखा कार्यालय एक आपसमा गाभ्ने सम्बन्धमा स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक समक्ष पेश भई स्वीकृती समेत प्राप्त भईसकेको सम्बन्धमा मिति २०८२ माघ १८ गते तदनुसार 1 February 2026 देखि एक आपसमा गाभिई बैंकिङ्ग कारोवार तथा सेफ डिपोजिट लकर समेत गाभ्ने शाखा कार्यलयबाटनै संचालन हुने हुँदा हाम्रा समस्त ग्राहक महानुभावहरु लगायत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

उल्लेखित शाखा कार्यालयमा रहेको लकरमा ग्राहक महानुभावहरुले टुटफुट हुने सामानहरु राख्नु भएको भए मिति २०८२ माघ १५ गते तदनुसार 29 January 2026 भित्र लकर रहेको शाखामा बिहान १० बजे देखि दिउँसो ३ बजे भित्र सम्पर्क राखि सामानहरु सुरक्षित गर्नहुन अनुरोध गर्दछौं। अन्यथा लकर स्थानान्तरण गर्दा लकरमा भएका सामानहरुमा कुनै क्षति भएमा बैंक जिम्मेवार नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराउँदछौं। यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधा प्रति बैंक क्षमाप्रार्थी छ।

बन्द हुने/गाभिने शाखा कार्यलयहरुबाट कारोबार गरिरहनु भएका हाम्रा सम्पूर्ण ग्राहक महानुभावहरुले अब उप्रान्त गाभ्ने शाखा कार्यालयहरुबाट पूर्ववत रुपमा आफ्नो कारोबार सुचारु गर्न समेत हार्दिक अनुरोध गर्दछौं। यसबाट हाम्रा समस्त ग्राहकवर्ग, सेवाग्राही तथा सम्बन्धित सबैमा पर्न जाने असुविधाका लागि बैंक क्षमा प्रार्थी छ।

तपसिल

क्र.सं	प्रदेश	जिल्ला	बन्द हुने/गाभिने शाखाको साविक नाम/ठेगाना	गाभिए पश्चात बन्ने शाखाको नाम र ठेगाना	अन्दाजी दुरी "मिटर"
१	गण्डकी	कास्की	नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड, चिप्लेढुङ्गा - १९२ शाखा (पोखरा म.न.पा.-४, सावित्री भवन, कास्की)	नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड, पोखरा - ०११ शाखा (शिद्धार्थ चोक, पोखरा, कास्की)	२००

थप जानकारीको लागि बैंकको सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राख्नहुन अनुरोध गर्दछौं।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं: ३४१२
फोन नं.: ९७७-१-५३२८२२९, ५३४२५३०
इमेल : info@nimb.com.np
वेबसाइट : www.nimb.com.np

INVITATION FOR SEALED TENDER BIDS
(Second date of publication: 4th January 2026)

Description of works: NMB Bank Limited re-invites sealed tender bids from interested and eligible bidders for the Supply and Delivery of CrowdStrike Endpoint Protection (Antivirus) and Support for a period of three years.

The bidders can obtain the RFP document on submission of written application and upon payment of Non-Refundable deposit fee of NPR 2,000.00 (Nepalese Rupees Two Thousand only) in the account number 00901371300114 (Account Name: Bid Document Purchase Parking Account).

A. Sealed Tender Bids consist of Sealed Technical and Financial Proposals as described in the "RFP Document" as per the schedule given below:

S.N.	Activity	Date
A.	Submission of Sealed Tender Bids	The duly completed Bid/RFP Documents must be submitted to address below with Technical and Financial Proposals separately sealed and stamped properly on or before 5:00 PM **on 7th Days (i.e. 10th January 2026)** from the date of publication of this notice. Incase of public holiday, Bids can be submitted in next working day.

✓ The bidder must be a CrowdStrike Partner or an authorized vendor for selling CrowdStrike products in Nepal.

B. Bidders who have already submitted sealed tender bids in response to the first publication may either maintain their submission or revoke it by submitting a letter.

C. Eligible Bidders should submit all the documents outlined in the RFP document and failing to do so shall result in the rejection of the bid submitted by the bidder.

D. The Bank reserves the right to accept or reject any or all applications/bids wholly or partially without assigning any reason whatsoever.

E. Eligible Interested Bidders may contact below for any relevant inquires and clarifications:

Projects & Strategic Sourcing Department,
NMB Bank Limited,
6th Floor, Krishna Tower,
New Baneshwor, Kathmandu
Phone: 01-4217117 Ext-1578

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | FMO Entrepreneurial Development Bank The Netherlands | Member of: Global Alliance for Banking on Values

नेपाल सरकार
गृह मन्त्रालय
बाग्मती प्रदेश प्रहरी तालीम केन्द्र
दुधौली सिन्धुली

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८२/०५/२० (04 Jan2026)

यस कार्यालयबाट मिति २०८२/०८/१० गतेको राष्ट्रिय दैनिक नयाँ पत्रिकामा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन समितिद्वारा मूल्याङ्कन हुँदा तर्पासिल बमोजिमको निर्माण कार्यको लागि देहायमा उल्लेखित बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरीद ऐन २०६३ (पहिलो संशोधन)को दफा २७ (०१) अनुसारको कारवाही एवं दफा २७ (०२) को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना जारी गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

S. N.	IFB No:	Description of Work	Bidder's Name	Bid Price Rs. (With VAT and Provisional Sum)
01	NCB/BPPTC/ 2082-083/01	Maintenance Works of Multipurpose Hall at Bagmati Province Police Training Center Dudhauli, Sindhuli.	**Republic Construction Pvt.Ltd.** Kathmandu Metropolitan City-10, Kathmandu	18,34,956.25

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय हेटौंडा, मकवानपुरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८२/०९/२० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति : २०८२/०८/०४ गतेको कान्तिपुर राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्नु बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले **ईशाना सप्लायर्सको हकमा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८१/०६/०८ को कान्तिपुर राष्ट्रिय दैनिक तथा ईशाना सप्लायर्स र ईभा श्रेष्ठको हकमा मिति २०८१/११/०९ को नयाँ पत्रिका राष्ट्रिय दैनिक**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि बारे १५ दिने सूचना मिति २०८२/०८/०४ को कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मितिभित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्ने न्यूनतम गोप्य शिलबन्दी बोलपत्रहरु प्राप्त हुन नआएकोले पुनः दोश्रो पटक यो सूचना प्रकाशित गरि इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ। धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराइन्छ।

तपसिल

ऋणीको विवरण

१. मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ९ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, वाणिज्य विभाग, प्रदेश नं. ३ मा मिति २०७६/०८/१९ मा प्रा.फ.र.नं. २०६५/१०५६/०७६/०७७ स्थानिय व्यापार तथा आन्तरिक राजश्व कार्यालय, हेटौंडामा मिति २०७६/०८/१९ मा स्थायी लेखा नम्बर (PAN) ६१२५८७२८७ अन्तर्गत दर्ता कायम भएको **ईशाना सप्लायर्स**।

प्रोप्राईटर : सन्तु कर्माचार्य

ऋणी तथा ऋणी (१) को व्यक्तिगत जमानीकर्ताको विवरण	ऋणी (१) र (२) को व्यक्तिगत जमानीकर्ताको विवरण
२. बासुदेव नन्दन कर्माचार्यको बुहारी, सन्तु कर्माचार्यको पत्नी, मकवानपुर जिल्ला, सावित्र हेटौंडा गा.वि.स./न.पा. वडा नं. ३ स्थाई ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ९ बस्ने **ईभा श्रेष्ठ** (ना.प्र.नं. १८/२८४, जारी मिति २०५८/०२/३१, जि.प्र.का. मकवानपुर)।	बुद्धी नन्दन कर्माचार्यको नाति, बासुदेव नन्दन कर्माचार्यको छोरा, मकवानपुर जिल्ला, सावित्र हेटौंडा गा.वि.स./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ९ बस्ने **सन्तु कर्माचार्य** (ना.प्र.नं. २४/५४५, जारी मिति २०५७/०३/२५, जि.प्र.का. मकवानपुर)।

धितोको विवरण

१. ईशाना सप्लायर्सको स्वामित्वमा रहेको मालसमान तथा आय प्राप्ती (Goods and Assignments of Receivable) उपर हाइपोथिकेशन सुरक्षण।

२. **ऋणी १ को नाममा धितोबन्धकी कायम रही ऋणी २ को पक्षमा दोहोरो धितोबन्धकी कायम रहेको** ईभा श्रेष्ठ (ना.प्र.नं. १८/२८४, जारी मिति २०५८/०२/३१, जि.प्र.का. मकवानपुर) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मकवानपुर जिल्ला, सावित्र हेटौंडा गा.वि.स./न.पा. वडा नं. ९ हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ९ स्थित कि.नं. ४११ को क्षेत्रफल ०-०-११.५ (वि.क.धु.) बमोजिमको जग्गा एवं सो मा जडित सम्पूर्ण लिगलगापात समेत।

३. **ऋणी १ र २ को नाममा संयुक्त धितोबन्धकी कायम रहेको** ईभा श्रेष्ठ (ना.प्र.नं. १८/२८४, जारी मिति २०५८/०२/३१, जि.प्र.का. मकवानपुर) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मकवानपुर जिल्ला, सावित्र हेटौंडा गा.वि.स./न.पा. वडा नं. ९ हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ९ स्थित कि.नं. ९४७९ को क्षेत्रफल ०-०-१२ (वि.क.धु.) बमोजिमको जग्गा एवं सो मा जडित सम्पूर्ण लिगलगापात समेत।

शर्तहरु :

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।

२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/१०/०४ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय हेटौंडा, मकवानपुरमा बुझाई सक्नु पर्नेछ।

३. प्राप्त बोलपत्रहरु मिति २०८२/१०/०५ गते १४:०० बजे यस बैंकको शाखा कार्यालय हेटौंडा, मकवानपुरमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।

४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ।

५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।

६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी बापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९०००० मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।

७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माध्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी बापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।

८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।

९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी बापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिय कर्जा असुली विभाग तथा शाखा कार्यालय हेटौंडा, मकवानपुरमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।

१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

Siddhartha Bank
शाखा कार्यालय : हेटौंडा, मकवानपुर
फोन नं. ०५७-५२६७६७
Website : www.siddharthabank.com

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.नं. १७/०६९/०७०
आइतबार २० पुस ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

■ नवौं एनभिए भलिबल च्याम्पियनसिप

हेल्प नेपाल र न्यु डायमन्डलाई ट्रफी

पुरुषतर्फको उपाधि भिडन्तमा हेल्प नेपालले आर्मीलाई सिधा सेटमा निराश बनायो भने
महिलामा न्यु डायमन्डले नेपाल पुलिसमाथि ३-० को सहज जित हात पाऱ्यो





महिलातर्फको विजेता न्यु डायमन्ड (बायाँ), पुरुषतर्फ हेल्प नेपाल स्पोर्टस् क्लब । तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

हेल्प नेपाल स्पोर्टस् क्लब र न्यु डायमन्डले शनिबार नवौं एनभिए भलिबल च्याम्पियनसिपको उपाधि जितेका छन् । हेल्प नेपालले लगातार तेस्रोपटक पुरुषतर्फ ट्रफी हात पारेको हो । महिलातर्फ न्यु डायमन्डले चार वर्षपछि उपाधि जित्यो । हेल्प नेपालले तेस्रोपटक उपाधि रक्षा गर्ने क्रममा कुनै पनि सेटमा हारको सामना गर्नुपरेन ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा हेल्प नेपालले विभागीय टोली त्रिभुवन आर्मीमाथि ३-० को एकपक्षीय जित निकालेको हो । समग्रमा हेल्प नेपाल २५-२१,२५-२१ र २५-२१ ले विजयी भएको हो । संयोग कस्तो रह्यो भने पुरुषतर्फको उपाधि भिडन्तमा हेल्प नेपाल र आर्मी लगातार चौथोपटक प्रतिस्पर्धा गरेका हुन् । ०७८ मा आर्मीले हेल्प नेपाललाई निराश बनाएको थियो । त्यसपछिका तीनवटा फाइनलमा हेल्प नेपाल आर्मीमाथि हाबी हुँदै आइरहेको छ । आर्मीले चौथोपटकको फाइनलमा हेल्प नेपाललाई हराउने अपेक्षा थियो । तर, समूह चरणदेखि संगठित रूपमा प्रतिस्पर्धा गरेको हेल्प नेपालले आर्मीका खेलाडीलाई कुनै पनि सेटमा चल्न दिएनन् । यसअघि हेल्प नेपालले ०७९, ०८० र ०८२ मा उपाधि हात पारेको थियो ।

तीनवटै सेटमा चुनौती

आर्मीले सीधा सेटमा उपाधि गुमाए पनि हेल्प नेपाललाई चुनौती प्रस्तुत गरेको थियो । लोकबहादुर बुढाको प्रशिक्षणमा रहेको आर्मीबाट धनबहादुर भट्ट, हरिहजुर थापा, दुर्गाबहादुर खड्का, राजेन्द्र धामी, देवबहादुर राना, सूर्य विक र सुनील बोहराजस्ता खेलाडी थिए । हेल्प नेपालमा भने पाकिस्तानी खेलाडीको साथ पाएको थियो । उत्सव खड्काको प्रशिक्षणमा रहेको हेल्प नेपालमा मोहमद कासिफ नाभेद, मुबासर राजा तथा फखरजस्ता प्रभावशाली विदेशी खेलाडीले फाइनलमा उत्कृष्ट खेल प्रदर्शन गरे । हेल्प नेपालले तीनवटै सेटमा आर्मीबाट कडा चुनौती पाए पनि अनुभवी विदेशी खेलाडीको सहयोगमा उपाधि रक्षा गरेको हो । आर्मीले भने पटक-पटक गल्ती गर्दा सेटको अन्तिम समयमा महत्त्वपूर्ण अंक गुमाएको थियो । उनीहरूको हार कारण नै निर्णायक मोडमा अंक रक्षा गर्न नसक्नु नै थियो । आर्मीले अघिल्लो खेलमा पाकिस्तानी खेलाडीले भरिएको पश्चिम रुकुमलाई ३-२ को सेटमा पाखा लगाएको थियो । तर, लगातार खेल खेल्नुपर्दा आर्मीका खेलाडी फाइनलमा थकित देखिन्थे ।

पुरुषतर्फ विधागत उत्कृष्ट

सर्वोत्कृष्ट खेलाडी : फरख उद्दिन (हेल्प नेपाल)
उत्कृष्ट सर्भ : चिरञ्जीवी खड्का (हेल्प नेपाल)
उत्कृष्ट स्पाइकर : मुवासर राजा (हेल्प नेपाल)
उत्कृष्ट ब्लकर : दुर्गाबहादुर खड्का (त्रिभुवन आर्मी)
उत्कृष्ट सेटर : हरिहजुर थापा (त्रिभुवन आर्मी)
उत्कृष्ट लिबेरो : भीमबहादुर गाह (नेपाल पुलिस)
उत्कृष्ट प्रशिक्षक : उत्सव खड्का (हेल्प नेपाल)

महिलातर्फ विधागत उत्कृष्ट

सर्वोत्कृष्ट खेलाडी : प्रतिभा माली (न्यु डायमन्ड)
उत्कृष्ट सर्भर : सरस्वती कडेल (नेपाल पुलिस)
उत्कृष्ट स्पाइकर : निरुता ठगुन्ना (एपिएफ क्लब)
उत्कृष्ट ब्लकर : सुमित्रा रेग्मी (न्यु डायमन्ड)
उत्कृष्ट सेटर : प्रगति नाथ (न्यु डायमन्ड)
उत्कृष्ट लिबेरो : सलिना श्रेष्ठ (न्यु डायमन्ड)
उत्कृष्ट प्रशिक्षक : कुमार राई (न्यु डायमन्ड)

चार वर्षपछि न्यु डायमन्ड च्याम्पियन

अस्ट्रेलियाबाट टोलीमा आबद्ध भएपछि न्यु डायमन्ड यसपटक उत्कृष्ट लयमा देखिएको थियो । प्रतिभा एक वर्षपछि न्यु डायमन्डसँग जोडिएकी हुन् । समूह चरणदेखि उपाधि यात्रामा न्यु डायमन्डले एकपक्षीय जित निकाल्यो । अझ फाइनलमा न्यु डायमन्डले विभागीय टोली नेपाल पुलिस क्लबलाई २५-१८,२५-१९ र २५-१८ ले हराउँदै दोस्रोपटक उपाधि जित्यो । न्यु डायमन्डले चार वर्षपछि एनभिएको महिलातर्फ ट्रफी जितेको हो । न्यु डायमन्ड फाइनलसम्म एक सेट पनि गुमाउनुपरेन । ०७८ मा न्यु डायमन्डले विभागीय टोली एपिएफलाई हराएको थियो । अर्को वर्ष न्यु डायमन्डले उपाधि रक्षा गर्न सकेन ।

त्यसवेला पुलिस च्याम्पियन बनेको थियो ।
न्यु डायमन्डले पोखरामा भएको एनभिए भलिबल लिगको फाइनलमा पुलिससँग हारको सामना गरेको थियो । यसपटक न्यु डायमन्ड पुलिसविरुद्ध बदला पूरा गरेको छ । टिमवर्क, दरिलो आक्रामण तथा ब्लकमा उत्कृष्ट प्रदर्शन गरेपछि न्यु डायमन्ड महिलातर्फ अब्बल टोली देखियो । त्यही नै उपाधि भिडन्तमा पुलिसको प्रदर्शन खल्लो देखियो । निर्णायक क्षणमा पुलिसले अंक बटुल्न सकेन । न्यु डायमन्ड र पुलिसले लगातार चार खेल जित्दै अन्तिम दुई स्थान रक्षा गरेका थिए । पुलिसले समूह चरणमा एपिएफविरुद्ध ३-२ को सेटमा जित निकालेको थियो ।

पुलिस र एपिएफ तेस्रो

प्रतियोगितामा पुलिस पुरुषमा र एपिएफ महिलातर्फ तेस्रो भएका छन् । तीनजना विदेशी खेलाडीको साथ रहेको रुकुम पश्चिम ट्रेनिङ सेन्टरले तेस्रो स्थानमा भएको खेलमा पुलिसलाई कडा चुनौती दिएको थियो । तर, पुलिसले पश्चिम रुकुमलाई २५-२७,२३-२५,२६-२४,२५-२२ र १५-१० को पाँच सेटमा पाखा लगायो । पुलिसले पहिलो दुई सेट गुमाएको थियो । पश्चिम रुकुम लगभग तेस्रो स्थान रक्षा गर्ने सँघारमा थियो । पुलिसले तेस्रोदेखि पाँचौं सेटसम्म पुनरागमन गर्दै तेस्रो स्थान रक्षा गऱ्यो । महिलामा एपिएफले अर्को एकपक्षीय रूपमा २५-१३,२५-१७ र २५-१० ले निराश बनायो । प्रतियोगिताको पुरुष तथा महिलातर्फका विजेता टोलीले पाँच लाख रुपैयाँ पाएका छन् । उपविजेताले दुई लाख ५० हजार रुपैयाँ तथा तेस्रो टोलीले एक लाख २५ हजार रुपैयाँ हात पारे । एनभिए लिगबाट पुरुषतर्फ आठ र महिलातर्फ ६ टोली एनभिए लिगका लागि छनोट भएको नेपाल भलिबल संघले जनाएको छ ।

■ क्यानको वार्षिक क्यालेन्डर

तीनवटा टेस्ट राष्ट्रसँग सिरिज खेल्ने लक्ष्य

नयाँ पत्रिका

नेपाल क्रिकेट संघ (क्यान)ले सन् २०२६ को वार्षिक क्यालेन्डर सार्वजनिक गरेको छ । क्यानका सचिव पारस खड्काले वार्षिक गतिविधिका कार्यक्रम सार्वजनिक गर्दा पुरुषको सिनियर क्रिकेट टोलीलाई टेस्ट राष्ट्रसँग प्रतिस्पर्धा गराउने लक्ष्य राखेको बताए । 'नेपालले वर्षायाम सुरु हुनुअघि कम्तीमा तीनवटा टेस्ट राष्ट्रसँग सिरिज खेल्ने लक्ष्य बनाएको छ,' खड्काले भने, 'उनीहरूलाई नेपालमै बोलाउने वा अवेमा सिरिज खेल्ने भन्नेमा छलफल भइरहेको छ ।' आगामी फेब्रुअरीमा टी-२० पुरुष विश्वकप रहेकाले क्यानले पुरुषतर्फ कुनै पनि सिरिज समावेश गरेको छैन । महिला सिनियर टोलीले जनवरीमै पहिलोपटक आइसिसी टी-२० विश्वकप ग्लोबल छनोट खेल्दै छ । यो अवधिमा नेपालमा अन्य टोलीलाई बोलाएर शृंखला गर्ने कार्यक्रम नरहेको खड्काले बताए । गत वर्ष नेपालले टी-२० विश्वकप छनोट खेल्ने भएकाले क्यानले विश्वकपलाई केन्द्रित बनाएर वार्षिक क्यालेन्डर बनाएको उनले खड्काले बताए ।

यसपटक पुरुष टोलीले एकदिवसीय शृंखलामा प्राथमिकता पाउनेछ । नेपालको 'ए' टोलीले शृंखला खेल्नेछ । 'पुरुष 'ए' को विकासमा पनि विभिन्न योजना समावेश गरिएको छ,' उनले भने, 'घरेलु क्रिकेटमा गरेको लगानी व्यवस्थित गराउन र वर्षभरि खेलाडीलाई संलग्न गराउने लक्ष्य छ ।' क्यानले जुनदेखि अगस्टसम्म वर्षायामको समय पनि खेलाडीलाई व्यस्त बनाउने लक्ष्य राखेको छ । क्यानले यो समयमा अवे सिरिजमा केन्द्रित गरी क्यालेन्डर बनाएको छ । 'अगस्टमा एसिसी प्रिमियर कप प्रस्तावित गरेको छ । कुवेतसँग भएको सम्झौताअनुरूप द्विपक्षीय शृंखला हुनेछ,' क्यानका सचिव खड्काले भने । गत वर्ष पहिलोपटक सहभागिता जनाएको अस्ट्रेलियन टप एन्ड टी-२० सिरिजमा नेपाल यसपटक पनि सहभागी हुने उल्लेख गरिएको छ ।

महिलातर्फ थप शृंखला

क्यानले यस वर्ष महिला क्रिकेटका लागि विभिन्न शृंखला समावेश गरेको छ । टी-२० विश्वकपको ग्लोबल छनोटदेखि महिला यू-१९ टोलीलाई प्राथमिकतामा राखेको देखिन्छ । क्यानको वार्षिक क्यालेन्डरमा महिला क्रिकेटका लागि गत वर्षभन्दा बढी संख्यामा विभिन्न शृंखला समावेश गरिएका छन् । उमेर समूहदेखि नै एक्सपोजर पाउने हिसाबले खेल तथा शृंखला तय गरिएका छन् । यसैगरी, घरेलु प्रतियोगितामा पिएम कपको जिल्ला र प्रदेशअन्तर्गतका प्रतियोगिता जनवरीदेखि फेब्रुअरी महिनासम्म चल्नेछ । राष्ट्रिय प्रतियोगिता भने मार्चदेखि अप्रिलसम्म हुनेछ । तेस्रो नेपाल प्रिमियर लिग योपटक अक्टोबरमै हुनेछ ।

घरेलु क्रिकेट

जनवरी : पुरुष प्रधानमन्त्री कप जिल्ला (५ देखि २५ जनवरी), पुरुष प्रधानमन्त्री कप प्रदेश (२५ देखि १० फेब्रुअरी)
फेब्रुअरी : पुरुष पिएम कप, जय ट्रफी (१२-२२ फेब्रुअरी), राष्ट्रिय स्कुल च्याम्पियनसिप
मार्च : पुरुष पिएम कप राष्ट्रिय (२९ मार्च देखि २२ अप्रिल), राष्ट्रिय स्कुल च्याम्पियनसिप (प्रदेश), महिला पिएम एमकप
अप्रिल : पुरुष यू-१९ राष्ट्रिय क्रिकेट (जिल्ला र प्रदेश), महिला पिएम कप प्रदेश
मे : महिला पिएम कप राष्ट्रिय (२ देखि २० मे), राष्ट्रिय स्कुल च्याम्पियनसिप (प्रदेश), पुरुष यू-२० राष्ट्रिय क्रिकेट, क्यान युथ कप
जुन : क्यान लेभल १ कोचिङ कोर्स (सातै प्रदेश), राष्ट्रिय टी-२० च्याम्पियनसिप (१५देखि २५ जुन
जुलाई : क्यान लेभल २ कोचिङ कोर्स, पिच क्युरेटर कोर्स
अगस्ट : क्यान लेभल १ अम्पायरिङ कोर्स
सेप्टेम्बर : महिला यू-१९ राष्ट्रिय च्याम्पियनसिप
महिला लिग फर्म्याट, (सेप्टेम्बरदेखि अक्टोबरसम्म प्रस्तावित)
अक्टोबर : नेपाल प्रिमियर लिग (अक्टोबरदेखि नोभेम्बर), यू-१६ महिला राष्ट्रिय स्कुल च्याम्पियनसिप
नोभेम्बर : नेपाल प्रिमियर लिग (अक्टोबरदेखि नोभेम्बर)
डिसेम्बर : क्षेत्रीय क्रिकेट प्रतियोगिता

अन्तर्राष्ट्रियतर्फ

जनवरी : आइसिसी महिला टी-२० विश्वकप छनोट
फेब्रुअरी : आइसिसी टी-२० विश्वकप (भारत), महिला प्रिमियर कप (प्रस्ताव)
मार्च : नेपालमे पुरुष अन्तर्राष्ट्रिय सिरिज (प्रस्ताव), नेपालमा आइसिसी विश्वकप लिग २ (१० देखि २५ मार्च), भुटानमा यू-१९ महिला टोलीको भ्रमण
अप्रिल : नेपालको 'ए' टोलीको सिरिज (प्रस्ताव), महिला टोलीको सिरिज (कुवेतसँगको प्रस्ताव), यू-१९ महिला सिरिज (त्रिकोणात्मक प्रस्ताव)
मे : आइसिसी विश्वकप लिग २ (५ देखि १८ मे), त्रिकोणात्मक टी-२० सिरिज (प्रस्ताव), नेपाल 'ए' को सिरिज (प्रस्ताव), महिला अन्तर्राष्ट्रिय सिरिज (होम)
जुन : पुरुष टी-२० आई सिरिज (१-१५ जुन), आइसिसी टी-२० विश्वकप (इंग्ल्यान्ड), यू-१९ महिला टोलीको मलेसिया भ्रमण
जुलाई : आइसिसी विश्वकप लिग २ (१५ देखि ३० जुलाई), महिला एसिया कप, एसिसी पुरुष यू-१६ इसट जोन कप
अगस्ट : एसिसी प्रिमियर कप (प्रस्ताव), पुरुष सिरिज (कुवेतसँगको प्रस्ताव), अस्ट्रेलियामा टप एन्ड सिरिज (प्रस्ताव), एसिसी पुरुष यू-१९ प्रिमियर कप (प्रस्ताव)
सेप्टेम्बर : पुरुष सिरिज (अवे), युएईविरुद्ध महिला सिरिज
अक्टोबर : आइसिसी विश्वकप लिग २ ओमान, नेपाल प्रिमियर लिग (अक्टोबरदेखि नोभेम्बर)
नोभेम्बर : नेपाल प्रिमियर लिग
डिसेम्बर : पुरुष अन्तर्राष्ट्रिय सिरिज (होम एन्ड अवे), महिला अन्तर्राष्ट्रिय सिरिज (होम एन्ड अवे)

खेल संक्षेप

पावर तेक्वान्दोमा रक्षा र सुमित च्याम्पियन

काठमाडौं/ नेपाल पुलिस क्लबका सुमित विष्ट र नेपाल आर्मी क्लबकी रक्षा धिमाल दोस्रो पावर तेक्वान्दो च्याम्पियनसिपमा शनिबार च्याम्पियन भएका छन् । अल नेपाल स्पोर्टस् फाउन्डेसनको आयोजना भएको प्रतियोगितामा सुमित पुरुषमा र रक्षा महिलामा च्याम्पियन भएका हुन् । पुरुषतर्फको फाइनलमा सुमित विष्टले आर्मीकै अफताब आलमलाई पराजित गरे । महिलातर्फ रक्षा धिमालले उपाधि भिडन्तमा आर्मीकी गीता कठायतलाई हराइन् । प्रतियोगितामा पहिलो हुने खेलाडीले ५० हजार र उपविजेताले ३० हजार रुपैयाँ पाएका छन् । प्रतियोगितामा दुई तौल समूहमा आठ पुरुष र आठ महिला गरी १६ खेलाडीले प्रतिस्पर्धा गरेका थिए । विजेतालाई पूर्वउपप्रधानमन्त्री प्रकाशमान सिंहले पुरस्कृत गरे । खेलाडीको वृत्तिविकासमा योगदान पुऱ्याउन च्याम्पियनसिप आयोजना गरिएको आयोजक फाउन्डेसनका सचिव नोर्बु लामाले जानकारी दिए । पारा तेक्वान्दोका सर्वाधिक सफल प्रशिक्षक कविराज नेगी लामालाई आयोजक फाउन्डेसनले नगद १० हजारसहित सम्मान गरेको थियो ।

माछापोखरीलाई मानाभारा गोल्डकप

ताप्लेजुङ/ माछापोखरी हिटी क्लब चाँगेले पहिलो संस्करणको मानाभारा गोल्डकप फुटबल प्रतियोगिताको उपाधि उचालेको छ । फक्ताङलुङ गाउँपालिका २ मा शनिबार भएको फाइनलमा माछापोखरीले लालीगुराँस स्पोर्टिङ युवा क्लबलाई ३-० ले पराजित गरेको हो । फाइनल खेलमा सुरुदेखि नै दबाब सिर्जना गरेको माछापोखरीले विपक्षीलाई खेलमा फर्कने मौका नै दिएन । माछापोखरीले सेमिफाइनलमा बलियो टोली जनसेवा आदर्श स्पोर्टिङ क्लबलाई ७-१ को फराकिलो अन्तरले हराएको थियो । लालीगुराँसले दोस्रो सेमिफाइनलमा नवप्रयास युथ क्लब हाड्देवालाई ७-६ को रोमाञ्चक जित निकालेको थियो ।

गोदावरी र फारवेस्ट पशुपति विजयी

कैलाली/ धनगढी रंगशालामा चलिरहेको यू-१६ कैलाली जिल्लास्तरीय पुरुष फुटबल प्रतियोगितामा संघर्ष क्लब गोदावरी र फारवेस्ट पशुपति क्लब धनगढी विजयी भएका छन् । प्रतियोगिताको शनिबार भएको पहिलो खेलमा गोदावरीले भजनी क्लब भजनीलाई १२-१ गोल अन्तरले पराजित गऱ्यो । गोदावरीले पहिलो हाफमा ४ र दोस्रो हाफमा थप आठ गोल गऱ्यो । रोहित आउजीले ह्याट्रिकसहित पाँच गोल गरे । गोदावरीका राजेश नेपालीले पनि ह्याट्रिक गरे । दोस्रो खेलमा धनगढीको फारवेस्टले बर्दगोरिया स्पोर्टस् एन्ड इभेन्टसलाई २-० ले पाखा लगायो । फारवेस्ट पशुपतिले दुवै गोल पहिलो हाफमै गरेको थियो ।

मैत्रीपूर्ण क्रिकेटमा आर्मी र रुपन्देही भिड्ने

रुपन्देही/ रुपन्देही क्रिकेट संघको आयोजनामा भैरहवामा आइतबारदेखि पवनकुमार सेठिया स्मृति मैत्रीपूर्ण क्रिकेट प्रतियोगिता हुँदै छ । प्रतियोगितामा त्रिभुवन आर्मी क्लब 'ए' र रुपन्देही-११ टोलीबिच प्रतिस्पर्धा हुने आयोजकले शनिबार जानकारी दिएको छ । आयोजकका अनुसार प्रतियोगिता अवधीभर ९० ओभरका एउटा, एकदिवसीय तीनवटा र टी-२० तीनवटा खेल हुनेछन् । पहिलोपटक घरेलु क्रिकेटमा दुई टोलीबिच यस किसिमको फर्म्यटमा क्रिकेट हुन लागेको हो । प्रतियोगिता संयोजक प्रथम पराजुलीलले मैत्रीपूर्ण खेलमा १ माघसम्म चल्ने बताए । भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा हुने प्रतियोगिताले क्रिकेटको विकासमा कोसेदुंगा साबित हुने संघका अध्यक्ष हरिबहादुर थापाले बताए । त्रिभुवन आर्मीका कप्तान जितेन्द्रसिंह ठकुरी र रुपन्देहीका कप्तान देव खनालले प्रतियोगिताले आफूहरूका लागि निकै राम्रो अवसर भएको जनाए । म्यान अफ दी सिरिजले पाँच हजार र प्रत्येक खेलको म्यान अफ दी म्याचले दुई हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

■ प्रिमियर लिगको दोस्रो स्थानमा एस्टोन भिल्ला

एजेन्सी/ एस्टोन भिल्ला इंग्लिस प्रिमियर लिगको दोस्रो स्थानमा उक्लिएको छ । एस्टोन भिल्लाले शनिबार नटिंघम फोरेस्टलाई ३-१ ले हराउँदै दोस्रो स्थान हात पारेको हो । एस्टोन भिल्लाको जितमा बाली वाक्टिनले अग्रता गोल गरेका थिए । त्यसपछि जोन म्यागिनले दुई गोल गरे । प्रिमियर लिगमा एस्टोन भिल्ला ३७ वर्षपछि दोस्रो स्थानमा पुगेको हो । पराजित फोरेस्ट लिगको १७औं स्थानमा रह्यो । एस्टोन भिल्लाले २० खेलमा १३ जित निकाली ४२ अंक जोडेको छ । एक खेल कम खेलेको आर्सनल ४५ अंकका साथ शीर्ष स्थानमा छ । तेस्रो स्थानमा रहेको म्यानचेस्टर सिटीले १९ खेलबाट ४१ अंक जोडेको छ । साबिक विजेता लिभरपुल ३३ अंकका साथ चौथो स्थानमा छ ।



साबिक विजेता एपिएफ फाइनलमा

कास्कीमा रोहितराज पराजुली

साबिक विजेता नेपाल एपिएफ क्लब ३३औं त्रिवेणी कप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । लमजुङको बेँसीसहरस्थित त्रिवेणी रंगशालामा शनिबार भएको पहिलो सेमिफाइनलमा एपिएफले लमजुङको मर्स्याङ्दी युवा क्लबलाई टाइब्रेकरमा ४-३ ले हराउँदै अन्तिम दुईमा स्थान बनाएको हो । उपाधि भिडन्तमा अब एपिएफले सहिद 'ए' डिभिजन लिग च्याम्पियन ब्वाइज युनाइटेड र लाङ्दीदेवी युवा क्लब नाल्माबिचको विजेताविरुद्ध सोमबार प्रतिस्पर्धा गर्ने छ । एपिएफ र मर्स्याङ्दीबिच ९० मिनेटको खेलमा १-१ गोल भएका थिए । त्यसपछि खेलको निर्णय टाइब्रेकरबाट भयो । टाइब्रेकरमा एपिएफका लागि अनिश घर्ती, सन्तोष खत्री, युवराज खड्का र विश्वास उदासले गोल गरे ।

एपिएफका दीपेश धिमाल र महेश लामाले गोल गर्न सकेनन् । मर्स्याङ्दीका अरोन थापा, विलियम एलेन र निम्मा मगरले गोल गर्दा पोषण थापा, अभिषेक महतो र अविनाश स्याङ्तानले गोल गर्न चुकेका थिए । खेलको ४१औं मिनेटमा मर्स्याङ्दीले अग्रता लिएको थियो । ओलाबले अफिजको मर्स्याङ्दीलाई १-० को अग्रता दिलाएका थिए । मर्स्याङ्दीले अग्रता जोगाउन नसक्दा खेलको अन्तिम इन्जुरी समयको सातौं मिनेटमा १-१ को बराबरीमा रोकियो । एपिएफका मानबहादुर रानाले बराबरी गोल फर्काउँदा प्रतिस्पर्धा टाइब्रेकरमा धकेलिएको थियो ।

खेलको ८८औं मिनेटमा मणिकुमार लामाले रातो कार्ड पाएपछि एपिएफ १० खेलाडीमा सीमित भयो । प्रतियोगितामा १६ टोली सहभागि रहेका आयोजक क्लबका अध्यक्ष टेकजंग गुरुङले जानकारी दिए । विजेताले १२ लाख र उपविजेताले ६ लाख रुपैयाँ जित्नेछन् । सर्वोत्कृष्ट खेलाडी, सर्वाधिक गोलकर्ता र उत्कृष्ट गोलरक्षकले जनही २५ हजार रुपैयाँ हात पार्नेछन् ।

अवार्ड जित्नेमा गण्डकीका खेलाडी अगाडि

२२ संस्करण सकिँदा गण्डकीका खेलाडीले १३ पटक अवार्ड जितेका छन्



नयाँ पत्रिका

पोखरा सहरले पहिलोपटक एनएसजेएफ पल्सर स्पोर्टस् अवार्ड आयोजना गर्दै छ । आयोजक नेपाल खेलकुद पत्रकार मञ्चले पहिलोपटक अवार्ड मोसफलमा गर्न लागेको हो । २२औं संस्करणको अवार्डमा गण्डकी प्रदेशमा हुँदा यसको अर्थ निकै रहन्छ । अहिलेसम्म २३ पटकको अवार्डमा गण्डकीका खेलाडीले कतिपटक अवार्ड जिते भन्ने प्रश्न उठन सक्छ । पल्सर अवार्ड धेरैपटक जित्नेमा गण्डकीका खेलाडी निकै अगा डि छन् । विभिन्न अवसरमा गरी गण्डकीले १३ पटक अवार्ड हात पारेको रेकर्ड भेटिन्छ ।

नेपाली खेलकुदका लागि गण्डकीले राम्रा खेलाडी जन्माइरहेको स्थितिमा यो क्षेत्रले धेरै अवार्ड जित्नु स्वाभाविक हो । भलिबलकी अरुणा शाही र फुटबलकी सावित्रा भण्डारीले गण्डकीबाट धेरैपटक उपाधि हात पारेका छन् । उनीहरूले समान दुईपटक यो अवार्ड जितेका छन् ।

'दुवै अवसरमा यो अवार्डले मलाई अझ राम्रो खेलाडी बन्न प्रेरित गरेको छ,' अरुणाले भनिन् । अरुणाले पहिलोपटक ०७६ सालमा पिपुल्स च्वाइस अवार्ड जितेकी थिइन् । उनले त्यसपछि ०७८ मा वर्षकै उत्कृष्ट महिला खेलाडीको अवार्ड हात पारिन् । सावित्राले ०७५ मा वर्षकी उत्कृष्ट महिला खेलाडी बनिन् । वर्ष ०७७ मा उनी उत्कृष्ट महिला खेलाडी रहिन् । त्यतिवेला सावित्राले अवार्ड जितेपछि राम्रो खेल्न प्रेरणा मिलेको बताएकी थिइन् । पिपुल्स च्वाइस अवार्डमा एकप्रकारले गण्डकीका खेलाडीको बाहुल्य छ । पिपुल्स च्वाइस अवार्ड जित्ने पहिलो खेलाडी नै पोखराकी मञ्जु गुरुङ थिइन् । ०६६ को संस्करणमा उनले यस विधाको अवार्ड हात पारेकी थिइन् ।

०६८ मा भलिबलकै सिपोरा गुरुङले यो अवार्ड जितिन् । उसुकी झरना गुरुङले वर्ष ०६९ मा यो क्रमलाई अगाडि बढाइन् । भलिबलकै अरुणा यो विधामा सफल हुँदै आइरहेकी छिन् । पछिल्लोपटक भलिबलकै उषा भण्डारीले यो अवार्ड जितिन् । गण्डकीका पाँच खेलाडीले पिपुल्स च्वाइस अवार्ड जितेका छन् । संयोगले सबै महिला नै उपाधि जितेका थिए । पाँचमध्ये चार अवसरमा भलिबलका खेलाडी विजयी रहे । भारोत्तोलनकी तारा पुनले वर्ष ०६८ मा महिलातर्फको उत्कृष्ट खेलाडी अवार्ड जितिन् ।



पिपुल्स च्वाइसमा पोखरा बलियो

पिपुल्स च्वाइस अवार्डमा ब्याडमिन्टनकी शोभा गौचन ०७४ सालमा उत्कृष्ट रहिन् । उत्कृष्ट महिला खेलाडीको पुरस्कार पाँच अवसरमा गण्डकीका खेलाडीले जितेका छन् । पुरुषतर्फ गण्डकीका एकै खेलाडी युकेश गुरुङ रहेका छन् । प्यारागलाइडिङका यी खेलाडीले वर्ष ०७५ मा पाएका थिए ।

सोही वर्ष उनका प्रशिक्षक योगेश भट्टराई उत्कृष्ट प्रशिक्षक घोषित भएका थिए । सो वर्ष प्यारागलाइडिङ टोलीले इन्डोनेसियामा भएको एसियन खेलकुदमा नेपाललाई रजत पदक दिलाएको थियो । वर्ष ०७४ मा क्रिकेटका करण केसीले स्पेसल अवार्ड पाएका थिए ।

यो विधामा अन्य दुईले पनि गण्डकीको प्रतिनिधित्व गर्दै अवार्ड जितेका छन् । सहारा क्लबले ०६४ साल र ०७९ मा फोटो पत्रकार सुदर्शन रञ्जितले विशेष पुरस्कार हात पारेका थिए । यसपटक पनि गण्डकीका खेलाडीहरूले अवार्डका विभिन्न विधामा दावेदारी प्रस्तुत गर्नेछन् ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com